नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली

Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)

Nepal Food Security Monitoring System

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

## स्रोत पुस्तिका

नेपाल सरकार

**कृषि विकास मन्त्रालय**

सिंहदरवार, काठमाडौं, नेपाल

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

## स्रोत पुस्तिका

नेपाल सरकार
**कृषि विकास मन्त्रालय**
सिंहदरवार, काठमाडौं, नेपाल

**नेपाल सरकार, राष्ट्रिय योजना आयोग, कृषि विकास मन्त्रालय तथा संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम (सन् २०१६ जुन) खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण : श्रोत पुस्तिका, काठमाडौं, नेपाल ।**

**प्रकाशक** : नेपाल सरकार, राष्ट्रिय योजना आयोग, कृषि विकास मन्त्रालय र संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम ।

**सर्वाधिकार** © : सर्वाधिकार सुरक्षित गरिएको छ । यस पुस्तिकामा प्रकाशित सामग्रीहरू साभार गरी कुनै भाग वा पूर्णरूपमा गैरव्यापारिक तथा शैक्षिक प्रयोजनको लागि स्रोत उल्लेख गरी प्रयोग गर्न प्रकाशक संस्थाहरूले स्वीकृति प्रदान गरेको छ । तर व्यापारिक प्रयोजन वा मुनाफाको लागि प्रकाशकको स्वीकृति विना यस पुस्तिकाको कुनै पनि भाग कुनै पनि रूपमा पुनः प्रकाशन वा प्रयोग गर्न पाइने छैन ।

**सुझाव तथा थप जानकारीका लागि** :

- ईश्वर रिजाल iprijal61@gmail.com
- लेखनाथ आचार्य lekhnacharya@yahoo.com
- दिनेश भट्टराई bhattarai_007@yahoo.com
- महेश खरेल mkharel@npc.gov.np
- ज्योत्सना श्रेष्ठ jyotsnastha@yahoo.com
- कर्ट बुर्जा kurt.burja@wfp.org
- पुष्प श्रेष्ठ pushpa.shrestha@wfp.org
- चन्द्र बहादुर थापा chandra.thapa@wfp.org
- दामोदर कणेल damodar.kanel@wfp.org
- सुनिता राउत sunita.raut@wfp.org

**डिजाइन तथा मुद्रण** : **wps**, tel: +977-1-5550289, email: wpsnepal@gmail.com

ISBN : 978-9937-8803-5-0

यो पुस्तिका युरोपियन युनियन, संयुक्त अधिराज्य बेलायत सहयोग नियोग (UK aid) तथा संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा प्रकाशित गरिएको हो । यस पुस्तिकामा समावेश गरिएका विधि तथा औजारहरू पहिलो चरणमा तीन जिल्लाहरू (कालीकोट, मकवानपुर र बारा) मा स्थलगत परिक्षण र दोश्रो चरणमा थप दश जिल्ला (बाजुरा, डडेलधुरा, जुम्ला, दैलेख, कञ्चनपुर, तनहुँ, धादिङ, पर्सा, खोटाङ र धनकुटा) मा नमुना परिक्षण गरिएको थियो । सो क्रममा सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला विकास समितिका कार्यालयहरू र जिल्ला कृषि विकास कार्यालयहरूका साथै जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्य संस्थाहरूको सक्रिय सहयोग र सहभागिता रहेको थियो । यस पुस्तिकालाई प्रकाशन योग्य बनाउने कार्यमा प्रमुख भुमिका निर्वाह गर्ने चन्द्रबहादुर थापा र योगदान गर्ने सिमोन होलेमा, कर्ट बुर्जा, पुष्प श्रेष्ठ, हेमराज रेग्मी, दिनेश भट्टराई तथा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिमका प्रमुख प्रशिक्षकहरू धन्यवादका पात्र हुनुहुन्छ । यसैगरी पुस्तिकाको प्रकाशन कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण संघसंस्था र व्यक्तिहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

WFP

EUROPEAN UNION

UKaid
from the British people

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं, नेपाल

कार्यालय: ४२११५८०
टेलिग्राम: "योजना"
फ्याक्स: ९७७-१-४२११७००
वेबसाइट: www.npc.gov.np
ईमेल: vijaybkunwar@gmail.com
vkunwar@npc.gov.np

विजय बहादुर कुँवर
सदस्य

पत्र संख्या :-

मिति: २०७३/४/२

# मन्तव्य

खाद्य सुरक्षा नेपाल सरकारको प्राथमिकतामा रहेको विषय हो । यस तथ्यलाई नेपालको संविधानमा खाद्य सम्प्रभुताको व्यवस्था हुनुले प्रष्ट पारेको छ । खाद्य असुरक्षाको समस्या एक बहुआयामिक मुद्दा भएकाले समाधानका प्रयासमा पनि बहुपक्षीय संलग्नता आवश्यक छ । यसका साथै हाम्रा प्रयासहरू तथ्यमा आधारित हुनसके मात्र आशातित प्रतिफल प्राप्त गर्न सकिन्छ । नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली जिल्ला खाद्य सुरक्षा सञ्जालले चौमासिक रूपमा अनुगमन गरी खाद्य सुरक्षाको अवस्थाबारेको जानकारीहरू उपलब्ध गराउँदछ । यी तथ्यहरूमा आधारित खाद्य सुरक्षा योजना निर्माण गरी जिल्लाको सहभागिमूलक वार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन गर्दै कार्यान्वयनमा जान सके खाद्य सुरक्षाका अवस्थामा सुधार ल्याउन सकिन्छ । यस तथ्यलाई हृदयङ्गम गरी खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधि तयार गरिएको छ । यस विधिको अवधारणा विकासको समयदेखि हालको परिष्कृत चरणसम्म पुऱ्याउन नेपाल सरकारका विभिन्न मन्त्रालय, विभागका साथै सरकारी तथा गैर सरकारी संस्था र विकास साझेदारहरूको अमुल्य सुझावहरूको महत्वपूर्ण योगदान रहेको छ ।

खाद्य सुरक्षाका कार्यक्रमहरू जिल्लाको सहभागिमूलक वार्षिक जिल्ला तथा गाउँ विकास योजना तर्जुमा प्रक्रियामा संयोजन गर्दै कार्यान्वयन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वय तथा सहजीकरणमा जिल्ला विकास समितिहरूबाट गरिएको पहलकदमी अति नै सराहनीय छ । त्यसैगरी जिल्ला कृषि विकास कार्यालयहरू जसले जिल्ला खाद्य सुरक्षा सञ्जालको सचिवालयको जिम्मेवारी पनि वहन गरिरहेका छन्, जिल्लाका सरोकारवालाको बहुपक्षीय संलग्नतामा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण गरी योजना निर्माण कार्यमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । यसै क्रममा संस्थागत क्षमता सबलीकरण तथा खाद्य सुरक्षाका तात्कालिन तथा दीर्घकालिन उद्देश्य प्राप्त गर्न तयार यस खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण श्रोत पुस्तिका र तालिम निर्देशिकाले सहयोग पुऱ्याउने विश्वास लिएका छौं ।

यो श्रोत पुस्तिका र तालिम निर्देशिका तयार गरी प्रकाशन गर्न मद्दत गर्ने सम्बन्धित कर्मचारी, सरोकारवाला संस्थाहरू तथा सहयोगी संस्था संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम (World Food Programme), युरोपियन युनियन (European Union) तथा संयुक्त अधिराज्य बेलायत सहयोग नियोग (UK aid) लाई धन्यवाद छ ।

सदस्य
राष्ट्रिय योजना आयोग

# भूमिका

खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रक्रिया सहजीकरणका लागि यो पुस्तिका प्रकाशन गर्न पाउँदा नेपाल सरकार कृषि विकास मन्त्रालय तथा संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम खुसी व्यक्त गर्दछौं । खाद्य सुरक्षाको अवस्था सुधार गर्न योगदान पुऱ्याउनका लागि विगत देखिका प्रयासहरू निरन्तर रूपमा सञ्चालित भएपनि देशमा विद्यमान खाद्य सुरक्षाको अवस्था अझै सन्तोषजनक छैन । यस अर्थमा हाम्रा यी प्रयासहरू अझ सशक्त रूपमा अघि बढनु पर्ने आवश्यकता छ । खाद्य सुरक्षाका कार्यक्रमहरू तथ्यमा आधारित योजना निर्माण तथा कार्यान्वयन हुन सके तिनको प्रभावकारिता उच्च हुने कुरा निर्विवाद छ । यस तथ्यलाई मध्यनजर गरी यो खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधि तयार गरिएको हो । यो विधिले नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली जिल्ला खाद्य सुरक्षा सञ्जालले चौमासिक रूपमा खाद्य सुरक्षा अनुगमनबाट प्राप्त तथ्यहरू र अन्य अनुगमन तथा अध्ययनबाट प्राप्त तथ्यमा आधारित खाद्य सुरक्षाका योजना निर्माण गर्ने महत्वपूर्ण कार्यका लागि सहयोग गर्दछ । यस प्रक्रियाबाट निर्मित योजना तथा नीति जिल्लाको सहभागिमूलक वार्षिक योजना तर्जुमा प्रक्रियामा समायोजन गर्दै कार्यान्वयन गर्ने परिपाटीलाई क्रमशः संस्थागत गर्दै लाने प्रयास भई रहेको छ । यसका लागि कृषि विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय लगायतको समन्वय र खाद्य सुरक्षाका क्षेत्रमा कृयाशील विकास निकाय तथा साझेदारको सहकार्य तथा राष्ट्रिय योजना आयोगको मार्गदर्शन तथा सहजीकरणको पहलकदमी उदाहरणीय रहेको छ ।

खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माणका लागि सान्दर्भिक सूचनाहरू सम्पादन तथा विश्लेषण गर्न प्रस्तावित विभिन्न सामाग्री र विधिहरूको उपयोगिताको सन्दर्भमा सिकाइ र असल अभ्यासहरू सम्पादन गर्ने उद्देश्यले तालिमको मस्यौदा निर्देशिकालाई पहिलो चरणमा तीन जिल्लाहरू (कालीकोट, मकवानपुर र वारा) मा स्थलगत परिक्षण र दोश्रो चरणमा थप दश जिल्ला (वाजुरा, डडेलधुरा, जुम्ला, दैलेख, कञ्चनपुर, तनहुं, धादिङ, पर्सा, खोटाङ र धनकुटा) मा नमुना परिक्षण गरिएको थियो । यो निर्देशिकामा उक्त स्थलगत परिक्षणहरूबाट प्राप्त अनुभव तथा सिकाइहरूलाई समेत समावेश गरिएको छ ।

खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण गर्न सरोकारवालाको क्षमता सबलीकरणका लागि यो सन्दर्भ पुस्तिका र तालिम निर्देशिका तयार गरिएको छ । यी प्रकाशनले खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तथा योजना निर्माण गरी जिल्लाको खाद्य सुरक्षाको अवस्था सबल तुल्याउन योगदान गर्नेछ भन्ने आशा लिएका छौं । खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको मस्यौदा निर्माण, नमुना परिक्षणका साथै यो सन्दर्भ पुस्तिका तथा तालिम निर्देशिका तयार गर्ने कार्यमाअमुल्य सुझाव तथा सहयोग दिई योगदान पुऱ्याउनु हुने सम्बन्धित सबैमा हार्दिक धन्यबाद दिन चाहन्छौं ।

**उत्तम कुमार भट्टराई**
सचिव
कृषि विकास मन्त्रालय

**पिप्पा ब्राडफोर्ड**
राष्ट्रिय प्रतिनिधि
विश्व खाद्य कार्यक्रम

# विषयसूची


मन्तव्य घ

भूमिका छ

केही मुख्य शब्दावली र तिनको अङ्ग्रेजी रूपान्तरण ञ

सन्दर्भ सत्र १ : परिचय र तालिमको उद्देश्य १

- तालिमको उद्देश्य १
- तालिमको विषयवस्तु १

सन्दर्भ सत्र २ : खाद्य सुरक्षाको नीति, कार्यक्रम तथा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) ३

- खाद्य सुरक्षाको अवधारणा ३
- नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली ७
- खाद्य सुरक्षा विश्लेषणका मुख्य औजारहरू १०
- खाद्य सुरक्षाका सूचकहरूको विवरण १२

सन्दर्भ सत्र ३ : खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण १६

- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको परिभाषा १६
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको महत्व १७
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको रूपरेखा र चरणहरू १७
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका प्रकारहरू १९

सन्दर्भ सत्र ४ : खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको पृष्ठभूमि २१

सन्दर्भ सत्र ५ : खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण (जीविकोपार्जन क्षेत्र निर्धारण) २४

- जीविकोपार्जनको परिभाषा २४
- जीविकोपार्जन क्षेत्र निर्धारणको प्रक्रिया २५

सन्दर्भ सत्र ६ : खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण (समस्या विश्लेषण) २६

- जिल्लाको समग्र खाद्य सुरक्षा अवस्था २६
- समस्या वृक्ष विश्लेषण २७

सन्दर्भ सत्र ७ : खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण : अवस्था विश्लेषण (श्रोत र अवसरको विश्लेषण) ३२

- SWOT (सबल पक्ष, कमजोरी पक्ष, अवसर र चुनौती) ३२

सन्दर्भ सत्र ८ : खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण (सरोकावारलाहरुको नक्साङ्कन) ३५
सरोकारवाला ३५
सरोकारवाला विश्लेषण/नक्साङ्कनको अभिप्राय ३५

सन्दर्भ सत्र ९ : खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः प्रतिकार्यका विकल्प पहिचान (उद्देश्य वृक्ष विश्लेषण) ३७
उद्देश्य वृक्ष विश्लेषण ३७
उद्देश्य वृक्ष विश्लेषणका चरणहरु ३८

सन्दर्भ सत्र १० : खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः प्रतिकार्यका विकल्प पहिचान (प्रतिकार्यका विकल्पहरुको पहिचान) ४०
प्रतिकार्य विकल्पहरूको सूची (सन्दर्भको लागि मात्र) ४०

सन्दर्भ सत्र ११ : खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः प्रतिकार्य योजना तर्जुमा (सम्भाव्यता विश्लेषण) ४३
प्रतिकार्य/क्रियाकलाप प्राथमिकिकरणका आधारहरु ४३

सन्दर्भ सत्र १२ : खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः खाद्य सुरक्षा प्रतिकार्य योजना ४५
खाद्य सुरक्षा प्रतिकार्य योजना ४५
खाद्य सुरक्षा प्रतिकार्य योजनाको विषयसूची ४६

सन्दर्भ सत्र १३ : खाद्य सुरक्षा प्रतिकार्य योजनालाई वार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन ४९
सहभागीमूलक योजना तर्जुमा प्रक्रिया ४९
खाद्य सुरक्षा प्रतिकार्य योजनालाई योजना तर्जुमा प्रक्रियामा संयोजन ५१

सन्दर्भ सत्र १४ : खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयन ५३

सन्दर्भ सत्र १५ : अनुगमन तथा मुल्याङ्कन ५५
अनुगमन ५५
मुल्याङ्कन ५५

सन्दर्भ सत्र १६ : तालिमको समापन ६५
तालिमको मुल्याङ्कन ६५
तालिमको समापन ६५

अनुसूचीः १ तालिम मुल्याङ्कन फाराम ६६

अनुसूचीः २ सन्दर्भ सूची ६७

# संक्षिप्त रुप

| | |
|---|---|
| ADS | Agriculture Development Strategy |
| DFTQC | Department of Food Technology and Quality Control |
| DOHS | Department of Health Services |
| FAO | Food and Agriculture Organization |
| GHI | Global Hunger Index |
| GON | Government of Nepal |
| IFAD | International Fund for Agricultural Development |
| IPC | Integrated Food Security Phase Classification |
| KISAN | Knowledge-based Integrated Sustainable Agriculture and Nutrition Project |
| MOAD | Ministry of Agricultural Development |
| MOF | Ministry of Finance |
| MOFALD | Ministry of Federal Affairs and Local Development |
| MOH | Ministry of Health |
| MSNP | Multi-sectoral Nutrition Programme |
| NAFSP | Nepal Agriculture and Food Security Project |
| NDHS | Nepal Demographic and Health Survey |
| NeKSAP | Nepal Khadhya Surakshya Anugaman Pranali<br>(Nepal Food Security Monitoring System) |
| NPC | National Planning Commission |
| NTFP | Non-timber Forest Products |
| SWOT | Strengths, Weaknesses, Opportunities and Threats |
| UNDP | United Nations Development Programme |
| WB | World Bank |
| WFP | World Food Programme |

१

सन्दर्भ : सत्र

# परिचय र तालिमको उद्देश्य

## *तालिमको उद्देश्य*

यस तालिमको समग्र उद्देश्य जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्य तथा अन्य सरोकारवालाहरूको खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण (Food Security Response Analysis) का विधि तथा प्रक्रियाको प्रयोगबारे व्यवहारिक सिप र दक्षता अभिबृद्धि गरी जिल्लाको खाद्य सुरक्षा प्रतिकार्य योजना (Food Security Response Plan) निर्माण गर्नु रहेको छ ।

उक्त उद्देश्य प्राप्त गर्न तालिमले निम्न विशिष्ट उद्देश्यहरूमा केन्द्रित गर्नेछ :

तालिमको अन्त्यमा सहभागीहरूले:

- खाद्य सुरक्षाको परिभाषा, आयामहरू र खाद्य असुरक्षाका प्रकारबारे व्याख्या गर्न सक्नेछन् ।
- नेपालमा खाद्य सुरक्षाको स्थितिबारे तथ्यपरक जानकारी बताउन सक्नेछन् ।
- खाद्य सुरक्षासँग सम्बन्धित मुख्य नीति र कार्यक्रमहरूको व्याख्या गर्न सक्नेछन् ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको रूपरेखाको व्याख्या गर्न सक्नेछन् ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका मुख्य विधिहरूको प्रभावकारी प्रयोग गर्न सक्नेछन् ।
- जिल्लाको खाद्य सुरक्षा प्रतिकार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गर्नेछन् ।

## *तालिमको विषयवस्तु*

१. परिचय, तालिमको उद्देश्यहरू र विषयवस्तु
२. खाद्य सुरक्षाको नीति, कार्यक्रम तथा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP)
३. खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण (Food Security Response Analysis)
४. खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको पृष्ठभूमि (घटना अध्ययन)
५. जीविकोपार्जन क्षेत्र निर्धारण
६. समस्या वृक्ष विश्लेषण
७. श्रोत र अवसरहरूको विश्लेषण (SWOT Analysis)

८. सरोकारवालाहरूको नक्शाङ्कन तथा साधन श्रोतको पहिचान
९. उद्देश्यहरूको विश्लेषण
१०. प्रतिकार्यका विकल्पहरू (Response Options) को पहिचान
११. प्रतिकार्यको संभाव्यता विश्लेषण र प्राथमिकीकरण
१२. खाद्य सुरक्षा प्रतिकार्य योजनाको मस्यौदा तयारी
१३. खाद्य सुरक्षा प्रतिकार्य योजना जिल्ला वार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन
१४. कार्यान्वयन प्रक्रिया
१५. अनुगमन तथा मुल्याङ्कन
१६. तालिमको मुल्याङ्कन तथा तालिमको समापन

२

सन्दर्भ : सत्र

# खाद्य सुरक्षाको नीति, कार्यक्रम तथा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP)

## *खाद्य सुरक्षाको अवधारणा*

### *खाद्य सुरक्षा*

खाद्य सुरक्षा तीन दशक यता निरन्तर रूपमा विकास हुँदै आएको एक अवधारणा हो । सत्तरीऔं दशकको मध्यतिर यसको शुरूवात हुँदा खाद्य सुरक्षा धेरैजसो आपूर्तिको क्षेत्रतर्फ र राष्ट्रिय स्तरमा कृषि उत्पादन तर्फ मात्र केन्द्रित थियो । खाद्य सुरक्षा अमर्त्य सेनको कार्य पछि खाद्यको पहुँचमा अधिकार र हाल आएर उपयुक्त उपयोगमा समेतलाई जोड दिन थालिएको छ ।

### *परिभाषा*

“प्रत्येक व्यक्तिको सधैं पर्याप्त, स्वच्छ तथा पोषणयुक्त र आफ्नो आवश्यकता र चाहना अनुरूप खाना माथि भौतिक र आर्थिक पहुँच भएमा मात्र खाद्य सुरक्षा भएको मान्न सकिन्छ ।”

*– विश्व खाद्य शिखर सम्मेलन (अक्टोवर १९९६)*

यो परिभाषाबाट खाद्य सुरक्षाको मुख्य चार आयामहरू पहिचान गर्न सकिन्छ :

१. खाद्यको भौतिक **उपलब्धता**
२. खाद्यमा भौतिक र आर्थिक **पहुँच**
३. पर्याप्त खाद्यको **उपयोग**
४. माथिका तीन आयामहरूमा **स्थिरता**

### *खाद्य सुरक्षाका चार आयामहरू*

**खाद्य उपलब्धता** : आन्तरिक रूपमा उत्पादित वा आयातित (खाद्य सहयोग समेत) पर्याप्त गुणस्तरीय खाद्य पदार्थको पर्याप्तता एवं उपलब्धतालाई बुझाउँछ ।

**खाद्य पहुँच** : कुनैपनि व्यक्तिको पोषणयुक्त खानाको लागि उचित खाद्य प्राप्त गर्न पर्याप्त श्रोतमाथि पहुँच (दावेदारी) हो । पहुँच भन्नाले कुनैपनि व्यक्तिको आफ्नो देशले, समुदायले व्यवस्था गरे अनुसार कानुनी, राजनैतिक, आर्थिक र सामाजिक तवरले श्रोत सम्पत्ति माथिको अधिकार भन्ने बुझिन्छ ।

**उपयोग** : शारीरिक आवश्यकताको परिपूर्ति गर्न पर्याप्त खाना, सफा पानी, स्वास्थ्य सेवाको उपयोग र सरसफाईको आवश्यकता पूर्ति भएको हुनुपर्दछ, यस पक्षले खाद्य सुरक्षामा गैर खाद्य पदार्थको महत्व दर्शाउँछ । साथै खाद्यवस्तुको उपयोग अन्तर्गत व्यक्तिको शारीरिक क्षमताले पोषणयुक्त खाना ग्रहण गर्न सक्ने कुरालाई समेत समेट्दछ ।

**स्थिरता** : खाद्य सुरक्षाका लागि कुनै समुदाय, घर वा व्यक्तिको सधैं पर्याप्त खाद्य पदार्थमाथि पहुँच आवश्यक छ । कुनै पनि आपत् विपत् वा घटनाहरूले गर्दा कुनै व्यक्ति वा घरधुरीको खाद्य पदार्थको उपलब्धता, पहुँच र उपयोगमा नकारात्मक अवस्था आउनु हुँदैन । स्थिरताको अवधारणाले खाद्य सुरक्षाका लागि उपलब्धता, पहुँच र उपयोग यी तीनै आयामलाई मध्यनजर गर्दछ ।

### *खाद्य सुरक्षाको गम्भीरता र सामयिक आयामहरू*

**दीर्घकालीन खाद्य असुरक्षा** भन्नाले लामो अवधिसम्म निरन्तर रूपमा न्यूनतम खाद्य उपभोगको आवश्यकतालाई पूरा गर्न असक्षम हुनु हो । सामान्यतया, वर्षमा कम्तिमा ६ महिनासम्म खाद्य असुरक्षा कायम रहेमा त्यसलाई दीर्घकालीन खाद्य असुरक्षा मान्न सकिन्छ ।

**अस्थायी खाद्य असुरक्षा** भन्नाले छोटो अवधिसम्ममात्र वा अस्थायी रूपमा न्यूनतम खाद्य उपभोगको आवश्यकतालाई पूरा गर्न असक्षम हुनु हो, जसमा सुधार हुन सक्ने क्षमता रहन्छन् । सामान्यतया, यदाकदा आउने सङ्कटहरूका कारणले छोटो अवधिका लागि हुने खाद्य असुरक्षालाई अस्थायी खाद्य असुरक्षा भन्न सकिन्छ ।

खाद्य असुरक्षाको विश्लेषण गर्दा मानिसहरूले भोगेका समस्याहरूको अवधि मात्र जान्नु पर्याप्त हुँदैन तर समग्र खाद्य र पोषणको स्थितिमा पहिचान गरिएको समस्याको प्रभाव कत्तिको तीव्र वा गम्भीर छ भन्ने कुरा पनि जान्नु आवश्यक छ । यस ज्ञानले प्रभावित जनसमुदायलाई आवश्यक सहयोगको प्रकृति, सीमा र आवश्यकता पहिचान गर्न मद्दत गर्दछ ।

खाद्य सुरक्षा विश्लेषकहरूले विभिन्न सूचकहरू र परिमाणात्मक सीमाहरूको प्रयोग गरेर खाद्य सुरक्षालाई वर्गीकरण गर्न विभिन्न मापहरू वा चरणहरू विकास गरेका छन् । हाम्रो सन्दर्भमा एकिकृत खाद्य सुरक्षा चरण वर्गीकरण (Integrated Food Security Phase Classification) लाई प्रयोग गरिएको छ, जुन नेपालको परिवेश अनुरूप अनुकूल बनाइएको छ ।

दीर्घकालीन र अस्थायी खाद्य असुरक्षा समाधानका उपायहरू छुट्टाछुट्टै खालको हुने हुनाले दीर्घकालीन र अस्थायी खाद्य असुरक्षा बिच भिन्नता छुट्टयाउन महत्वपूर्ण छ । विशेषत, दीर्घकालीन खाद्य असुरक्षा समाधान गर्न त्यस्तो कार्यक्रमको आवश्यकता पर्दछ जसले खाद्य असुरक्षाका मूल तथा आधारभूत कारणहरूलाई सम्बोधन गरोस् र यसका लागि दीर्घकालिन प्रयास आवश्यक पर्दछ । अस्थायी खाद्य असुरक्षालाई भने छोटो अवधिको कार्यक्रमको आवश्यकता पर्न सक्दछ जसले प्रत्यक्ष र तात्कालिक कारणहरूलाई सम्बोधन गर्दछ । तर दोहोरीइ रहने खाद्य असुरक्षा, जसले भविष्यमा दीर्घकालीन खाद्य असुरक्षासम्म पुऱ्याउन सक्दछ, त्यसबाट बच्न भने खाद्य असुरक्षाको आधारभूत कारणहरूको पनि समाधान गर्ने खालको कार्यक्रमहरूको पनि सञ्चालनको आवश्यकता पर्दछ ।

एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (संस्करण २.०) ले खाद्य सुरक्षालाई दुई अवस्थामा विभाजन गरेको छ, तात्कालिक (Acute) र दीर्घकालिन (Chronic) । **तात्कालिक खाद्य असुरक्षा भन्नाले जुनसुकै कारण वा परिस्थितिले भएपनि कुनै निश्चित समयको तत्कालिन वा प्रक्षेपित खाद्य असुरक्षाका अवस्थाको गम्भीरता हो । दीर्घकालिन खाद्य असुरक्षा भन्नाले प्रकोप वा कुनै सङ्कट नभएको अवस्थामा पनि निरन्तर रूपमा खाद्य असुरक्षा हुनु वा तात्कालिक उच्चतम खाद्य असुरक्षाको अवस्था पटक पटक दोहोरिरहने अवस्था हो ।**

खाद्य असुरक्षा सम्बोधनको सन्दर्भमा, तात्कालिक खाद्य असुरक्षाको अवस्थाका लागि छोटो समयमा नै उद्देश्यहरू प्राप्त गर्ने गरी प्रयास लक्षित गर्न उचित हुन्छ हुनत यसलाई मध्यमस्तरीय र दीर्घकालीन खाद्य सुरक्षाका उद्देश्यसँग पनि जोड्न सकिन्छ । दीर्घकालिन खाद्य असुरक्षाको अवस्थामा आधारभूत कारणहरू समाधानका लागि मध्यमस्तरीय र दीर्घकालीन रणनीतिक उद्देश्यहरूमा लक्षित हुनुपर्छ । तात्कालिक र दीर्घकालिन खाद्य असुरक्षा एकै पटक हुँदैन भन्न सकिन्न । कुनै भौगोलिक क्षेत्र वा घरधुरी कुनै एक समयमा दुवै प्रकारका खाद्य असुरक्षाबाट प्रभावित हुन सक्दछन् । खासगरी तात्कालिक खाद्य असुरक्षा प्रायजसो दीर्घकालिन खाद्य असुरक्षाको अवस्थासँग थप समस्याको रूपमा आउने गर्दछ । तसर्थ प्रभावकारी र उचित खाद्य सुरक्षा सम्बोधन रणनीति तयारी गर्दा तत्कालिक र दीर्घकालिन खाद्य असुरक्षाको प्रकृति र यीनको अन्तरसम्बन्ध गहिरो विश्लेषण गर्नु जरूरी हुन्छ ।

## *नेपालको समग्र खाद्य सुरक्षाको अवस्था*

- नेपाल संसारका ७६ राष्ट्रहरू मध्ये विश्वव्यापी भोकमरी सूचकाङ्कमा ४४औं गम्भीर स्थानमा पर्दछ ।[१]
- नेपालको मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्र सबैभन्दा तल्लो स्तरमा पर्दछन् ।
- करिब ४१ प्रतिशत मानिसहरूले आवश्यक न्यूनतम आहार भन्दा कम उपभोग गरिरहेका छन् ।[२]
- खाद्य तथा पोषण असुरक्षामा चारैवटा आयामको चुनौती छन् ।
- उच्च उत्पादन (२०६९/७०) का बाबजुद पनि ७५ मध्ये ३३ जिल्लाहरू खाद्यान्न उत्पादनको हिसाबले न्यून रहेको छ ।[३]
- गरीबी ४० प्रतिशतबाट (२०५२/५३) घटेर २३.८ प्रतिशतमा (तेह्रौं योजना, २०७१) आएको छ । यस्तो सफलताको बावजूद, धेरै दुर्गम जिल्लाहरूमा गरीबीको कूल गणना (Poverty head count) ४६ प्रतिशतसम्म रहेको छ (सुदूर पश्चिमाञ्चल विकास क्षेत्र) ।[४]
- बालबालिकामा ख्याउटेपन (शीघ्र विपोषण) (Wasting) करिब १५ प्रतिशत (मध्य पहाडी क्षेत्र र पश्चिमी तराइ) छ, जुन गम्भीर अवस्था हो ।[५]
- दीर्घ कुपोषण (पुड्कोपन) को (Stunting) अवस्थामा सुधार आएको छ तापनि यो अझै पनि उच्च छ । ४१ प्रतिशत बालबालिकाहरू अझै पनि दीर्घ कुपोषणबाट पिडीत छन् ।[६]

## *मुख्य योजना र नीतिहरू*

- नेपालको संविधानको भाग ३, धारा ३६ ले प्रत्येक नागरिकलाई खाद्य सम्वन्धि हक, खाद्यवस्तुको अभावमा जिवन जोखिममा पर्ने अवस्थाबाट बच्ने हकका साथै प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेबारे व्यवस्था गरेको छ । यस तथ्यले खाद्य सुरक्षाको सुनिश्चितताका लागि हुने प्रयासको महत्वबारे दिइने प्राथमिकताबारे बोध गराउँछ ।

.................................

१ Global Hunger Index, 2014

२ Thirteenth Plan (FY 2013/14-2015/16) Approach Paper, 2013

३ Food Balance Sheet FY 2012/13, MOAD,

४ NLSS III, Central Bureau of Statistics

५ Nepal Demographic and Health Survey 2011

६ Nepal Demographic and Health Survey 2011

- तेह्रौं योजनामा खाद्य सुरक्षा र पोषणमा जोड दिइएको छ । जस अन्तर्गत, उद्देश्य, रणनीति र नीतिहरूको भिन्न भिन्नै धाराहरू निर्धारण गरिएकोछ । खाद्य तथा पोषण सुरक्षाको उच्च वचनबद्धतामा जोड दिनका लागि खाद्य सम्प्रभूता ऐन र राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा कार्ययोजना तर्जुमा गरी कार्यान्वियन गर्ने कार्यनीति रहेको छ ।
- खाद्य सुरक्षा र पोषणको क्षेत्रमा रणनीतिक ध्यानाकर्षण गर्नका लागि कृषि विकास मन्त्रालयमा खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखा स्थापना गरिएको छ ।
- नेपालमा दीर्घकालीन कृषि विकासका लागि कृषि विकास रणनीति निर्माण गरिएको छ । कृषि विकास रणनीतिको मुख्य कार्यक्रमहरू मध्ये "खाद्य तथा पोषण सुरक्षा कार्यक्रम" एक हो, जुन अति विमुख वर्गहरूको खाद्य र पोषण सुरक्षाको अवस्थामा सुधार गर्ने तर्फ लक्षित छ । यो कार्यक्रममा तीन सह–कार्यक्रमहरू छन्: नेपाल खाद्य सुरक्षा परियोजना; खाद्य तथा पोषण सुरक्षा कार्य योजना, र नयाँ राष्ट्रिय खाद्य र पोषण सुरक्षा परियोजना, जुन माथि उल्लेखित दुवै परियोजनाहरूको सम्पूरकको रूपमा तयार गरी कार्यान्वियन गरिनेछ । खाद्य र पोषण सुरक्षाका नयाँ राष्ट्रियस्तरका परियोजनाहरू नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) जस्तो तथ्यमा आधारित सूचना प्रणाली, जनसांख्यिकी र स्वास्थ्य सर्वेक्षण (NDHS) र राष्ट्रिय जीवनस्तर सर्वेक्षण (NLSS) जस्ता सूचनाका श्रोतहरूको आधार लिई निर्माण गरिने कुरा उल्लेख छ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम (Multi-sectoral Nutrition Programme) नेपालमा कुपोषणलाई सम्बोधन गर्ने राष्ट्रिय स्तरको एक मुख्य कार्यक्रम हो । आउँदो पाँच वर्षमा मातृ तथा शिशुको पोषण अवस्था सुधार गर्ने लक्ष्य छ, जसको फलस्वरूप आमाहरूको BMI (Body Mass Index) र शिशुहरूको पुड्कोपन (Stunting) को अवस्था एक तिहाईका दरले सुधार गर्ने रहेको छ । यसको मुख्य उद्देश्य भनेको समाजको सम्पूर्ण तहमा मातृ तथा बाल पोषणको अवस्था सुधारका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रवर्द्धन र परिचालन गर्ने कार्यमा राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालयहरूको क्षमता अभिवृद्धि गर्नु हो ।
- यसै गरी, KISAN[७], SUAHHARA, नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली जस्ता राष्ट्रिय स्तरका कार्यक्रमहरू खाद्य सुरक्षा र पोषणमा केन्द्रित छन् ।

### *संस्थागत तथा नीतिगत सन्दर्भ*

नेपालमा हालको संस्थागत संरचना र नीतिगत सन्दर्भ खाद्य सुरक्षा र पोषणको कार्यक्रमको पक्षमा सकारात्मक छ । खाद्य सुरक्षा र पोषणको अवस्था सुधार्न विभिन्न संस्थागत तथा नीतिगत तहहरूमा सुधार तथा सबलीकरण गरिएको छ ।

- राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा उच्च स्तरीय पोषण र खाद्य सुरक्षा निर्देशक समिति र राष्ट्रिय योजना आयोगको सदस्यको अध्यक्षतामा पोषण र खाद्य सुरक्षा समन्वय समिति विद्यमान छ । जसले नेपालमा खाद्य सुरक्षा र पोषण कार्यक्रमको लागि नीतिगत नेतृत्व प्रदान गरेको छ । उक्त समितिहरूलाई सहयोग गर्न राष्ट्रिय पोषण र खाद्य सुरक्षा सचिवालय (National Nutrition and Food Security Secretariat) छ ।
- खाद्य सुरक्षा अनुगमन र कार्यक्रम समन्वयको लागि कृषि विकास मन्त्रालयले अन्य सम्बन्धित मन्त्रालयहरू तथा विकास साझेदारहरूसँग समन्वय र सहकार्यमा अगुवाई लिएको छ । खाद्य सुरक्षाको कार्यमा थप बल पुऱ्याउन कृषि विकास मन्त्रालय अन्तर्गत खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा र वातावरण महाशाखाको स्थापना भएको छ ।

.................................


[७] Knowledge-based Integrated Sustainable Agriculture and Nutrition (KISAN) Project

- प्रथम चरणमा छनौट गरिएका ६ जिल्लाहरूमा बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन भईरहेको छ जुन चरणबद्ध रूपमा विस्तार हुनेछ । त्यसै गरी, कृषि विकास रणनीति र खाद्य तथा पोषण योजना अनुमोदन भएको छ । जलवायु परिवर्तनको लागि राष्ट्रिय अनुकूलन योजना र स्थानीय अनुकूलन योजना कार्यान्वयनको प्रक्रियामा छ । यी सबै खाद्य सुरक्षा तथा पोषणका विषयहरूमा उच्च प्राथमिकतामा पर्दछन् ।
- राष्ट्रिय स्तरमा खाद्य सुरक्षा र पोषणका क्षेत्रमा कार्यरत साभ्ेदारहरू बिच खाद्य सुरक्षा र पोषणका मुद्दा (Issues) तथा रणनीतिहरूबारे छलफल गर्न खाद्य सुरक्षा समूह, नेपाल पोषण समूह, खाद्य सुरक्षा समन्वय समिति जस्ता मञ्चहरू छन् ।

## नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली

**नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP)** : यो खाद्य सुरक्षाको स्थितिको अवस्थावारे जानकारी प्रदान गर्ने एकमात्र बृहत अनुगमन प्रणाली हो । यो प्रणाली कृषि विकास मन्त्रालय, विश्व खाद्य कार्यक्रम र राष्ट्रिय योजना आयोगको सहकार्य र खाद्य सुरक्षा र पोषणका क्षेत्रमा कार्यरत सरोकारवालाहरूको समन्वयमा सञ्चालित छ ।

कृषि विकास मन्त्रालयले नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीलाई खाद्य सुरक्षा अनुगमनको लागि केन्द्रिय संस्थाको रूपमा विकास र संस्थागत गर्न प्रयासरत छ । खाद्य सुरक्षा अनुगमन र कार्यक्रम सञ्चालनको लागि नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली अन्तर्गत राष्ट्रिय स्तरमा मुख्य सरोकारवालाहरूको प्रतिनिधित्व हुने गरि नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली राष्ट्रिय प्राविधिक समन्वय समिति (NeKSAP National Technical Coordination Committee) छ । नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) को संस्थागत व्यवस्था तथा सूचना प्रवाह चित्र १ मा उल्लेख गरिएको




चित्र १ : नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) को संस्थागत व्यवस्था तथा सूचना प्रवाह

छ । NeKSAP राष्ट्रिय प्राविधिक समन्वय समितिमा सम्बन्धित विषयगत मन्त्रालयहरू, संयुक्त राष्ट्र संघका निकायहरू, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, दातृ निकायहरू, नागरिक समाज, अनुसन्धान संस्था र शिक्षण संस्थाहरूको प्रतिनिधित्व रहेको छ । त्यसैगरी नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको क्षेत्रीय समितिहरू पाँचवटै क्षेत्रमा नेपाल सरकारद्वारा गठन हुने क्रममा छ ।

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली अन्तर्गत जिल्ला स्तरमा ७४ जिल्ला (काठमाण्डौ जिल्ला बाहेक) खाद्य सुरक्षा सञ्जाल कार्यरत छन् । सञ्जाल अन्तर्गतको प्राविधिक कार्य समूहहरूले जिल्ला खाद्य सुरक्षा सञ्जाललाई तथ्याङ्क सम्पादन तथा विश्लेषण कार्यमा सहयोग पुऱ्याइ रहेका छन् । जिल्लास्तरमा जिल्ला खाद्य सुरक्षा सञ्जालमा जिल्लास्थित मुख्य सरोकारवालाहरूको प्रतिनिधित्व रहेको छ र यस सञ्जालले खाद्य सुरक्षाको अनुगमन र कार्यक्रम सञ्चालनको सहजीकरणमा अगुवाई लिएको छ ।

### *कृषि विकास रणनीतिमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली*

कृषि विकास रणनीतिको विभिन्न भागमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको बारेमा उल्लेख गरिएको छ । ती मध्ये केही बुँदाहरू तल उल्लेख गरिएको छः

- नयाँ राष्ट्रियस्तरका खाद्य र पोषण सुरक्षा परियोजना नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली जस्तो तथ्यमा आधारित सूचना प्रणाली, र जनसांख्यिकी र स्वास्थ्य सर्वेक्षण (NDHS) र राष्ट्रिय जीवनस्तर सर्वेक्षण जस्ता सूचनाका श्रोतहरूको सन्दर्भ लिई निर्माण गरिनेछ ।
- कृषि विकास रणनीतिको अनुगमन र मुल्याङ्कन : कृषि विकास रणनीतिको पुष्ठपोषणका लागि परिणाम, नतिजा र प्रभाव अनुगमन गर्ने, नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली एक सान्दर्भिक प्रणाली हुनेछ ।
- नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीलाई संस्थागत गर्ने कार्य कृषि विकास रणनीतिको नतिजा १ सँग सम्बन्धित सुशासन सबलिकरण को एक मुख्य क्रियाकलाप हो ।

### *खाद्य सुरक्षा अनुगमनको महत्व*

**राष्ट्रिय स्तरमा** : नेपालमा व्याप्त खाद्य असुरक्षाको परिवेश र त्यसमाथि खाद्य पदार्थको मुल्य बृद्धि र मौसम परिवर्तनले ल्याउने खाद्य असुरक्षाको जटिलताबाट उत्पन्न हुन सक्ने आपतकालीन स्थितिको बारेमा नेपाल सरकार पूर्वसूचित हुन राष्ट्रिय स्तरमा अनुगमन क्षमता अति महत्वपूर्ण छ जसले गर्दा खाद्य असुरक्षाको प्रभावलाई कम गर्न समयमा नै उचित पहल गर्नका लागि नेपाल सरकारलाई सक्षम बनाउँदछ ।

**क्षेत्रीय स्तर**ः जिल्ला स्तरका खाद्य सुरक्षाको जानकारीको पुनरावलोकन पृष्ठपोषणका साथै जिल्ला र राष्ट्रिय स्तरको समन्वय तथा सहजीकरण भूमिका निर्वाह गरी कार्यक्रहरूलाई खाद्य सुरक्षामा लक्षित गर्न सकिन्छ ।

**जिल्ला स्तरमा**ः जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन प्रणाली सञ्चालनबाट केही निश्चित फाइदाहरू छन् :

- यसले समाधान गरिनु पर्ने समस्याहरूको स्पष्ट चित्रण गर्दछ (को खाद्य असुरक्षित या जोखिमतामा छन् ? त्यहाँ कति जनसंख्या प्रभावित छन् ? उनीहरू कहाँ बस्छन् ? उनीहरू किन खाद्य असुरक्षित छन् ?)
- प्रभावकारी लक्षित कार्यक्रमहरूको योजना निर्माणमा सहयोग पुऱ्याउँछ ।
- मुख्य सरोकारवालाहरूको बिचमा खाद्य सुरक्षासँग सम्बन्धित समस्याहरू लगायत त्यसको कारण र समाधानहरू समेतको स्थानीय सहमति निर्माण गर्न मद्दत गर्छ ।
- जिल्लामा कार्यरत सरोकारवालाहरूसँग समन्वय गर्न सघाँउ पुऱ्याउँछ जसले गर्दा कार्यक्रमको दोहोरोपना हटाउनुको साथै उपयुक्त सहकार्यको लागि मद्दत गर्दछ ।
- नेपाल सरकारलाई आईपर्ने स्थानीय सङ्कटको बारेमा अगावै सूचित गर्दछ ।

- आवश्यक तथ्याङ्क सजिलै उपलब्ध हुनुका साथै सूचना प्रणाली छरितो भएकाले सङ्कटको अवस्थामा छिटो प्रतिकार्य (Response) को निर्माण गर्न सहयोग पुऱ्याउँछ ।
- खाद्य असुरक्षाका कारणहरू सम्बोधन गर्नको लागि योजना तथा नीतिहरूको निर्माण गर्न सहयोग पुऱ्याउँछ ।
- सङ्कटको अवस्थामा खाद्यवस्तुको उपयुक्त व्यवस्थापन गर्न सहज बनाउँदछ ।
- जिल्लाको खाद्य सुरक्षाको अवस्थाबारेमा सङ्कलन भएका सूचनाहरू दातृ संस्था र मानवीय तथा विकासमा काम गर्ने संस्थाहरूको ध्यानाकर्षण गर्न प्रयोग गर्न सकिने ।
- अनुगमन तथा प्रतिकार्य विश्लेषण कार्यमा क्षमतालाई दरिलो बढाउँदछ ।
- साझा तथ्याङ्क सङ्कलन प्रक्रिया भएकोले प्रत्येक सदस्य संस्थाको समय र श्रोत बचाउँदछ ।

## *जिल्ला खाद्य सुरक्षा सञ्जाल*

नेपाल सरकार र विश्व खाद्य कार्यक्रमको संलग्नतामा जिल्लास्तरमा खाद्य सुरक्षा अनुगमन क्षमता सुदृढिकरणको प्रक्रिया सञ्चालित छ । यो पहल दरिलो राष्ट्रिय खाद्य सुरक्षा अनुगमन प्रणाली विकास गर्ने बृहत प्रयासको एक महत्वपूर्ण पक्ष हो । यस परिप्रेक्षमा, नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको जिल्ला खाद्य सुरक्षा सञ्जाल नेपालका ७४ जिल्लाहरूमा (काठमाण्डौ जिल्ला बाहेक) खाद्य सुरक्षा अनुगमन प्रणालीको मुख्य कडीको रूपमा कार्यरत छन् । प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, वरिष्ठ कृषि विकास अधिकृत, जिल्ला जनस्वास्थ्य अधिकृत, अन्य सरकारी विकास निकाय, स्थानीय गैर सरकारी संस्था र नागरिक समाजका प्रतिनिधि लगायत जिल्लामा अवस्थित संस्था तथा सँगठनहरूको प्रतिनिधित्वमा जिल्ला खाद्य सुरक्षा सञ्जाल गठन भएको हुन्छ । यी सञ्जालहरूले आ-आफ्नो जिल्लामा एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरणबाट खाद्य सुरक्षा चरण वर्गीकरणको आधारमा खाद्य सुरक्षाको अवस्थाको निर्क्योल र अनुगमन गर्छ । जिल्ला खाद्य सुरक्षा सञ्जालहरूबाट सङ्कलन गरिएका सूचनाहरू कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमले थप विश्लेषण गरेर चौमासिक रूपमा समग्र खाद्य सुरक्षाको तथ्यपरक जानकारी दिने खाद्य सुरक्षा बुलेटिन प्रकाशित गर्दछ ।

**नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली जिल्ला खाद्य सुरक्षा सञ्जालको कार्यहरू निम्न छन्** :

- जिल्लाको बालीको अवस्था, बजारको स्थिति, खाद्य आपूर्ति, खाद्य वितरण, स्वास्थ्य र पोषणको स्थिति र खाद्य भण्डारको स्तर अनुगमन गर्नु,
- जिल्ला खाद्य सुरक्षा निकायहरू बिच सूचनाहरू आदान प्रदान गर्न समन्वय गर्ने,
- जिल्लामा खाद्य सुरक्षाको अवस्थाको बारेमा सदस्य निकायहरू बिच आम सहमति विकास गर्नु,
- चौमासिक रूपमा खाद्य सुरक्षा चरण वर्गीकरण नक्शा प्रमाणित र स्वीकृत गर्ने,
- जिल्ला खाद्य सुराक्षा बुलेटिनको स्वीकृत गर्नु,
- सहभागी संस्था तथा अन्य सम्बन्धित स्थानीय संस्थाहरूलाई प्रतिवेदन, सूचना र नक्शाहरू वितरण गर्नु,
- सम्बन्धित क्षेत्रीय र केन्द्रिय स्तरका सरकारी र गैर सरकारी संस्थाहरूलाई समयमै सूचनाहरू सम्प्रेषण भएको यकिन गर्नु,
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण गरी जिल्लाको खाद्य सुरक्षा प्रतिकार्य योजना तयार गर्नुका साथै जिल्ला विकास योजनाहरूमा खाद्य सुरक्षाका कार्यक्रमहरू यथोचित रूपमा समावेश गर्नको लागि पहल गर्नु ।

**जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्य निकायको भूमिका** :

- जिल्ला खाद्य सुरक्षा सञ्जालको सम्पर्क व्यक्ति नियुक्त गर्ने,
- खाद्य सुरक्षा सम्बन्धि तथ्याङ्क र सूचना सङ्कलन तथा सहयोग प्रदान गर्ने,

- सम्पर्क व्यक्तिको जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठकमा सहभागीता सुनिश्चित गर्ने,
- खाद्य सुरक्षा सूचना जानकारी आदान प्रदान फारम भर्ने ।

**नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको जिल्ला खाद्य सुरक्षा सञ्जालको संरचना** :

- अध्यक्षः प्रमुख जिल्ला अधिकारी
- उपाध्यक्षः स्थानीय विकास अधिकारी
- सदस्यहरूः स्वास्थ्य कार्यालय, पशु सेवा कार्यालय, वन, शिक्षा, महिला तथा बालबालिका, तथ्याङ्क, नेपाल खाद्य संस्थान, नेपाल रेडक्रस सोसाइटी, उद्योग बाणिज्य संध, संयुक्त राष्ट्र संघका निकायहरू, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, कृषक संघ जस्ता नागरिक समाजहरू लगायत अन्य विभिन्न निकायहरूका प्रमुख तथा प्रतिनिधिहरू ।
- सदस्य सचिवः वरिष्ठ कृषि विकास अधिकृत ।

**नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको जिल्ला खाद्य सुरक्षा सञ्जालको प्राविधिक कार्य समूहको कार्य विवरण निम्न छन्** :

- सदस्य संस्थाहरूले तथ्याङ्क सङ्कलन गरेको यकिन गर्ने,
- सङ्कलित तथ्याङ्क सम्पादन गर्ने र सूचनाहरूको एकरूपताको यकिन गर्ने,
- सदस्यहरूलाई तथ्याङ्क सङ्कलनमा आवश्यकता अनुरूप प्राविधिक सहयोग गर्ने,
- जिल्ला खाद्य सुरक्षा सञ्जालको भेलामा सहजीकरण गर्ने,
- खाद्य सुरक्षा चरण वर्गिकरण नक्शाको मस्यौदा तयार गर्ने, विश्लेषण तालिका पूर्ण रूपमा भर्ने र संश्लेषण प्रतिवेदन तयार गर्ने,
- जिल्ला खाद्य सुरक्षा बुलेटिनको मस्यौदा तयार गरी सञ्जालको बैठकमा सुझाव तथा अनुमोदनका लागि पेश गर्ने ।

## खाद्य सुरक्षा विश्लेषणका मुख्य औजारहरू

खाद्य सुरक्षा अनुगमन गर्दा चार मुख्य औजारहरू प्रयोग गरिन्छन् : खाद्य सुरक्षा सन्दर्भ तालिका, विश्लेषण तालिका, संश्लेषण तालिका र चरण वर्गीकरण नक्सा ।

### *१. खाद्य सुरक्षा सन्दर्भ तालिका*

सन्दर्भ तालिका खाद्य सुरक्षा अनुगमन र विश्लेषण प्रक्रियाको हरेक चरणमा प्रयोग हुने मुख्य औजार हो । यसमा १७ वटा सन्दर्भ सूचकहरू हुन्छन् जुन खाद्य असुरक्षाको अवस्थाका ५ वटा चरणहरूसँग सम्बन्धित हुन्छन् र कुनै खास भौगोलिक क्षेत्र वा गा.वि.स.लाई कुन चरणमा पर्छ भन्ने कुरा निक्यौल गर्नको लागि मद्दत गर्दछन् । ५ चरणहरू (भिन्नाभिन्नै रङ्गले दर्शाएको) सन्दर्भ तालिकाको शीर्ष भागमा राखिएको छ । हरेक सन्दर्भ सूचकसँग खाद्य सुरक्षा चरणसित सम्बन्धित परिमाणात्मक सीमा हुन्छ ।

सन्दर्भ तालिकाले मुख्य सूचकहरूको परिमाणात्मक सीमाद्वारा खाद्य असुरक्षाका पाँच चरणहरूबारे वर्णन गर्दछ (न्युनतम खाद्य असुरक्षादेखि मानवीय आपत्कालीन अवस्था/भोकमरीसम्म) । यसले विश्लेषणकर्तालाई कसरी विभिन्न किसिमका सूचना/जानकारीहरू एक आपसमा र कुनै क्षेत्रको निश्चित चरण वर्गीकरणसँग कसरी सम्बन्धित हुन्छन् भन्ने कुरामा विचार गर्न सहयोग गर्दछ ।

### २. खाद्य सुरक्षा विश्लेषण तालिका

खाद्य सुरक्षा विश्लेषण तालिका मुख्य सूचनाहरूलाई व्यवस्थित तथा पारदर्शी रूपमा प्रस्तुत गर्ने तालिका हो । यसले खाद्य सुरक्षा चरण वर्गीकरणलाई प्रमाणित गर्नको लागि र आवश्यक कार्यक्रमको विश्लेषणलाई प्रक्रियामा सहयोग गर्दछ । एउटा विश्लेषण तालिका एकै किसिमको खाद्य सुरक्षाका अवस्थाहरू भएका गा.वि.स.हरूको समूहको लागि तयार गरिन्छ । विश्लेषण तालिकामा सूचक, परिमाणात्मक सीमा, सूचनाहरूको श्रोत, विश्वसनीयता र सम्पूर्ण सूचकहरूको पूर्वानुमान सम्बन्धी सूचनाहरू समावेश गरिन्छ । अन्ततः विश्लेषण तालिकाले गा.वि.स.हरूको समूहको समग्र चरण वर्गीकरणको सूचना प्रदान गर्नुका साथै खाद्य सुरक्षाको पूर्वानुमान र उल्लेखित खाद्य असुरक्षा अवस्थाको प्रत्यक्ष र आधारभूत कारणहरूबारे पनि जानकारी प्रदान गर्दछ ।

### ३. खाद्य सुरक्षा संश्लेषण तालिका

खाद्य सुरक्षा संश्लेषण तालिकाले खाद्य सुरक्षाको स्थिति, कारण, पूर्वानुमान र गएको चौमासिकको सन्दर्भमा हाल खाद्य सुरक्षा स्थितिमा भएका परिवर्तनहरूको सूचनालाई संक्षेपीकरण गरी प्रस्तुत गर्न मद्दत गर्दछ ।

### ४. खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा

खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा विभिन्न सरोकारवालाहरूलाई खाद्य सुरक्षाको अवस्था सरल र पार दर्शी तवरमा प्रस्तुत गर्ने एक महत्वपूर्ण औजार हो । यो नक्सा खाद्य सुरक्षाका विभिन्न चरणहरूको भौगोलिक वितरणको अवस्था र आगामी अनुगमन अवधिको पूर्वानुमान देखाउन प्रभावकारी छ । खाद्य सुर क्षा चरण वर्गीकरण नक्सा दुई किसिमका छन्ः

१. जिल्ला खाद्य सुरक्षा सञ्जालद्वारा तयार पारिने जिल्ला खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा ।
२. केन्द्रीय विश्लेषण इकाइद्वारा तयार पारिने राष्ट्रिय खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा ।

नक्साले खाद्य असुरक्षाको जोखिममा परेका तेस्रो चरण र सो भन्दा माथिल्लो चरणका जनसमुदायको अनुमानित जनसंख्या र खाद्य असुरक्षाका आधारभूत कारणहरू पनि देखाउँछ ।

### खाद्य सुरक्षा चरण र तिनको विवरण

खाद्य सुरक्षा चरणहरूले खाद्य असुरक्षाको गम्भीरताको मापन गर्दछ । तलको तालिकामा विभिन्न चरणहरूको सूचना र तिनीहरूको विवरण दिइएको छ ।

| चरण | चरणहरू | विवरण |
|---|---|---|
| १. | न्यूनतम खाद्य असुरक्षित | जीविकोपार्जनका पद्धतिहरू (उपायहरू) परिवर्तन नगरिकन घरधुरीहरूले खाद्य र गैर खाद्य आवश्यकताहरू पुरा गरिरहेको (धानि रहेको) अवस्था । यी घरधुरीहरू आफ्नो सामाजिक, प्राकृतिक तथा आर्थिक हैसियतका कारण विद्यमान खतरा, प्रकोप, सङ्कट, माहामारी र द्वन्द वा हिंसाका कारण हुन सक्ने सानो स्तरका तनावहरू भेल्न सक्ने अवस्थामा हुन्छन् । |
| २. | मध्यमस्तरीय खाद्य असुरक्षित (अभावको अवस्था) | घरधुरीहरूले परम्परागत निर्वाह पद्धति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरू परिपूर्ति गर्न सक्ने अवस्था, तर केही अत्यावश्यक गैर खाद्य आवश्यकताका लागि भने यी घरधुरीहरूले पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाहपद्धतिहरू नअपनाइ उक्त आवश्यकता पूरा गर्न सक्दैनन् । |

| चरण | चरणहरू | विवरण |
|---|---|---|
| ३. | उच्चतम खाद्य असुरक्षित (वा सङ्कटको अवस्था) | घरधुरीहरूमा साविकको शीघ्र (तीव्र) कुपोषण वा सो भन्दा माथिल्लो स्तरको कुपोषण निम्त्याउने खाद्य उपभोगको अभावको अवस्था; जीविकोपार्जनका साधनहरू द्रुततर गतिमा रित्याएर (बेचबिखन गरेर) मात्र न्यूनत्तम् खाद्य आवश्यकता परिपूर्ति गर्ने अवस्था, जसले गर्दा घरधुरीहरूलाई झनै बढी खाद्य उपभोग अभाव तर्फ धकेल्दै लैजान सक्ने हुन्छ । |
| ४. | गम्भीर खाद्य असुरक्षित (वा आपतकालीन अवस्था) | घरधुरीहरूले जीविकोपार्जनका साधनहरू नगुमाइकन खाद्य तथा गैर खाद्य आवश्यकताहरू परिपूर्ति गर्न नसक्ने अवस्था । यस अवस्थाले अति उच्च स्तरको शीघ्र (तीव्र) कुपोषणलाई प्रेरित गर्दछ जसले उच्च रूग्णता र मृत्युदर बढाउनुका साथै औसत आयु घटाउँदछ । यस अवस्थामा द्वन्द्वका कारण उच्च स्तरको हिंसा र हिंडडुलमा प्रतिबन्दको सम्भावना हुन्छ । तत्काल कार्यक्रम वा सहयोगको आवश्यकता रहेको अवस्था । |
| ५. | मानवीय आपतकालीन (अनिकाल वा भोकमरीको अवस्था) | सो क्षेत्रका प्रायः सम्पूर्ण घरधुरीहरूमा खाद्य र अन्य आधारभूत आवश्यकताहरूको चरम अभावको अवस्था । जहाँ भोकमरी, अभाव, मुख्य स्रोतहरूको परिपूर्ति नहुने गरी क्षति भएको र मानव जीवनको क्षति प्रष्ट देखिन्छ । सम्पूर्ण घरधुरीहरू खाद्य र अन्य आधारभूत आवश्यकताहरूको तीव्र अभावको चुनौतीमा हुन्छन्- खतरा, प्रकोप, माहामारी फैलिएको वा पूर्वाधारहरूको विनास र सेवाहरू अवरूद्ध भएको अवस्था । तत्काल मानवीय सहयोगको आवश्यकता । |

## खाद्य सुरक्षाका सूचकहरूको विवरण

खाद्य सुरक्षाका चरणहरू सन्दर्भ सूचकहरू र पूर्व निर्धारित परिमाणात्मक सीमाहरूसँग सम्बन्धित हुन्छ जसले खाद्य सुरक्षा चरणहरू निर्धारण गर्ने र चरण वर्गीकरणलाई प्राविधिक तथा वस्तुगत प्रमाणमा आधारित भई चरणहरू छुट्याउन माध्यम प्रदान गर्दछ । केही सूचकहरूले खाद्य असुरक्षा तर्फ लैजाने कारक तत्वको व्याख्या गर्दछन् (जस्तै बाली उत्पादन, बजार भाउ, नागरिक सुरक्षा आदि) र केहिले खाद्य असुरक्षाको सम्भाव्य प्रभावहरूबारे व्याख्या गर्दछन् (जस्तै खाद्य उपभोग, जीविकोपार्जनमा परिवर्तन, चर्को बाल कुपोषण आदि) ।

### *प्रभाव परिणाम सूचक (प्रत्यक्ष मापनबाट प्राप्त अथवा कारक सूचकहरूमा आधारित निष्कर्ष)*

१. **खाद्य उपभोग (खाद्य तथा आहारको विविधता, खाद्य समूहहरू)**ः यो व्यक्ति, घरधुरी, समुदाय र समग्र राष्ट्रमा उपभोग भएको खाद्यको परिमाण हो । प्रायजसो खाद्य उपलब्धताका अप्रत्यक्ष सूचकहरूको प्रयोग गरी यसको आकलन गरिन्छ । प्रति व्यक्ति खाद्य उपभोग भनेको व्यक्तिले उपभोग गरेको खाद्य परिमाण हो । प्रति व्यक्ति आहार उर्जा उपभोग (Dietary energy consumption) कूल जनसंख्यामा किलो क्यालोरी प्रति दिन प्रति व्यक्तिको आधारमा मापन गरिन्छ । यो आधारभूत खाद्य आवश्यकता पूरा गर्न सक्ने घरधुरीको प्रतिशतको रूपमा लिइन्छ । न्यूनतम खाद्य समूहको औषत उपभोगः आधाररेखाको केन्द्रीय तथ्याङ्क विभागको प्रतिवेदनको आधारमा निर्धारण गरिने ।

२. **जीविकोपार्जनमा परिवर्तन (निर्वाह पद्धति समेत)**ः यो घरधुरीहरूले राम्रो वा नराम्रो दुवै समयमा जीवन निर्वाहका लागि आवश्यक साधनहरू जुटाउने माध्यमहरूको समग्र स्वरूप हो । निर्वाह पद्धति मानिसहरूले जीविका सञ्चालनमा सङ्कट आएको बेलामा लागू गर्ने वैकल्पिक क्रियाकलापहरू हुन् । निर्वाह पद्धति एक जिल्लादेखि अर्को जिल्ला र एकदेखि अर्को घरधुरीको बिचमा फरक फरक हुनसक्छ । खाद्य असुरक्षाको गम्भीरताको स्तर बढदै जाँदा जीविकोपार्जनका पद्धतिहरू पनि जीविकोपार्जनका सम्पत्ति माथि थप नकारात्मक प्रभाव पर्ने गरी परिवर्तन भइरहेका हुन्छन् । मानिसहरूको जीविका र सम्पत्ति माथि पर्ने यसको प्रभावको आधारमा सामान्यतया यसलाई तीन किसिममा विभाजन गर्न सकिन्छ । क) "निश्चित वा बीमा पद्धति" (क्षतिपूर्ति गर्न सकिने निर्वाह पद्धति, उत्पादनशील सम्पत्तिको बचाउ जस्तैः खाना घटाउने आदि ।); ख) "अभावको पद्धति"(क्षतिपूर्ति गर्न

नसकिने निर्वाह पद्धति जसले भविष्यमा जनजीविकामा नकारात्मक प्रभाव पार्दछ, जस्तैः उत्पादनशील सम्पत्तिहरूको बेचबिखन) र ग) "कठिन तथा कष्टकर पद्धति"(भोकमरी र मृत्यु, र कुनै अरू निर्वाह पद्धति नै बाँकी नरहेका अवस्था) । यो सूचकले घरधुरीको खाद्यमा पहुँच सम्बन्धी महत्वपूर्ण सूचना प्रदान गर्ने हुनाले निर्वाह पद्धतिको आकलन खाद्य सुरक्षा अनुगमनको अति महत्वपूर्ण पक्ष हो ।

३. **शीघ्र बाल कुपोषण (६ देखि ५९ महिना बा बालबालिका) (Wasting)**: यो सूचकले ५ वर्ष मुनिका बालबालिकाहरूमा रहेको कुपोषणको स्थिति बारे सूचना प्रदान गर्दछ । यो कुल जनसंख्या भित्र देखिएको कुपोषण प्रतिशतद्वारा मापन गरिन्छ । शिघ्र कुपोषण भनेको खाद्यवस्तुको चर्को अभाव वा बिरामीको फलस्वरूप गम्भीर रूपमा छोटो अवधिमा नै धेरै शारिरिक तौल गुमाउनु हो । यसलाई 'ख्याउटेपन' वा 'दुब्लोपन'द्वारा सङ्केत गरिन्छ । कुपोषणले प्रथमतः ५ वर्षमुनिका बालबालिकाहरूलाई प्रभावित पार्दछ विशेषत जीवनको पहिलो दुई वर्ष । पुड्कोपन छोटो समयको खाद्य असुरक्षा मापन गर्न प्रभावकारी हुँदैन किनकि यो दीर्घकालीन कुपोषणको सूचक हो । त्यसैले यस सूचकले ६ देखि ५९ महिनाका बालबच्चाहरूमा शिघ्र कुपोषणको मापन प्रतिशतमा गर्दछ ।

# कारक सूचकहरू

### *खाद्य उपलब्धता*

कुनै व्यक्ति वा घरपरिवारको उनीहरूको आफ्नै उत्पादनबाट होस् वा बजारबाट होस् वा खाद्य अनुदानबाट होस् पर्याप्त मात्रामा आवश्यक मुख्य खाद्य उपलब्ध हुन्छ भने तब खाद्य उपलब्धता भएको मानिन्छ । यो अवस्था पूरा गर्नको लागि जिल्लामा पर्याप्त खाद्यान्न आपूर्ति हुन आवश्यक छ र जब स्थानीय उत्पादन अपर्याप्त हुन्छ तब निर्यातबाट भएको परिपूर्ति पनि समावेश हुन्छ । उपलब्धता तल उल्लेखित सूचकहरूको मापनबाट अनुगमन गर्न सकिन्छ ।

४. **बाली उत्पादन अवस्था** : यस सूचकले गएको ५ वर्षको औसत आधार रेखासँग तुलना गरी बाली उत्पादनको स्तरमा आएको परिवर्तन मापन गर्दछ । यो भिन्नता औसत आधार रेखासँग सकारात्मक वा नकारात्मक प्रतिशत रूपमा प्रस्तुत गरिन्छ । उदाहरणका लागि, औसत रेखा भन्दा XX प्रतिशत कम ।

५. **घरधुरीहरूमा खाद्य सञ्चितिको अवस्था** : यो सूचकले कति प्रतिशत घरधुरीमा खाद्य सञ्चय छ र सो सञ्चयले पुग्ने अनुमानित अवधि कति हो भन्ने पनि सूचित गर्दछ । घरमा रहेको खाद्य सञ्चय अन्तर्गत खरिद गरिएको खाद्यका साथै आफैले उब्जाएको दुवै किसिमका खाद्य पर्दछन् । उदाहरणका लागि, XX प्रतिशत घरधुरीहरूमा चार महिना भन्दा बढीका लागि खाद्य सञ्चिति भएको ।

६. **प्रमुख बजारमा मुख्य खाद्यवस्तुको सञ्चिति** : जिल्लाको प्रमुख बजारहरूको मुख्य खाद्यवस्तुको सञ्चिति कस्तो छ र सो बाट निश्चित गा.वि.स.को माग अनुरूप आपूर्ति कुन हदसम्म पूरा गर्न सक्दछ सोबारे जानकारी प्रदान गर्दछ । उदाहरणका लागि, माग पूरा गर्नका लागि XX स्तरमा (सामान्य सञ्चिति/घट्दै गएको/धेरै कम/ रित्तिएको) खाद्य सञ्चिति रहेको ।

### *खाद्यमा पहुँच*

खाद्यमा पहुँचले मानिसको आफ्नो उत्पादन सञ्चय, खरिद, साटासाट, कोसेली वा खाद्य अनुदानद्वारा नियमित रूपमा उपयूक्त पोषणको लागि नियमित रूपमा खाद्य प्राप्त गर्न सक्ने क्षमतालाई दर्शाउँछ । निम्नलिखित विभिन्न सूचकहरूको प्रयोगद्वारा खाद्यमा पहुँचको अनुगमन गर्न सकिन्छ ।

७. **जिल्लाभित्र र छिमेकी जिल्लाहरूमा रोजगारीको अवसरहरू** : यो सूचकले जिल्लाभित्र र छिमेकी जिल्लाहरूमा उपलब्ध रोजगारीको अवसरहरूको बारेमा सूचना दिन्छ । यसले ‘‘सामान्य’’ अवस्थाको तुलनामा रोजगारीका अवसरको कमी भए नभएको प्रतिशतमा मापन गर्दछ । ‘‘सामान्य’’ अवस्था स्थानीय मानिसहरूको धारणा अनुरूप कायम गरिन्छ । अन्य जिल्लाको छिमेकी गा.वि.स.हरूलाई पनि यस सूचक अन्तर्गत राख्न सकिन्छ । रोजगारीका अवसर जति राम्रो भयो घरधुरीको पर्याप्त खाद्य माथिको पहुँच पनि त्यति नैं बढी हुन्छ । उदाहरणका लागि, सामान्य भन्दा xx % प्रतिशत रोजगारीका अवसरहरू कमी ।

८. **आम्दानीः गैह्र काष्ठ वन पैदावार, नगदे/उच्च मुल्य बाली र साना व्यवसाय** : यो सूचकले गैर काष्ठ वन पैदावार, नगदेवाली र अन्य कृषिजन्य उत्पादनहरूको बिक्रीबाट हुने आम्दानीको बारेमा जानकारी दिन्छ । स्थानीय मानिसहरूको धारणा या जिल्ला पशु सेवा कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला वन कार्यालय र जिल्ला विकास समितिबाट प्राप्त अभिलेखलाई तीन वर्ष (वा मौसम) को अवधिको प्राप्त तथ्याङ्कको आधार बनाइ तुलनात्मक रूपमा ‘‘सामान्य’’ भन्दा उल्लेख्य फरक आएको प्रतिशत मापन गरिन्छ । धेरै घरधुरीहरूको आम्दानीको मुख्य अंश यसबाट आउने हुनाले खाद्य पहुँचको लागि यो एक महत्वपूर्ण सूचक हो । यसमा तरकारी, स्याउ, सुन्तला, चिया, अलैंची, गैऱ्ह काष्ठ वन पैदावार जस्तै : यार्सागुम्बा, अमला, अतिश, चिराईतो, तेजपात, गुच्छी च्याउ, जटामसी, झ्याउ, कुट्की, पिप्ला, रिठ्ठा, सुगन्धवाला, सुगन्धकोकीला र टिमुर आदि पर्दछन् । उदाहरणका लागि, सामान्य भन्दा xx प्रतिशत कम वा सामान्य आम्दानी ।

९. **पशुजन्य आम्दानीः मासु, दुध, अण्डा, माछा** : यस सूचकले मासु, दुध, अण्डा, माछा आदिबाट भएको आम्दानीबारेको सूचना प्रदान गर्दछ । स्थानीय मानिसहरूको धारणा, वा जिल्ला पशुसेवा कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला वन कार्यालय र जिल्ला विकास समितिमा तीन वर्ष (वा मौसम) को अवधिको प्राप्त तथ्याङ्कको आधारमा तुलनात्मक रूपमा ‘‘सामान्य’’ भन्दा उल्लेख्य फरक आएको प्रतिशत मापन गरिन्छ । उदाहरणका लागि, सामान्य भन्दा xx प्रतिशत कम वा सामान्य आम्दानी ।

१०. **चामल, गहुँको पिठो र अन्य मुख्य खाद्य वस्तुहरूको बजार मुल्य** : यस सूचकले मुख्य खाद्य वस्तुहरूको बजारभाउमा आएको फेरबदलको बारेमा सूचना दिन्छ । मुख्य खाद्य वस्तुहरूको तीन वर्ष (वा मौसम) को औसत मुल्यको आधारमा तुलनात्मक रूपमा सामान्य भन्दा उल्लेख्य फरक आएको प्रतिशतमा मापन गरिन्छ । उदाहरणका लागि, सामान्य भन्दा ± xx प्रतिशत बढी ।

११. **विप्रेषणः** घरधुरीको खाद्य सुरक्षा प्राप्तिमा योगदान पुऱ्याउने महत्वपूर्ण सूचकहरू मध्ये यो एक हो । यो सूचकले सामान्य (आधाररेखा) को तुलनामा विप्रेषणको प्रवाहमा आएको उतार-चढावलाई मापन गर्दछ । यो स्थानीय मानिसहरूको धारणा वा जिल्लास्तरमा प्रवाह हुने विप्रेषणको औसतलाई आधार मानेर आकलन गरिन्छ ।

### *खाद्य उपयोगिता*

खाद्य उपयोगिता भन्नाले मानिसहरूले पर्याप्त खाद्यको उपभोग, सफा पानी, सरसफाइ र स्वास्थ्य सेवाको माध्यमबाट उपयुक्त पोषणको स्थिति प्राप्त गर्न सक्ने क्षमता बुझिन्छ जसले सम्पूर्ण शारीरिक आवश्यकताहरू परिपूर्ति हुन्छन् । यसले खाद्य सुरक्षामा गैरखाद्य पक्षको महत्व देखाउँछ ।

१२. **रोगव्याधि र माहामारीका घटनाहरूः** यस सूचकले कुनै क्षेत्रको रोगव्याधिको स्थितिको बारेमा सूचना दिन्छ । रोगव्याधिको अवस्थाको मुल्याङ्कन रोगको प्रकारमा निर्भर हुने हुनाले यो सूचकको परिमाणात्मक

सीमा निर्धारण गरिएको छैन । हाम्रो सन्दर्भमा यसलाई उल्लेख्य, सङ्क्रमण र माहामारी गरी तीन किसिममा छुट्याइएको छ । उल्लेख्य भन्नाले कुनै विशेष रोगको केहि छिटफुट संख्या भन्ने बुझिन्छ । सङ्क्रमण भन्नाले मानिसहरू बिच सरूवा रोगहरूको व्यापकता भन्ने बुझिन्छ । माहामारीले सङ्क्रमणभन्दा बढी संख्यामा मानिसहरू प्रभावित भएको सुचित गर्नुका साथै ठूलो क्षेत्रफल प्रभावित भएको जनाउँदछ । रोगले गरेको असरको बारेमा विचार गर्दा अन्य सूचकहरू विशेष गरी खाद्यमा पहुँच र उपलब्धता पनि बिचार गर्नु पर्दछ जसमा अपर्याप्त खाद्य पहुँच वा उपलब्धता भन्दा पनि असुरक्षित पानी वा उपयुक्त शिशुस्याहार बारेमा अनभिज्ञताका कारण पनि हुन सक्दछ । यो सूचक गत ५ वर्षको अवधिमा धेरै पटक देखा परेको रोगव्याधिको तथ्याङ्कलाई आधाररेखा मानी तुलना गरिन्छ र सो सूचना जिल्लामा रहेका जिल्ला जनस्वास्थ्य कार्यालय र अस्पतालहरूबाट लिन सकिन्छ ।

१३. **खानेपानीको आपूर्ति र सरसफाई (खुला दिसा मुक्त)** : सुरक्षित खानेपानी र सरसफाइको उपलब्धता खाद्य सुरक्षाको उपयोगिताको पक्षसँग सम्बन्धित हुन्छ । यो सूचकले पानीको उपलब्धता (१५ लिटर भन्दा बढि पानी/व्यक्ति/दिन) र सरसफाइका प्रणालीहरू (चर्पी) को व्यवस्था भए नभएको अध्ययन गर्दछ । चरम (Extreme) जलवायुको कारणले खानेपानी र सरसफाई व्यवस्थामा पर्न गएको प्रभावको स्थितिलाई विचार गरी आधाररेखाको स्थितिसँग तुलना गरी यसको मापन गरिन्छ ।

*स्थिरता*

१४. **बाह्य बसाइसराइ (अभावबाट प्रेरित)** : यस सूचकले ती मानिसहरू जो आफ्नो जिल्ला बाहिर वा विदेश गई बसोबास गर्छन् तिनीहरूको संख्यामा आउने परिवर्तनको प्रतिशत मापन गर्दछ । बहुसंख्यक मानिसहरू लामो दूरी तय गरी बसाइ–सराइ गर्दछन् भने त्यसलाई अक्सर कठिन आर्थिक तथा सामाजिक अवस्था र खाद्य असुरक्षा वा जोखिमताको भरपर्दो सङ्केतको रूपमा लिन सकिन्छ । कुनै पनि व्यक्तिको नजिकैको जिल्लाको छिमेकी गा.वि.स.हरूमा गरिने स्थानान्तरणलाई बसाइ–सराइको रूपमा लिन मिल्दैन । मौसमी बसाइसराइको उत्तर चढाव मानिसहरूको बुझाइ र वा जिल्ला विकास समितिको अभिलेखसँग आधार मानेर तुलना गरिन्छ ।

१५. **नागरिक सुरक्षा (सामाजिक हिंसा र बन्द /अवरोध)**: यस सूचकले नागरिक सुरक्षाको सन्दर्भमा स्थानीय अवस्थाको जानकारी दिन्छ । गएको चार महिनाभित्र लगातार बन्द/चक्काजाम भएको दिनको संख्याद्वारा यसलाई मापन गरिन्छ तर उल्लेख्य हिंसाको घटनाहरू पनि समावेश गर्न सकिन्छ । नागरिक असुरक्षाको खाद्य असुरक्षासँग गहिरो सम्बन्ध छ र यो खाद्य असुरक्षाको कारक र प्रभाव दुवै हुन सक्दछ । यो सन्दर्भको नतिजा विचार गर्दा प्रत्यक्ष द्वन्द्वका पक्षमा बढी केन्द्रीत र आकर्षित हुन सक्छ तर अप्रत्यक्ष र अहिंसक द्वन्द्वहरू पनि समावेश गरिनु उतिकै महत्वपूर्ण छ जसले गर्दा मुख्य जीविकोपार्जन र सम्पत्तिबाट कतिपय समुदाय/ व्यक्ति बञ्चित भएका हुन सक्छन् ।

*प्रकोप र जोखिमता*

१६. **जलवायुजन्य जोखिमका घटनाहरूः बाढी, पहिरो, सुख्खा, हिमपात, असिनापात र हुरीबतास** : यो सूचकले प्राकृतिक प्रकोपका कारण खाद्य सञ्चिति र उत्पादनशील सम्पति माथि परेको प्रभावको सूचना दिन्छ । यसले नाश भएको कुल खाद्य सञ्चिति र सम्पत्तिको प्रतिशत मापन गर्दछ ।

१७. **विपद्जन्य घटनाहरूः भूकम्प, आगजनी**: यो सूचकले भुकम्प र आगजनी जस्ता विपद्का कारण कति प्रतिशत घरधुरी तथा खाद्य सञ्चिति र उत्पादनशील सम्पति माथि परेको सम्भाव्य प्रभावको सूचना दिन्छ ।

3

सन्दर्भ : सत्र

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

## *खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको परिभाषा*

प्रतिकार्य विश्लेषणका परिभाषाहरू विभिन्न छन् । यद्यपि, सम्पूर्ण परिभाषाहरू **खाद्य सुरक्षाका समस्याको सही समाधानका लागि उपयूक्त प्रतिकार्यको छनौट नैं** प्रतिकार्य विश्लेषण हो भन्ने कुरामा सहमत छन् । तल केही परिभाषाहरू सन्दर्भको लागि प्रस्तुत गरिएको छ ।

१. खाद्य सुरक्षा स्थितिको विश्लेषणबाट प्राप्त जानकारी तथा तथ्यहरूलाई आधार मानी प्रतिकार्य योजना निर्माण गर्न यी दुई पक्ष (विद्यमान स्थिति र प्रश्तावित प्रतिकार्य) बिच सम्बन्ध स्थापित गर्न मद्दत गर्दछ । यो प्रक्रियाले खाद्य सुरक्षाको स्थितिको विश्लेषणबाट प्राप्त जानकारीलाई थप रूजु तथा परिमार्जन गरी प्रमुख प्रतिकार्य पहिचान गर्न सहयोग गर्दछ । जसले गर्दा योजना निर्माण कर्तालाई "स्वीकार्य" संभावित प्रतिकार्यहरू पहिचान गर्न सहयोग पुग्दछ ।

*-खाद्य तथा कृषि सङ्गठन प्रतिकार्य विश्लेषण रूपरेखा*

२. यो एक विश्लेषण प्रक्रिया हो जसले सङ्कटकालिन अवस्थामा कार्यक्रमका उद्देश्य र उपयूक्त प्रतिकार्य पहिचान गर्नुका साथै कार्यक्रम संचालनबाट हुन सक्ने संभावित प्रतिकूल असरहरू कम गर्न मद्दत गर्दछ ।

*-खाद्य सुरक्षा सङ्कटमा प्रतिकार्य विश्लेषण र छनौट : मानवीय नीति सञ्जाल,* ODI Feb 2013

३. यो एक विश्लेषण प्रक्रिया हो जस्ले सङ्कटकालिन अवस्थामा कार्यक्रमका उद्देश्य र उपयूक्त प्रतिकार्य पहिचान गर्न सहयोग गर्दछ । "उपयूक्त" भन्नाले समुदायको जीविकोपार्जनका आवश्यकता पूरा गर्नुका साथै संस्थाका उद्देश्य, क्षमता र कार्य परिवेश अनुरूप सुहाउँदा हुन्छन् ।

*-अक्सफाम*


नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) ले प्रतिकार्य विश्लेषणलाई "**जिल्ला खाद्य सुरक्षा सञ्जालले खाद्य सुरक्षा स्थितिको विश्लेषणबाट प्राप्त जानकारी तथा तथ्यहरूलाई आधार मानी जिल्लामा खाद्य सुरक्षाका योजना निर्माण गरी विद्यमान जिल्ला विकास योजना तर्जुमा प्रक्रियामा संयोजन गर्न सहयोग पुऱ्याउने एक विधि वा प्रक्रिया हो ।**" भनी व्यावहारिक रूपमा परिभाषित गरेको छ ।

## खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको महत्व

- खाद्य सुरक्षा अवस्था विश्लेषण र प्रतिकार्य योजना निर्माण प्रक्रियाको बिच सम्बन्ध स्थापित गर्न मद्दत गर्दछ ।
- खाद्य सुरक्षा अवस्था विश्लेषणमा सूचनाको कमी कमजोरीहरूको पहिचान गर्ने र त्यसलाई भविष्यमा कम गर्न मद्दत गर्दछ ।
- विद्यमान अवस्थालाई गहिराईमा विश्लेषण गर्न मद्दत गर्नुका साथै खाद्य असुरक्षालाई सम्बोधन गर्न उपयुक्त प्रतिकार्यलाई पहिचान गर्न सम्भव बनाउँछ ।
- खाद्य असुरक्षाको कारणहरू र त्यसलाई सम्बोधन गर्न सम्भाव्य प्रतिकार्यका बारेमा सरोकारवालाहरू बिच सहमती निर्माण गर्न सहयोग गर्दछ ।
- प्रभावकारी साझेदारी र सहकार्य मार्फत कार्यक्रम संचालनमा थप बल (Synergy) निर्माण गर्न मद्दत गर्दछ ।
- खाद्य असुरक्षाको तत्काल र आधारभूत कारणहरू सम्बोधनका लागि रणनीतिक प्रतिकार्य निर्धारणमा सहजीकरण गर्दछ ।
- प्रतिकार्य विश्लेषण र योजना निर्माणमा स्थानीय सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्दछ ।

## खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको रूपरेखा र चरणहरू

खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण रूपरेखा (Framework) तत्कालिक खाद्य असुरक्षा (सङ्कटको अवस्था) तथा दीर्घकालिन खाद्य असुरक्षा सम्बोधनका लागि प्रतिकार्यहरू पहिचान गरी खाद्य सुरक्षा योजना निर्माणमा सहजीकरणमा सहयोग पुर्‍याउने उद्देश्यले विकास गरिएको हो । यो रूपरेखामा पाँच चरणहरू छन् : क) अवस्था विश्लेषण, ख) प्रतिकार्यका विकल्पहरूको पहिचान, ग) प्रतिकार्य योजना निर्माण, घ) कार्यान्वयन, र ङ) अनुगमन तथा मुल्याङ्कन ।




चित्र २: खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण रूपरेखा

प्रतिकार्य विश्लेषण सम्पन्न गर्नका लागि हरेक तहमा सम्पन्न गर्नुपर्ने आवश्यक मुख्य प्रक्रियाहरू तल प्रस्तुत गरिएको छ ।

### *क. अवस्था विश्लेषण*

- यस चरणमा खाद्य सुरक्षाको विद्यमान अवस्था के छ पहिचान गर्न नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको खाद्य सुरक्षा चरण वर्गिकरणका कम्तिमा दुई वर्षका जानकारीहरू सङ्कलन, विश्लेषण र सम्पादन गरिन्छ । यस विश्लेषणले जिल्लामा समग्र खाद्य तथा पोषण सुरक्षाको स्थिति कस्तो छ भन्ने जानकारीका साथै खाद्य असुरक्षाका तात्कालिक र अन्तरनिहित कारणबारे समेत जानकारी गराउँछ । यी जानकारी खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका लागि मुख्य सूचना हुन् ।
- ती सूचनाहरूको पुनरावलोकनको आधारमा खाद्य असुरक्षाको जड वा मुख्य कारणहरू पहिचानको लागि समस्या वृक्ष विश्लेषण विधिको प्रयोग गरी गहन विश्लेषणको सहजीकरण गरिन्छ । समस्या विश्लेषणको अवसरमा कुन जनसमुदाय, खाद्य असुरक्षाका मुख्य कारण, समस्याहरू पहिचान गर्न तल दिइएका मूल सवालहरूमा छलफल गरिन्छः
    - खाद्य असुरक्षाबाट को (कुन समूदाय वा जीविकोपार्जन समूह) प्रभावित छ ?
    - समस्या कति गम्भीर छ (समस्याको गम्भीरता र जटिलता) ?
    - त्यहाँ किन खाद्य असुरक्षा छ ?
- खाद्य असुरक्षाको तत्कालिक र आधारभूत कारणहरू पहिचानको लागि जड कारणहरूको (Root cause analysis) विश्लेषणमा केन्द्रित गरिन्छ ।
- खाद्य असुरक्षाको विश्लेषण अझबढि तथ्यपरक बनाउन जिल्लालाई मुख्य जीविकोपार्जनको सन्दर्भमा समेत जीविकोपार्जन क्षेत्रमा विभाजन गरिन्छ । यसरी निर्धारित जीविकोपार्जन क्षेत्रमा आधारित भएर खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका सबै चरण पूरा गरिन्छ ।
- यसका साथै, यस चरणमा सम्बन्धित जीविकोपार्जन क्षेत्रका खाद्य सुरक्षाका सन्दर्भमा सवल पक्ष, दुबल पक्ष, अवसरहरू र चुनौतीहरू विश्लेषण गर्नुको साथै खाद्य सुरक्षा र पोषणका क्षेत्रमा कार्यरत विकास निकाय र तिनका कार्यक्रमहरूबारे सरोकारवाला नक्शाङ्कन विधिद्वारा विश्लेषण गरिन्छ । यी सूचनाहरू प्रतिकार्यको विकल्पहरू पहिचान र प्रतिकार्य योजना निर्माण चरणमा प्रयोग गरिन्छ ।

### *ख) प्रतिकार्यका विकल्पहरूको पहिचान*

- अवस्था विश्लेषणको चरणमा समस्या विश्लेषण गरी तयार पारिएको समस्या वृक्ष उद्देश्य विश्लेषणको प्रमुख आधार हो । यो चरणमा खाद्य सुरक्षाका उद्देश्यहरू तथा ती उद्देश्य पूरा गर्न प्रतिकार्यका विकल्पहरू पहिचान गर्नमा केन्द्रित छ । यी उद्देश्यहरू समस्या विश्लेषणको क्रममा तयार भएको नतिजाहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छन् । उद्देश्य निर्माणका लागि उद्देश्य वृक्ष विश्लेषण विधि प्रयोग गरिन्छ । उद्देश्य वृक्ष विश्लेषणमा कारण विश्लेषणको क्रममा पहिचान गरिएका नकारात्मक भनाइलाई सकारात्मक भनाइमा परिवर्तन गरिन्छ ।
- यी हरेक उद्देश्य प्राप्त गर्न योगदान पुऱ्याउने प्रतिकार्यका विकल्पहरूको पहिचान गरिन्छ । सम्पूर्ण विचार/प्रतिकार्यका विकल्पहरू सूचीकृत गर्न प्रोत्साहन गर्नका लागि प्रतिकार्यको सम्भाव्यतालाई यस चरणमा विचार गरिदैंन ।

### *ग) प्रतिकार्य योजना तर्जुमा*

- यस चरणमा पहिचान गरिएका प्रतिकार्यका विकल्पहरूको सम्भाव्यता विश्लेषण र प्राथमिकिकरण गरिन्छ ।

- प्रतिकार्यको प्राथमिकिकरणमा मुख्यतः समुदाय/गा.वि.स./जिल्लाले आफ्नै श्रोत प्रयोग गर्न सक्ने वा वाह्य श्रोतको आवश्यकता पर्ने वा नपर्ने बारे छलफल गरिन्छ ।
- प्राथमिकिकरणको अवसरमा प्रतिकार्य कार्यान्वयनका लागि प्राविधिक उपयुक्तता, समयावधि, सान्दर्भिकता, प्राविधिक, व्यवस्थापीय क्षमताका साथै कार्यक्रमबाट पर्न सक्ने नकारात्मक प्रभावहरूको सम्भाव्यता र वित्तिय पक्षहरूमा पनि ध्यान दिइन्छ ।
- प्रतिकार्य पहिचान चरणमा तयार पारिएको प्रतिकार्य तालिका (Response Matrix) खाद्य सुरक्षा प्रतिकार्यको विस्तृत योजना निर्माणका लागि आधार हुन्छ ।
- यस चरण अन्तर्गत तयार मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य योजना जिल्ला खाद्य सुरक्षा सञ्जाल तथा जिल्ला विकास समितिले अनुमोदन गर्दछ ।
- अनुमोदित खाद्य सुरक्षा प्रतिकार्य योजना जिल्लाको वार्षिक जिल्ला विकास योजना तर्जुमा प्रक्रियामा संयोजन गरिन्छ ।
- वचनबद्धता प्राप्तिको लागि प्रस्तावित प्रतिकार्य गा.वि.स./जि.वि.स.. र जिल्ला परिषद् अन्तर्गत वार्षिक योजनामा अनुमोदन हुनुपर्दछ । यस प्रयोजनका लागि जिल्ला खाद्य सुरक्षा सञ्जालले तयार गरेको खाद्य सुरक्षा प्रतिकार्य योजना पूनरावलोकन र अनुमोदनका लागि जि.वि.स. मा पेश गर्दछ ।
- जिल्ला खाद्य सुरक्षा सञ्जालले उपलब्ध गराएको वार्षिक खाद्य सुरक्षा प्रतिकार्य योजना अनुमोदन पश्चात् जि.वि.स. मार्फत सम्बन्धित गा.वि.स., अन्य विकास संस्थाहरूमा उपलब्ध गराइन्छ । यी खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण योजनाले खाद्य सुरक्षाका क्रियाकलापहरू पहिचान र जिल्लाको वार्षिक योजनामा समावेश गर्न मद्दत गर्दछ ।

### *घ) कार्यान्वयन*

- योजना अनुमोदन भएपछि कार्यान्वयनका लक्षित उद्देश्यहरूको प्राप्ति गर्न श्रोतको उपलब्धता र जिल्लाका सरोकारवालाहरूको वचनबद्धतामा निर्भर गर्दछ ।
- जिल्लाको वार्षिक योजनामा समाविष्ट क्रियाकलाप आगामी आर्थिक वर्षमा संचालन गरिन्छ ।


### *ङ) अनुगमन तथा मुल्याङ्कन*

- नियमित अनुगमन तथा मुल्याङ्कन खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण रूपरेखाको मुख्य पक्ष हो । कार्यान्वयनको अवसरमा पहिचान गरिएका पृष्ठपोषण खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण रूपरेखाको हरेक मुख्य चरणहरूको प्रक्रियामा सुधार गर्नका लागि प्रयोग गरिन्छ ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका अवसरमा तयार पारिएको अनुगमन तथा मुल्याङ्कन योजना अनुरूप वार्षिक खाद्य सुरक्षा योजना कार्यान्वयनको अनुगमन तथा मुल्याङ्कन कार्यका साथै वार्षिक रूपमा समीक्षा गरिन्छ ।
- यस चरण अन्तर्गत जिल्लामा नियमित रूपमा संचालन गरिने अनुगमनका कृयाकलाप नै पर्दछन् । यस अन्तर्गत मुख्यतः खाद्य सुरक्षा प्रतिकार्य योजनाको पूनरावलोकन र प्रगति प्रतिवेदन, नियमित अनुगमन, सार्वजनिक लेखा र सुनुवाई र वार्षिक समीक्षा पर्दछन् ।

## खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका प्रकारहरू

प्रतिकार्य विश्लेषण खाद्य असुरक्षाको तत्कालिक र मूलभूत कारणहरू सम्बोधनका लागि क्रमशः तत्काल प्रतिकार्य विश्लेषण र वार्षिक प्रतिकार्य विश्लेषण गरिन्छ । अर्थात् खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिले निम्न दुई प्रकारको प्रतिकार्य विश्लेषण सञ्चालन गर्दछः क) **तत्काल प्रतिकार्य विश्लेषण तथा योजना निर्माण** र ख) **वार्षिक वा आवधिक प्रतिकार्य विश्लेषण तथा योजना निर्माण ।**

तलको चित्रमा जिल्लामा खाद्य सुरक्षा चरण वर्गीकरण नतिजाको आधारमा सम्भाव्य प्रतिकार्य विश्लेषणको प्रकार प्रस्तुत गरिएको छ । यदि कुनै निर्धारित क्षेत्रको चरण वर्गीकरण नतिजा चरण ३ वा सो भन्दा माथि छ र तत्काल प्रतिकार्य विश्लेषण आवश्यकता छ भन्ने कुरा खाद्य सुरक्षा सञ्जालले महशुस गरेको अवस्थामा तात्कालिक प्रतिकार्य विश्लेषण गरिन्छ अन्यथा वार्षिक रूपमा वा आवधिक प्रतिकार्य योजना निर्माण गर्न प्रतिकार्य विश्लेषण गरिन्छ ।




चित्र ३: प्रतिकार्य विश्लेषणका प्रकार

- **तत्काल प्रतिकार्य विश्लेषण** : माथि उल्लेख गरे जस्तै, नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको खाद्य सुरक्षा चरण वर्गीकरण नतिजा अनुसार चरण ३ र सो भन्दा माथि परेका क्षेत्रमा खाद्य सुरक्षा चरण वर्गीकरण पश्चात् तत्काल प्रतिकार्य विश्लेषण आवश्यक परे तत्काल प्रतिकार्य विश्लेषण गरी खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण गरिन्छ । यस विश्लेषणको उद्देश्य भनेको जीवन र जीविकोपार्जन बचाउका लागि तत्काल खाद्य सङ्कट सम्बोधन गर्न प्रतिकार्य योजना निर्माणमा सहजीकरण गर्नु हो । प्रतिकार्य जतिसक्दो चाँडै संचालन गर्नु पर्ने हुनाले यस प्रक्रिया अन्तर्गत तयार गरिएको प्रतिकार्य योजना जिल्ला खाद्य सुरक्षा सञ्जालको अनुमोदन र सम्बन्धित निकायहरू लगायत जिल्ला प्रशासन कार्यालयको स्वीकृती पश्चात् तत्काल कार्यान्वयन गरिन्छ ।

- **आवधिक/वार्षिक प्रतिकार्य विश्लेषण** : यस किसिमको प्रतिकार्य विश्लेषण आवधिक/वार्षिक रूपमा गरिन्छ । यस किसिमको प्रतिकार्य विश्लेषण गरी प्रतिकार्य योजना निर्माणको उद्देश्य खाद्य असुरक्षाको तत्काल र मूलभूत कारणहरू सम्बोधन गर्नु हो । यस विश्लेषणको नतिजा जिल्लाको आवधिक/वार्षिक जिल्ला विकास योजना तर्जुमा प्रक्रियासँग संयोजन गरिन्छ । हरेक वर्ष कार्तिक/मंसिरमा शुरू हुने वार्षिक जिल्ला विकास योजना तर्जुमा प्रक्रिया मार्फत गा.वि.स., जि.वि.स. र जिल्ला परिषद्को अनुमोदन पश्चात् आउँदो आर्थिक वर्षमा प्रतिकार्य योजना कार्यान्वयन गरिन्छ ।

४

सन्दर्भ : सत्र

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको पृष्ठभूमि

तालिम सत्रको शुरूवातमा नैं अपेक्षा, सक्रिय सहभागीताको महत्व र हरेक सहभागीको योगदानको महत्व स्पष्ट पार्नु आवश्यक छ । वातावरण कत्तिको अनुकुल बनाउन सकिन्छ भन्ने कुरा सहजकर्ताको भूमिकामा निर्भर हुन्छ । यसका लागि, निम्न कुरामा गम्भीर छलफल गर्नु पर्दछ : खाद्य सुरक्षा कार्यक्रमको सन्दर्भमा जिल्लामा कस्तो अवस्था छ, यो अवस्था सुधार गर्न के कस्ता पहल भएका छन् । यी पहलका लागि योजना कसरी निर्माण हुन्छन्? तथ्यमा र आवश्यकतामा अधारित हुन्छन वा हुँदैनन । यस तालिमले सो प्रक्रियामा कमी (यदि कुनै भएमा) पूरा गर्न कत्तिको मद्दत पुऱ्याउनेछ ? भन्ने कुराका साथै सहभागीहरूले तालिममा सिकेको ज्ञान र सीप उनीहरूको व्यावसायिक र संस्थागत प्रभावकारिता अभिवृद्धिमा प्रयोग हुने कुराको स्पष्ट बुझाई नभएसम्म उनीहरूबाट सक्रिय सहभागीताको अपेक्षा गर्नु व्यवहारिक हुँदैन । यसै सन्दर्भमा निम्न मामिलामा आधारित संक्षिप्त सत्र सहजीकरण गर्न महत्वपूर्ण छ । यस छलफलले खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिम र योजना निर्माण प्रक्रियाले जिल्लाको मौजुदा योजना तर्जुमा प्रक्रियालाई तथ्यमा आधारित बनाउन योगदान पऱ्याउँछ भन्ने सन्देश दिनु हो ।

## साङ्ग्रीला जिल्ला

साङग्रीला जिल्ला सेकुरष्तिान देशमा पर्दछ । यो जिल्ला भौगोलिक अवस्था, वातावरण एवं उत्पादकत्व बिविधताको हिसावले बिभिन्न क्षेत्रहरूमा बिभाजन गरिएको छ । उत्तरी क्षेत्रको पहाडी भेगका **सिउंडबारी**, **चण्डिदेवी**, **हिउंखानी**, **बाघमारे**, **भेडाबारी**, **यती** गा.वि.स.हरूमा कृषियोग्य जमिन तथा उत्पादन समग्रमा न्यून छ ।

**बाघमारे**, **सिउंडबारी** गा.वि.स.हरूमा केहि संख्यामा सिमान्तकृत समुदायहरूको बस्ती पनि छ । यो क्षेत्रको मुख्य बाली मकै हो । **नर्थीकिस्तान**सँगको हस्तकला सामग्रीहरूको ब्यापार र मध्य भेगका गा.वि.स.हरूसँगको गैरकाष्ठ बन पैदावारको एक आपसमा साटासाटको ब्यापार प्रचलनमा छ । यी उत्तरी क्षेत्रका गा.वि.स.हरूको मुख्य जीविकोपार्जनका माध्यम हुन् ।

**सिउंडबारी**, **बाघमारे** गा.वि.स.हरूको मुख्य आम्दानीको स्रोत गैरकाष्ठ बनपैदावारको बिक्री हो । यी उत्तरी भेगका गा.वि.स.हरूमा खेतीयोग्य जमीन न्युन छ । **भेडाबारी र यती** गा.वि.स.का मानिसहरू कम्तीमा ४ महिना कामको खोजीमा छिमेकी राष्ट्र **नर्थीकिस्थान** जाने गर्दछन र यहि कमाईबाट त्यहाँका मानिसहरूको बार्षिक घर खर्च चल्नमा प्रमुख रूपमा सहयोग पुऱ्याएको छ । यहाँको मुख्य खाना मकै हो । यो क्षेत्रका

केहि गा.वि.स.हरूको अन्तरसिमाना ब्यापार छ त्यसै यस क्षेत्रको पशुजन्य उत्पादन को राम्रो संभावना छ । यहांका प्रमुख समस्यामा बिकासका पुर्वाधारहरूको कमी र सरसफाईको कमी आदि प्रमुख रुपमा रहेका छन् । यहाँका बालबालिकाहरूको कुपोषणको स्थिति बढि देखिन्छ ।

**सुन्तले, चौरीखर्क, स्याउबारी, महाराजगञ्ज, विराटचोक, हरियागाउं, आहाले** गा.वि.स.हरू मध्य पहाडी क्षेत्रमा पर्दछन । यहाँको कृषि योग्य जमिन र उत्पादकत्व मध्यम स्तरीय छ । यस क्षेत्रको मुख्य बालीहरू मकै र कोदो हो । यहाँका समुदायका मुख्य जीविकोपार्जनको स्रोत कृषि भएता पनि धेरै परिवारहरू ज्याला मजदुरीको लागि दक्षिणी भेगका गा.वि.स.हरूमा जाने गर्दछन । केहि घरपरिवारहरू साना पसलहरू चलाएर पनि जीविकोपार्जन चलाई रहेका छन । ज्याला, मजदुरी यस क्षेत्रको अर्को मुख्य आम्दानीको स्रोत भएता पनि यसबाट पर्याप्त रूपमा खाद्यन्न किनेर खान नपुगेको अवस्था छ । बनजङ्गल फडानी एवं भ–क्षय ब्याप्त छ । सडकहरू र अन्य निर्माण कार्य जथाभावि रूपमा गरिएकाले भू क्षयको अवस्थामा तिव्रता छ । त्यसैगरि सिँचाई परियोजनाहरू अव्यवस्थित हुनाका साथै सुचारू रूपमा प्रयोगमा आएका छैनन् ।

**पार्वतीपुर, रामजानकी, कृष्णपुर, सीतापुर, हरीपुर, विष्णुटार र सिमलचौर** गा.वि.स.हरू दक्षिणी भेगमा अवस्थित छन् । यहाँको धरातल समान्यतया समतल हुनाका साथै कृषि योग्य जमिन छ । धान र केहि नगदे बालीहरूको खेती हुन्छ । नदी किनाराका केहि गा.वि.स.हरूमा कमैयाहरूले तरकारी खेती गर्दछन । मुक्तकमैयाहरूको एक मात्र जीविकोपार्जनको आधार नै तरकारी बिक्रीबाट हुने आम्दानी हो । **कृष्णपुर** गा.वि.स.को काउले भन्ने गाउँमा राम्रो बजार छ । जसका कारण छिमेकी गा.वि.स.हरू **महाराजगञ्ज, विराटचोक, कृष्णपुर, हरीपुर**का मानिसहरूले आपनो उत्पादन **विष्णुटार** बिक्री गर्न अवसर पाएका छन र यी गा.वि.स.हरूका धेरै जसो घरधुरीहरू ब्यापारमा संलग्न छन् । **सिमलचौर, रामजानकी र पार्वतीपुर** सिमानामा एउटा नदी बग्दछ जसबाट यी गा.वि.स.हरूमा कृषि योग्य जमिनमा सिचाई र माछा मार्ने अवसर मिलेको छ । यी गा.वि.स.हरूको परिवारले माछा बिक्रीबाट पनि राम्रो आम्दानी गरेको देखिन्छ । बर्षा ऋतुमा आउने बाढीले सडक बन्द हुने, तरकारी वालीमा बढि बिषादिको प्रयोग हुनु, अब्यव्यस्थित पुर्वाधार एवं भवनहरूको निर्माण कार्य र अव्यवस्थित झुपड बस्ती र त्यहांका बालबालिकाहरूको चर्को कुपोषण यस क्षेत्रका प्रमुख समस्याहरू हुन ।

**सिउंडबारी र बाघमारे** गा.वि.स.हरूमा सिचाईका लागि पर्याप्त स्रोतहरू छन । तर ती उत्तरी भेगको गा.वि.स.हरूको मानिसहरूको जिल्लातहमा योजना निर्माणमा पहुँच र सहभागिता नभएकोले सिचाईका स्रोतहरूलाई प्रयोगमा ल्याउन सकिरहेका छैनन् । दक्षिणी भेगका सिमलचौर, **रामजानकी र पार्वतीपुर** गा.वि.स.हरूमा जिल्ला तहमा पहुँचवाला भएका ब्यक्तिहरूको बाहुल्यता छ जसका कारण ६ वटा सिचाई परियोजनाहरू जथाभावी रूपमा निर्माण गरिएका छन् । **सहयोगी र स्मारक** भन्ने संस्थाहरूले पनि आफ्ना सबै कार्यहरू यिनै गा.वि.स.हरूमा लक्षित गरी संचालन गरेका छन । **हरिपुर** गा.वि.स.मा निर्माणाधिन पुलको ठेकेदार निर्माण कार्य छाडेर फरार भएको कारणले पुलको निमार्ण कार्य ठप्प छ । समुदायलाई निमार्णकार्यको योजना, बजेट तथा कार्यान्वियनबारे केहि जानकारी छैन । जिल्लाको आवधिक योजनाले **यती** गा.वि.स.मा उत्पादनमुलक कार्यक्रमहरू गरेर ५ बर्षमा खाद्यान्नमा आत्मनिर्भर गराउने भन्ने उल्लेख भए पनि ३ बर्ष बित्तिसक्दा पनि गा.वि.स.को स्वलगानी तथा कुनै सरकारी एवं गैर सरकारी संघ संस्थाहरूबाट सहकार्यका लागि पहलकदमी भएको देखिंदैन । **विराटचोक** गा.वि.स.मा ६ महिना अगाडि सडक तथा खानेपानी निर्माण कार्य सम्पन्न भएको जानकारी आएको थियो । तर यथार्थमा **विराटचोक**का जनताहरू यथार्थ के हो बताउन पनि सक्दैनन् ।

केहि दुर्गम गा.वि.स.हरूमा सिमान्तकृत समुदायहरू र विपन्न घरधुरीहरू बर्षैभरीको आफ्नो उत्पादनले ६ महिना भन्दा बढि खान पुग्दैन, खाद्य असुरक्षाको चरम जोखिममा गुज्रिइरहेका भएता पनि समग्रमा **साङग्रीला** जिल्ला मध्यम स्तरीय खाद्य असुरक्षित अवस्थामा छ । गैरकाष्ठ बनपैदावारको प्रशोधन एवं बिक्री बढ्दो कृषिजन्य एवं नगदे बालीको खेतीबाट आयआर्जनका अवसरहरूलाई यस जिल्लाका मुख्य सम्भाब्यताका रूपमा लिन सकिन्छ ।

**साङग्रीला जिल्लाको वस्तुस्थितिबारेको उपर्यूक्त जानकारीको आधारमा यस जिल्लाका प्रमुख समस्या के हुन । उपर्यूक्त समस्या समाधानका लागि पर्याप्त स्रोतको लगानी हुंदा हुँदै पनि अपेक्षित उपलब्धि हुन नसक्नुका कारण के के हुन ? तपाईंहरूको अनुभवमा यहाँ उल्लेखित अवस्थामा अपेक्षित उपलब्धि हुन नसक्नुका कारण के हुन सक्लान सो समेत उल्लेख गर्नुहोला ।**

## *घटना अध्ययनः समाधानका सुझावहरूबारे छलफल गरी निचोड निकाल्नुहोस् ।*

### *सम्भाव्य मुद्दाहरूः*

- समस्याका कारणको अपर्याप्त विश्लेषण (कारक तत्वको विश्लेषण)
- प्रभावकारी सहकार्य र साझेदारीमा कमी
- सञ्चार प्रभावकारी नहुनु
- अनुगमन र पृष्ठपोषणको सिकाइ/उपयोग प्रभावकारी नहुनु
- तथ्यमा आधारीत योजना निर्माण नहुनु
- कार्यक्रममा दोहोरोपना
- पहूँचवालाको बोलाबाला
- समुदायको सहभागीतामा कमी आदि ।

५

सन्दर्भ : सत्र

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण (जीविकोपार्जन क्षेत्र निर्धारण)

## *जीविकोपार्जनको परिभाषा*

जीविकोपार्जन भन्नाले घरधुरीहरूले राम्रो वा नराम्रो दुवै समयमा जीवन निर्वाहका लागि आवश्यक साधनहरू जुटाउने माध्यमहरूको समग्र स्वरूप हो । साधारणतया यी आवश्यकताहरूमा खाद्य, पानी, आवास, लत्ता कपडा, स्वास्थ्य सेवा, शिक्षा समावेश गरिएको हुन्छ ।

घरधुरीलाई जीविकोपार्जनको विश्लेषणको इकाइको रूपमा लिइन्छ किनकि घरधुरी नैं उत्पादन, आम्दानीको आदानप्रदान र उपभोगको केन्द्र हो । जीविकोपार्जनका तौर तरिका एक क्षेत्र देखि अर्को क्षेत्रमा फरक हुन्छ त्यसैले जीविकोपार्जनमा आधारीत विश्लेषणका लागि **जीविकोपार्जन क्षेत्र नक्सा** (Livelihood Zone Map) तयार गर्ने कुरा महत्वपूर्ण पक्ष हो । जलवायु, भूमि, बजारको पहुँच जस्ता पक्षहरूले जीविकोपार्जनको तौर तरिकामा प्रभाव पार्दछ । उदाहरणका लागि, उर्वर समतल क्षेत्रमा बस्ने मानिसहरूको जीविकोपार्जनको उपायहरू उच्च हिमाली भेगमा बस्ने मानिसहरूको भन्दा भिन्न हुन्छ । हिमाली क्षेत्रमा बस्ने मानिसहरूले सामान्यतया पशुपालन, गैर काष्ठ वन पैदावारसँग सम्बन्धित जीविकोपार्जनको उपाय अपनाएको पाइन्छ भने समतलमा बसोबास गर्ने मानिसहरूले बाली उत्पादनका उपाय प्रमुख हुने गर्दछन् । त्यसैगरी नदी तथा तालको वरपर बस्ने मानिसहरूले माछा मार्ने वा सोसँग सम्बन्धित अन्य व्यवसायहरू गर्न सक्दछन् ।

**जीविकोपार्जन क्षेत्र नक्सा भन्नाले उस्तै उस्तै जीविकोपार्जन भएका मानिसहरू बसोबास गर्ने क्षेत्र छुट्टयाई प्रस्तुत गरिने नक्शा हो ।**

जीविकोपार्जन क्षेत्र किन छुट्टयाउने ?

१) मानिसहरू कसरी जीविका चलाइरहेका छन् भन्ने सन्दर्भमा निर्धारित क्षेत्र वा समुदायको सूचना उचित रूपमा प्रस्तुत गर्न मद्दत गर्दछ ।

२) यदि योजनाकारलाई स्थानीय जीविकोपार्जनका बारेमा जानकारी छ भने स्थानीय परिस्थितिमा उचित खालको कार्यक्रम/प्रतिकार्य निर्माण गर्न सकिन्छ र प्रस्तावित कार्यक्रम विद्यमान परिस्थितिसँग उपयुक्त मेल छ वा छैन जान्न मद्दत पुग्दछ ।

खाद्य सुरक्षाका सन्दर्भमा कुन जीविकोपार्जनमा आधारित समुदाय वा घरपरिवार खाद्य असुरक्षित छ भनी गरिने विश्लेषणले खाद्य असुरक्षा सम्बोधनका प्रयास कसरी निर्धारण गर्ने भन्नेबारे आधारभूत जानकारी उपलब्ध गराउने हुनाले प्रतिकार्य योजना सान्दर्भिक बनाउन योगदान गर्दछ । त्यसैगरी विभिन्न जीविकोपार्जन समूहमा आधारित समुदाय वा घरपरिवार जोखिमताको सन्दर्भमा उत्थानशिलता (Resilience) पनि फरक फरक हुन्छ ।

**जीविकोपार्जन क्षेत्र निर्धारणको प्रक्रिया**

प्रायः जीविकोपार्जनहरू जटिल हुन्छन् र विभिन्न पक्षहरूबाट निर्धारित हुन्छन् । जीविकोपार्जन क्षेत्र निर्धारण प्रक्रियालाई सहज पार्नका लागि विश्लेषकले तीन मुख्य पक्षहरूमा केन्द्रित भई जीविकोपार्जन क्षेत्र निर्धारण गर्न सक्दछन । ती तिन पक्षहरू निम्न प्रकार छन् :

**क.** **भूगोल** : भूगोलले जीविकोपार्जन निर्धारणमा महत्वपूर्ण भूमिका खेल्दछ । भौगोलिक पक्षहरूका दुई पाटा हुन्छन्: **प्राकृतिक** र **मानव निर्मित** । सबैभन्दा महत्वपूर्ण प्राकृतिक पक्षहरूमा भौगोलिक स्थिति (हिमाल, तटिय, नदी, समतल लगायतका कुनै पनि क्षेत्रको भौतिक संरचना), उचाई, माटो, जलवायु (तापक्रम र वर्षा) र बनस्पती पर्दछन् । मानव निर्मित महत्वपूर्ण पक्षहरूमा भौतिक पूर्वाधारहरू (सडक, विद्युत, सिंचाई, दूरसंचार आदि) पर्दछन् ।

**ख.** **उत्पादन** : ग्रामीण उत्पादन प्रणाली विभिन्न किसिमका हुन्छन्: आधारभूत रूपमा कृषि, कृषि–पशुपालन र पशुपालन प्रणाली आदि पर्दछन् । उत्पादन प्रणाली पनि विभिन्न पक्षहरूले निर्धारण गर्दछ, जसमध्ये भौगोलिक पक्ष सबैभन्दा महत्वपूर्ण हो । अन्य पक्षहरूमा बजार प्रणाली (एक वस्तुको तुलनामा अर्कोको माग हुनु, व्यावसायीको अनुभव र पूंजी), वित्तिय र बैंकिङ्ग प्रणाली (ऋणको उपलब्धता र ऋण लिन सक्ने क्षमता), र सरकारी नीति (विकास नीति, मुल्य निर्धारण नीति, उत्पादन सामाग्रीहरूको आपूर्तिको नीति आदि) । दुई जीविकोपार्जन क्षेत्र भौगोलिक रूपमा एकै क्षेत्रमा पर्न सक्दछन् तर एउटा खाद्यान्न तथा पशुजन्य उत्पादनमा आधारीत हुन सक्छ भने अर्को ऊखु उत्पादन क्षेत्र भएकाले ऊखु सो क्षेत्रका कृषकहरू वाली उत्पादनमा प्रोत्साहित छन् भने संँगै प्रशोधन कारखाना हुनाका साथै अन्तिम उत्पादन बजारसम्म पुर्‍याउनका लागि राम्रो सडक सञ्जाल पनि हुनसक्छ । त्यसले गर्दा नगदे बालीमा आधारित जीविकोपार्जन हुन सक्छ ।

**ग.** **बजार/व्यवसाय** : बजार प्रणालीले उत्पादनको बेचबिखन, वस्तु र सेवाहरूको व्यापार र रोजगारीका (औपचारिक र अनौपचारिक दुवै क्षेत्रमा) अवसरहरूको अवस्था निर्धारण गर्दछ र जीविकोपार्जनमा यी पक्षहरूले गहन प्रभाव पार्दछन् । निम्न तीन पक्षहरू विशेषतः महत्वपूर्ण छन् : १) उत्पादन, वस्तुहरू, सेवाहरू र ज्यालादारी कामको **माग**; २) यी वस्तुहरूको प्रभावकारी **बजार** व्यवस्थापन; र ३) बजार र व्यापार क्रियाकलापहरूलाई सहयोग गर्ने खालको आधारभूत **पूर्वाधारहरू** ।

- **माग** को अस्तित्व हुनु अवश्य पनि मुख्य पक्ष हो । उदाहरणका लागि, ग्रामीण जीविकोपार्जनको ढाँचामा शहरी क्षेत्रको निकटताले ठूलो प्रभाव पार्दछ (शहरी क्षेत्रमा फलफुल र तरकारी जस्ता ग्रामीण उत्पादन वा अदक्ष ज्यालादारी कामदारहरूको माग) ।
- बजार प्रणालीको **प्रभावकारीता** पनि महत्वपूर्ण छ । व्यापारीहरूको अनुभव, उनीहरूको पूंजी माथिको पहुंच, ऋण तथा साधनहरू (ट्रक, गोदामहरू), र व्यापारमा प्रभाव पार्ने सरकारी नीति र कानून (लाइसेन्स, कर प्रणाली आदि) लगायतका विभिन्न पक्षहरूले बजार व्यवस्थापनको निर्धारण गर्दछ ।
- अन्नतः **पूर्वाधारहरू**को अवस्थाः विशेष गरी यातायात तथा सञ्चारको बजार प्रणालीमा महत्वपूर्ण प्रभाव हुन्छ ।

# ६

सन्दर्भ : सत्र

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण (समस्या विश्लेषण)


## *जिल्लाको समग्र खाद्य सुरक्षा अवस्था*

खाद्य सुरक्षा अवस्था सम्पादन (कम्तिमा ६ अनुगमन अवधि)ः नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीले चौमासिक रुपमा खाद्य सुरक्षा अवस्थाको विस्तृत जानकारी प्रदान गर्दछ । खाद्य सुरक्षा वर्गीकरणले कुनै एक चौमासिकको खाद्य सुरक्षाको अवस्था प्रस्तुत गर्दछ, जुन विभिन्न अनुगमन अवधिमा परिवर्तन हुन सक्दछ; अतः गा.वि.स.⁄ जिल्लाको समग्र खाद्य सुरक्षाको अवस्था बुझ्नका लागि गत वर्षका विभिन्न अनुगमन अवधिको अवस्थालाई हेर्नु पर्दछ । यसले विभिन्न वर्षहरूको सम्पादन गरिएको चरण वर्गीकरण सूचनाहरूले समग्र खाद्य सुरक्षा अवस्था देखाउँदछ र विश्लेषण र प्रतिकार्य विश्लेषण र खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माणमा वृहत दृष्टिकोण प्रदान गर्दछ ।

**जिल्ला खाद्य सुरक्षा चरण वर्गीकरण सूचना सङ्कलन तथा सम्पादन प्रक्रियाः**

| विवरण | पहिलो बर्ष (प्रथम चौमासिक अनुगमन) | पहिलो बर्ष (दोश्रो चौमासिक अनुगमन) | पहिलो बर्ष (तेश्रो चौमासिक अनुगमन) | दोश्रो बर्ष (प्रथम चौमासिक अनुगमन) | दोश्रो बर्ष (दोश्रो चौमासिक अनुगमन) | दोश्रो बर्ष (तेश्रो चौमासिक अनुगमन) | समग्र अवस्था |
|---|---|---|---|---|---|---|---|
| **समग्र अवस्था** (जिल्लाको समग्र खाद्य सुरक्षा अवस्थाको सूचना सहित) | | | | | | | |
| **मुख्य कारणहरू** (खाद्य असुरक्षाका कारणहरू संक्षेपमा व्याख्या गर्नुहोस्) | | | | | | | |
| खाद्य सुरक्षाका आयाममा नकारात्मक प्रभाव | उपलब्धता, पहुँच र उपयोगको अवस्थाबारे सान्दर्भिक खाकामा व्याख्या गर्नुहोस् । | | | | | | |
| **उपलब्धता** (यदि उपलब्धता खाद्य सुरक्षा प्राप्त गर्नमा वाधक भए किटान गर्नुहोस्) | | | | | | | |

| विवरण | पहिलो बर्ष (प्रथम चौमासिक अनुगमन) | पहिलो बर्ष (दोश्रो चौमासिक अनुगमन) | पहिलो बर्ष (तेश्रो चौमासिक अनुगमन) | दोश्रो बर्ष (प्रथम चौमासिक अनुगमन) | दोश्रो बर्ष (दोश्रो चौमासिक अनुगमन) | दोश्रो बर्ष (तेश्रो चौमासिक अनुगमन) | समग्र अवस्था |
|---|---|---|---|---|---|---|---|
| **पहुँच** (यदि पहुँच खाद्य सुरक्षा प्राप्त गर्नमा वाधक भए किटान गर्नुहोस्) | | | | | | | |
| **उपयोगिता** (यदि उपयोगिता खाद्य सुरक्षा प्राप्त गर्नमा वाधक भए किटान गर्नुहोस्) | | | | | | | |
| को, कहाँ, कति जना, र खाद्य असुरक्षा कारणहरू (जीविकोपार्जन समेत) **व्याख्या गर्नुहोस् ।** | | | | | | | |



**"समस्या" को परिभाषाः**

"यदि मसँग यो संसारलाई बचाउनका निम्ति एक घण्टाको समय छ भने मैले समस्या विश्लेषणमा ५५ मिनेट र समस्याको समाधान पत्ता लगाउनमा केवल पाँच मिनेट मात्र खर्च गर्नेछु"
**- आइन्स्टाइन**

यस भनाइले समस्या समाधानका उपायमा सोझै हाम फाल्नु भन्दा पहिले समस्याको बारेमा हाम्रो बुझाइलाई गहन बनाउन समय र शक्ति लगाउनुपर्छ भन्ने कुरामा जोड दिन्छ ।

समस्यालाई अपेक्षित अवस्था र बास्तविक मौजुदा अवस्थाको अन्तर हो भनेर पनि व्याख्या गर्न सकिन्छ ।

- "के छ ?" को तुलनामा "के हुनु पर्ने हो ?"
- "के उपलब्ध छ ?" को तुलनामा "के आवश्यक छ ?"

विद्यमान अवस्था र चाहेको अवस्थाको बिचको भिन्नतालाई समस्याको रूपमा परिभाषित गर्न सकिन्छ ।

समस्या विश्लेषणः समस्याको स्पष्ट बुझाइका लागि विभिन्न उपायहरू छन् ती मध्ये "समस्या वृक्ष विश्लेषण" (Problem Tree Analysis) पनि समस्याको गहिरो विश्लेषण गर्न सहयोग गर्ने एक विधि हो । यसले समस्याका कारण (Cause) र असरहरू (Effect) को तार्किक विश्लेषण गरी समस्याको समग्र बुझाईमा प्रष्टता ल्याउंछ । तलको भागमा समस्या वृक्ष विश्लेषण सञ्चालन गर्ने प्रक्रिया प्रस्तुत गरिएको छ ।

# समस्या वृक्ष विश्लेषण

समस्या वृक्ष विश्लेषण विभिन्न परियोजना निर्माणको महत्वपूर्ण चरण हो र विभिन्न विकास निकायहरूले यो प्रक्रियालाई प्रयोग गर्दछन् । समस्या वृक्ष विश्लेषणले (जसलाई अवस्था विश्लेषण पनि भनिन्छ)

समस्याका विभिन्न कारणहरू र ती कारणहरूबाट सिर्जित परिणाम/ नतिजालाई व्यवस्थित रूपमा नक्शांकन गरी समस्याको गहिराईसम्म पुग्न मद्दत गर्दछ । समग्रमा विश्लेषणका निम्न फाइदाहरू छन् ।

- समस्यालाई व्यवस्थापन र व्याख्या गर्न सकिने गरी स-साना टुक्रामा विभाजन गर्न सकिन्छ । यसले गर्दा कारक तत्वलाई स्पष्ट प्राथमिकिकरणलाई सहज बनाउनका साथै उद्देश्यहरूमा केन्द्रित हुन मद्दत गर्दछ;
- समस्यालाई अझ स्पष्ट रूपमा बुझ्न सकिन्छ जुन कारणहरू प्रायजसो एक अर्कासँग सम्बन्धित हुन्छ र कहिलेकाहिं परस्परमा विरोधी पनि हुन्छन्;
- प्रस्तुत मुद्दा सशक्त बनाउन वा यथार्थपूर्ण समाधानका उपाय प्रस्तावित गर्नका लागि थप सूचना, प्रमाण वा श्रोतको आवश्यकता छ वा छैन भन्ने थाहा पाउन मद्दत पुऱ्याउँछ;
- विश्लेषणको प्रक्रियाले समस्याबारे साझा बुझाई तथा उद्देश्य र क्रियाकलापहरूबारे एकै प्रकारको धारणा निर्माण गर्न मद्दत गर्दछ ।

**समस्या वृक्ष विश्लेषण चरणहरू:**

समस्या वृक्ष विश्लेषण छ देखि आठ जना मानिसहरूको सानो केन्द्रित समूहमा फ्लीप चार्ट, ट्रान्परेन्सी वा मेटा कार्ड प्रयोग गरी सञ्चालन गरिन्छ । कुराकानी अगाडि बढ्दै जाँदा बुँदाहरू थप्दै लैजानु आवश्यक छ ।

पहिलो चरणमा विश्लेषण गर्नु पर्ने समस्या वा विषयका बारेमा सहमती हुनु पर्दछ । समस्या वा विषयहरू फ्लीप चार्टको मध्य मागमा लेखिन्छ र यो वृक्षको "काण्ड" (Stem) हुन्छ र यो मुख्य समस्या बन्छ । यसै मुख्य समस्यामा आधारित भई समस्या वृक्ष विश्लेषणको छलफल शुरू गरिन्छ ।

तत्पश्चात् समूहले मुख्य समस्याका तात्कालिक (Immediate) र अन्तरनिहित (Underlying) कारणहरू पहिचान गर्दछ । जुन वृक्षको जराहरू बन्दछन् । त्यसैगरी समस्याबाट सिर्जित परिणाम वा असरहरू (Effects) पहिचान गर्दछन् जुन वृक्षका हाँगाहरू बन्दछन् । यी कारण र असरहरू मेटा कार्डहरूमा लेखी वृक्षको आकार आउनेगरी टाँसिन्छ । समस्या वृक्षमा कारण र असर (Cause-and-effect) को तर्कबद्ध सम्बन्ध देखिएको कुरा सुनिश्चित गर्नुपर्दछ ।

विश्लेषणको मुख्य भाग भनेको समस्याका कारणसँग सम्बन्धित बुँदाहरूलाई व्यवस्थापन र पुनर्व्यवस्थापन गर्ने र जरा र हाँगाहरूको उपशाखाहरू निर्माण गर्ने क्रममा हुने छलफल, वादविवाद र संवादहरू हुन् । समूहका सबै सहभागीहरूलाई आफ्ना अनुभूति र तर्कहरू राख्न समय दिनु पर्दछ र सान्दर्भिक विचार, चासो तथा निर्णय जस्ता शिर्षक अन्तर्गत छुट्टाछुट्टै फ्लीप चार्टमा पनि टिपोट गर्न सकिन्छ ।

समस्या वृक्ष छलफलका सन्दर्भमा निम्न प्रश्नहरू समावेश गर्न उपयुक्त हुन्छ (खाद्य सुरक्षा विषय अन्तर्गत):

- के यो समस्या वृक्षले खाद्य सुरक्षा अवस्थाको वास्तविकता झल्काउँछ ? के समस्यामा उपलब्धता, पहुँच, उपयोग, स्थिरता जस्ता चार पक्षहरूलाई ध्यानमा राखिएको छ ?
- कुन कारण र परिणामहरूमा सुधार भइरहेको छ, कुन चांहि विग्रदो स्थिति छ र कुन यथावत छ ?
- सबैभन्दा गम्भीर असरहरू के के हुन् ? सबैभन्दा बढी चासोको विषय कुन हो ? भावी दिनको लागि कुन कुराहरू महत्वपूर्ण छन् ?
- कुन कारणहरू सम्बोधन गर्न सबैभन्दा सजिलो वा कठीन छ ?
- समस्याले महिला वा पुरूष वा अन्य निश्चित समूहलाई तुलनात्मक रूपमा बढी असर गरेको छ कि ?

## समस्या वृक्ष विश्लेषण प्रक्रिया

### *चरण १–समस्याको विवरणको तयारी*

- माथि छलफल भए अनुरूप समूहले छलफल गरी तोकिएको जीविकोपार्जन क्षेत्रको खाद्य सुरक्षाको मूल समस्याबारे सहमती बनाउनु पर्दछ ।
- सहमती पश्चात् सहजकर्ताले समस्या मेटा–कार्डमा लेखी बिचमा (काण्ड वा थाम) न्यूजप्रिन्ट वा भित्तामा टाँसिन्छ ।
- समस्या कार्डमा विद्यमान नकारात्मक अवस्था झल्काउने शब्दहरू समावेश हुनु पर्दछ ।

### *चरण २– मूल कारणहरू पहिचान गर्नुहोस्*


- सहभागीहरूमा समूहगत सहमती बनाइ समस्या उब्जनका मुख्य कारण/घटनाहरूको पहिचान गरिन्छ ।
- प्रत्येक कार्डमा एउटा कारण लेखी सो कार्ड सम्बन्धित समस्या कार्डको तल राखिन्छ ।
- मेटा–कार्डलाई सो कारणसँग सम्बन्धित कार्डको तल राखिन्छ ।
- सहजकर्ताले हरेक कारणमा, "सो कारणले कसरी समस्या निम्त्यायो ?" भन्ने प्रश्न गर्दछन् र समस्या र कारणको सम्बन्ध स्थापित भए नभएको सुनिश्चित गर्नु पर्दछ ।



### *चरण ३– मुख्य कारणहरूको पहिचान*

- सहजकर्ताले सहभागीहरूलाई समस्याको जडसम्म पुऱ्याउने हरेक मुख्य कारणको घटना/कारणहरूको शृङ्खला (Causal chain) पहिचान गर्न लगाउनु पर्दछ ।
- सहजकर्ताले प्रत्येक कारण/ पक्षलाई लिई उक्त कारण किन सिर्जना भयो भनी "तर किन" भन्दै सामान्यतया पाँच पटकसम्म प्रश्न सोध्दै जाने "तर किन" प्रश्नको उचित /अर्थपूर्ण उत्तर आएसम्म जारी राख्न सकिन्छ । यो विधिलाई "तर किन" विधि (But why method) भनिन्छ ।
- हरेक समस्याको मुख्य कारण/घटनाका लागि प्रश्नहरू निरन्तर रूपमा सोध्दै जानु पर्दछ ।
- सहभागीहरूलाई समस्यासम्म डोऱ्याउने घटनाहरूको श्रृंखलाबद्ध प्रस्तुत गर्न लगाउनु पर्दछ ।
- समस्यालाई गहन रूपमा अध्ययन गरी मूल कारणहरू पत्ता लगाउनका लागि यस्ता "किन" प्रश्नहरू सोध्नु पर्दछ । यस प्रक्रियाले मूल कारणहरू सम्बोधन गर्ने समाधानहरू तयार पारी समस्या सुल्झाउन मद्दत गर्दछ ।

## समस्या वृक्षको नमुना




### *चरण ४– सबैभन्दा महत्वपूर्ण कारणहरुको पहिचानः*

- समस्या वृक्ष पूरा भएपछि समूहले पहिचान गरेका सम्पूर्ण कारणहरुबाट समस्याका मुख्य श्रोतको रुपमा रहेका कारणहरु छनौट गर्ने ।
- सहभागीहरुलाई समस्या वृक्षको हाँगाहरुमा शृङ्खलाबद्ध गरी ती कारणहरुलाई राख्न प्रोत्साहित गर्ने ।
- कुनै कारणहरु किन सबै भन्दा महत्वपूर्ण भए भन्ने कुरा सोध्ने र रेकर्ड गर्ने ।

## समस्या वृक्ष पुनरावलोकनका लागि सूची


- खाद्य सुरक्षाका चार आयामसँग सम्बन्धित समस्या र कारणहरुको पहिचान,
- नीतिगत र वैधानिक वातावरणसँग सम्बन्धित समस्या र कारणहरुको पहिचान,
- संस्थागत क्षमताको कमीसँग सम्बन्धित समस्या र कारणहरुको पहिचान,
- सांस्कृतिक र सामाजिक मान्यतासँग सम्बन्धित समस्या र कारणहरुको पहिचान,
- पुरुष, महिला र सीमान्तकृत व्यक्तिहरु र विभिन्न समूहका अधिकारलाई प्रभाव पार्ने खालका समस्या र कारणहरुको पहिचान ।
- पहिचान गरिएका समस्याका कारणहरुको धेरै तह बनाउनुहोस् ।

- कुनै एक निकाय वा सरोकारवालाहरूसँग मात्र सम्बन्धित नरहेर समस्याहरूलाई वृहत रूपमा छलफल गर्नुहोस् ।
- कुनै एक वा बढी निकायहरूले परियोजना मार्फत सम्बोधन गर्न सक्ने आयाममा मात्र सीमित नभई वृहत रूपमा सोच्नुहोस् ।

## समस्या वृक्ष

| गर्न नहुने | | गर्न हुने |
|---|---|---|
| अस्पष्ट समस्या नराख्ने, उदाहरणका लागिः पूर्वाधार नभएको । | तर | विशिष्ट बनाउनुहोस्ः साँफेदेखि मार्तडीसम्म पक्की सडक नभएको । |
| समाधानको अनुपस्थिति लाई समस्याको रूपमा पहिचान गर्नु भन्दा विद्यमान स्थितिको नकारात्मक अवस्था लेख्नुहोस् । किनकि समाधानको अनुपस्थिति लाई समस्याको रूपमा पहिचान गर्दा विकल्पहरूमा रोक लाग्छ, उदाहरणका लागिः<br><br>मलखाद नहुनु भन्दा अनुत्पादक माटो भनी समस्या पहिचान गर्नु उपयुक्त हो । किनकि मलखाद नहुनुको विकल्प वा समाधान मलको उपलब्धता हो भने अनुत्पादक माटोको विकल्प थुपै हुन्छन् ।<br><br>त्यसैगरी हामीसँग पैसाको कमी छ त्यसैले बच्चाहरू विद्यालय जाँदैनन् लाई समस्याको रूपमा पहिचान गर्नु भन्दा विद्यालयको शुल्क महंगो छ भनी समस्या को रूपमा लिनु बढि उपयुक्त हो । *समाधानको अनुपस्थिति लाई समस्याको रूपमा पहिचान गर्दा समस्या समाधानका विकल्पहरू कम हुन्छन् ।* | तर | समस्याः<br>अनुत्पादक माटो हो ।<br>विद्यालयको शुल्क महंगो हो । |

## समस्या वृक्षको पार्श्व तालिका

| **समस्या (को प्रभावित छन् ? कुन जीविकोपार्जन समूह हो ? गा.वि.स. वा जिल्लाको कुन क्षेत्र हो?)** | **किन?** | **किन?** | **किन?** | **किन?** | **किन?** | **किन?** |
|---|---|---|---|---|---|---|
| बाजुरा जिल्लाको कोल्टी गा.वि.स.को दलित समुदायमा खाद्य असुरक्षा  | न्यून क्रय शक्ति | उच्च खाद्यान्न मूल्य | | | | |
| | | न्युन आय | न्यून ज्याला दर | अदक्ष जनशक्ति | | |
| | | | | ज्यालामा बिभेद | | |
| | | | गैर काष्ठ वन पैदावरको न्यून मूल्य | असंगठित संकलकहरू | नीतिको कमी | |
| | | | न्यून रोजगारी | मौसमी काम | | |
| | | उपचारमा खर्च | बालबालिकामा झाडापखाला | सरसफाईमा कमि | सरसफाईमा चेतनाको कमि | |
| | | | | कुपोषित बालबालिका | अनुपयुक्त खानपिनका तौरतरिका | |
| | उत्पादनमा कमि | मलको अभाव | बजारको असुविधा | सडक नहुनु | | |
| | | बालिमा रोगकीरा | विषादीको अभाव | बजारमा पहुँच नहुनु | | |
| | | सिँचाइको अभाव | सिँचाइको स्रोतको अभाव | | | |
| | | न्यून गुणस्तरको बीउ प्रयोग | उन्नत बीउको अभाव | उन्नत बीउको बेचबिखन नहुनु | किसानले उन्नत बीउ नकिन्ने | उन्नत बीउको फाइदाबारे अनभिज्ञता |

# ६

सन्दर्भ : सत्र

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण (श्रोत र अवसरको विश्लेषण)

## *SWOT (सबल पक्ष, कमजोरी पक्ष, अवसर र चुनौती)*

### परिभाषा

Strenghts, Weaknesses, Opportunities, Threats (SWOT) विश्लेषण विभिन्न प्रयोजन र क्रियाकलापका लागि प्रयोग गरिन्छ । प्रायः जसो SWOT योजना निर्माणको प्रारम्भिक चरणमा उपयुक्त हुन्छ । SWOT विश्लेषण मार्फत कुनै पनि विशेष क्रियाकलाप वा उद्देश्यको सन्दर्भमा सवल पक्ष, कमजोरी, अवसरहरू, र चुनौतीहरू पहिचान र लिपिबद्ध गरिन्छ । विश्लेषणका क्रममा आन्तरिक श्रोत र क्षमता (सवल पक्ष र कमजोरी) र वाह्य पक्षहरू (अवसहरू र चुनौतीहरू) को विश्लेषण गरिन्छ ।

यो प्रक्रिया सामान्यतया संस्थाहरूको विश्लेषणका लागि प्रयोग हुने भएकोले लक्षित जनसंख्यामा खाद्य असुरक्षा सम्बोधन गर्नको लागि श्रोत र अवसरहरू अध्ययन गर्नका लागि केहि अनुकूलन गरिएको छ ।

### फाईदाहरू

SWOT विश्लेषणले निम्न कुराहरू प्रदान गर्दछः

- सवल पक्ष, कमजोरी, अवसर र चुनौतीहरू पहिचानका लागि खाका (Framework) प्रदान गर्छ ।
- अवस्था विश्लेषण गर्न प्रेरणाका साथै र उचित रणनीति र जुक्तिको पहिचान गर्न सहज बनाउँछ ।
- खास क्षमता, योग्यता र श्रोतहरूको अध्ययनका लागि आधार तयार गर्छ ।
- समूहगत अनुभव आदान प्रदान तथा सहभागीताका लागि प्रोत्साहन गर्छ ।

### चरणहरू

१. **उद्देश्यको निर्धारण** : पहिलो महत्वपूर्ण पक्ष भनेको SWOT किन गरिंदैछ भन्ने बारे स्पष्ट हुनु हो । SWOT सञ्चालनको उद्देश्य विस्तृत वा सीमित, सामान्य वा विशेष हुन सक्दछ । हाम्रो सन्दर्भ दीगो खाद्य सुरक्षाको उद्देश्य प्राप्त गर्नुसँग सम्बधित छ ।

२. **सही सहभागीको छनौट** : व्यक्तिगत धारणा मात्र नभई सामूहिक छलफल र परामर्शबाट अन्तिम नतिजा निस्केको छ भने यो विश्लेषण कार्य महत्वपूर्ण हुन्छ । यस कार्यमा सम्पूर्ण सरोकारवालाहरूले सहभागी भई उपयुक्त सूचना प्रदान गर्नु पर्दछ ।

३. **अनुसन्धान र सूचना सङ्कलनको कार्य निर्धारण गर्ने** : कुनै पनि विश्लेषण प्रभावकारी हुनुका लागि गृहकार्य वा तयारी अत्यावश्यक छ र SWOT का सहभागीहरू बिच यो काम विभाजन हुनुपर्दछ । तयारीको काम दुई चरणमा गर्न सकिन्छ : आधारभूत तथ्याङ्क सङ्कलन र सहभागितात्मक विश्लेषण । क्षमता र कमजोरीहरूका बारेमा जानकारी सङ्कलन गर्ने कार्य आन्तरिक पक्षहरू जस्तै क्षमता तथा श्रोत वा तिनीहरूको कमीमा केन्द्रित हुनु पर्दछ । अवसरहरू र चुनौतीका बारेमा सूचना सङ्कलन गर्दा वाह्य पक्षहरूमा केन्द्रित हुनु पर्दछ जसमाथि हाम्रो कम वा कुनै नियन्त्रण हुँदैंन जस्तैः बृहत सामाजिक वा आर्थिक र नीतिगत पक्षहरू । यस किसिमको तयारीले SWOT लाई अझ रणनीतिक र गहन बनाउनमा मद्दत पुर्‍याउँदछ ।

४. **तालिम/ गोष्ठीको वातावरण बनाउने** : SWOT कार्य गर्दा सहभागितात्मक बनाउनुपर्दछ । खुला सूचना प्रवाहका लागि अनूकुल वातावरण बनाउनुहोस् र सहभागीहरूलाई आफ्नो विचारहरू व्यक्त गर्न लागि प्रोत्साहन गर्नुहोस् । सहभागीहरूले खुला रूपले आफ्नो विचारहरू व्यक्त गर्ने वातावरण निर्माण गर्न सहजकर्ताको प्रमुख भूमिका रहन्छ ।

५. **क्षमताहरू** : क्षमता भन्नाले समूह, वातावरण, धारणा र मानिसहरूसँग सम्बन्धित हुन सक्दछ । "मानिसहरू" मा सहभागीहरूको/समुदायको र श्रोतहरूको योग्यता, क्षमता र ज्ञान समावेश हुन्छ । श्रोत र पूँजी, पूर्वाधारलाई सवल पक्षका रूपमा लिन सकिन्छ ।

६. **कमजोरीहरू (सुधार गर्नुपर्ने क्षेत्रहरू)** : यो छलफलमा नकारात्मक पक्षमा केन्द्रित नभई वस्तुस्थितिको जानकारी इमान्दारीतापूर्वक प्रस्तुत गर्नु पर्दछ । मुख्य प्रश्नहरूः

- कुन वाधा अड्चनले खाद्य सुरक्षा सबल बनाउने कार्यलाई अवरोध गर्न सक्दछ ?
- कुन पक्षहरूलाई दरिलो बनाउँन आवश्यक छ ?

७. **अवसरहरू** : यो चरण खाद्य सुरक्षाको उद्देश्य प्राप्तिका लागि आर्थिक, सामाजिक, वातावरणीय र जनसांख्यिकीय पक्षहरूबाट प्राप्त गर्न सकिने फाइदाको अध्ययन गर्न तयार पारिएको हो । यी तुलनात्मक लाभहरू कति समयसम्म विद्यमान रहन्छन् र समूहले सोबाट कतिसम्म लाभ उठाउन सक्छन् ध्यान दिनु पर्ने हुन्छ ।

८. **खतरा/चुनौतीहरू** : खतरा/चुनौती अवसरको विपरीत हो जसको नकारात्मक प्रभाव हुन्छ । तर यो चरणमा निराशावादको छलफलमा अल्झिनु भन्दा नकारात्मक अनुभवलाई कति हदसम्म सीमित पार्न वा हटाउन सकिन्छ भन्ने अध्ययन गर्नु हो । कुनै एक पक्ष चुनौती वा अवसर दुवैका रूपमा देखा पर्न सक्दछ जस्तैः सूचना प्रविधि । प्रायः वाह्य पक्षहरू चुनौतीहरू हुन् र समूहहरूले ती पक्षहरूलाई अवसर वा चुनौती के का रूपमा अर्थ लगाउँछन् यो समूहको मनोवल र आत्मविश्वासको दर्शाउने एक महत्वपूर्ण सूचक पनि हो ।

९. **सूचीकृत गरिएका विचारहरूलाई उद्देश्यहरूसँग मुल्याङ्कन गर्ने** : सम्पादन गरिएको सूचीबाट उद्देश्यको सन्दर्भमा तथ्य र विचारहरूलाई छनौट गरी समूहमा राख्नुहोस् । विस्तृत दृष्टिकोणका लागि SWOT सहभागीहरूले आफूले तयार गरेको सूचीबाट महत्वपूर्ण बुँदाहरू छान्नु पर्दछ ।

**SWOT विश्लेषणमा गर्न हुने र नहुने कुराहरू**

| गर्न हुने | गर्न नहुने |
|---|---|
| • विश्लेषणात्मक र निर्दिष्ट हुने ।<br>• सम्पूर्ण चिन्ता र विचारहरू अभिलेख गर्ने ।<br>• महत्वपूर्ण जानकारी छनौट गर्ने ।<br>• विश्लेषणका लागि सही व्यक्तिहरू छान्ने ।<br>• उपयुक्त SWOT नेतृत्व वा सहजकर्ता छान्ने । | • कमजोरीहरू ढाकछोप गर्ने ।<br>• गल्ति र भूलहरू मात्र सूचिकृत गर्ने ।<br>• वाह्य प्रभाव र प्रवृत्तिलाई वास्ता नगर्ने ।<br>• SWOT लाई दोषारोपणको अभ्यास बनाउने ।<br>• योजना निर्माणको अन्तिम चरणहरूमा नतिजालाई बेवास्ता गर्ने । |

## मुख्य प्रश्नहरू

सान्दर्भिक श्रोत र सवल पक्षहरू पहिचान गर्न सजिलो होस् भन्ने हेतुले प्रश्नहरू सकारात्मक रूपले तयार पार्ने ।

### *क. सवल पक्ष/श्रोत*

- जिल्ला/न.पा./गा.वि.स. वा जीविकोपार्जन क्षेत्रको खाद्य असुरक्षा सम्बोधन गर्नको लागि योगदान पुर्‍याउने सवल पक्षहरू के-के हुन् ?
- दक्षता र श्रोतहरू के के छन् ?
- खाद्य सुरक्षा सुधारको सन्दर्भमा सफल उपलब्धिहरू के के हुन् ?
- सफलताहरूका कारणहरू के-के हुन् ?

### *ख. कमजोरी/सुधारका आवश्यक क्षेत्र*

- खाद्य सुरक्षाको लक्ष प्राप्त गर्न कुन मुख्य क्षेत्रहरूमा सुधारको आवश्यकता छ ?
- समुदायको उत्थानशीलता (Resilience) सुधारमा योगदान पुर्‍याउनका लागि र खाद्य असुरक्षा कम गर्नका लागि तपाईंको जीविकोपार्जन क्षेत्रमा के परिवर्तन गर्न चाहनुहुन्छ ?

### *ग. अवसरहरू*

- जीविकोपार्जन क्षेत्रको खाद्य सुरक्षाका सन्दर्भमा समृद्धिका लागि कुन मुख्य अवसरहरू उपयोग गर्न सकिन्छ ?
- कुन नीति र कार्यक्रमहरू उपयोग गर्न सकिन्छ ?

### *घ. खतरा/जोखिम/चुनौती*

- हाम्रो जीविकोपार्जन क्षेत्रमा खाद्य सुरक्षा सम्बोधनसँग सम्बन्धित मुख्य जोखिमहरू के-के हुन् ?

सन्दर्भ : सत्र

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण (सरोकारवालाहरूको नक्साङ्कन)

*सरोकारवाला*

सरोकारवाला भन्नाले कुनै व्यक्ति, समूदाय, समूह वा संस्था हुन सक्छ जो कार्यक्रमको नतिजाबाट सकारात्मक वा नकारात्मक हिसाबले प्रभावित हुने वा कार्यक्रमलाई सकारात्मक वा नकारात्मक पक्षबाट प्रभावित गर्न सक्ने उद्देश्य राखेका हुन्छन् ।

सरोकारवालाहरू मुख्य तीन किसिमका हुन्छनः

**मुख्य सरोकारवालाहरू** : जसले क्रियाकलापमा उल्लेख्य रूपमा प्रभाव पार्दछन् वा क्रियाकलापको सफलता वा असफलताका लागि महत्वपूर्ण हुन्छन् ।

**प्राथमिक सरोकारवालाहरू** : ती व्यक्ति वा समूहहरू जो क्रियाकलापबाट सकारात्मक रूपमा प्रभाव पर्ने वा फाइदा प्राप्त गर्ने अथवा वा क्रियाकलापबाट प्रत्यक्ष रूपमा नकारात्मक रूपमा प्रभावित हुन्छन् । उदाहरणका लागि, ग्रामीण सडक क्रियाकलाप, जसमा प्राथमिक सरोकारवालाहरूमा साना व्यापारीहरू र साना किसानहरू पर्दछन् जसको जीविकोपार्जन नयाँ सडक निर्माणका कारणले ब्यापार ब्यवसायमा बृद्धि भई सकारात्मक प्रभाव पार्दछ र अर्कोतर्फ ती घरधुरीहरू जो घरजग्गा सडकमा परी अन्यत्र स्थानान्तरण भई नकारात्मक रूपमा प्रभावित हुन्छन् ।

**द्वितिय सरोकारवालाहरू** : अन्य व्यक्ति वा संस्थाहरू जसको क्रियाकलापमा सहयोगी भूमिका वा सरोकार हुन्छ । खाद्य सुरक्षा कार्यक्रमको सन्दर्भमा, द्वितिय सरोकारवालाहरूमा जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जि.वि.स., स्वास्थ्य कार्यालय, गै.स.स., दातृ निकायहरू, नीजि क्षेत्रका संस्थाहरू आदि पर्दछन् ।

*सरोकारवाला विश्लेषण/नक्साङ्कनको अभिप्राय*

विकास कार्यक्रमहरूको योजना तर्जुमा र व्यवस्थापनमा निम्न कुराहरू शुरुकै चरणमा पहिचान गर्नका लागि सरोकारवाला विश्लेषण सञ्चालन गरिन्छः

- कार्यक्रमलाई प्रभाव पार्ने वा प्रभावित हुने सम्पूर्ण सरोकारवालाहरूको चाहना पहिचान गर्न,

- कार्यक्रमलाई जोखिममा पर्ने खालका कुनै पनि सम्भाव्य द्वन्द र खतराहरू,
- कार्यक्रमको सफलतामा मद्दत पुऱ्याउने खालका अवसरहरू,
- आयोजना चक्रको विभिन्न चरणहरूमा सहभागीताका लागि प्रोत्साहित गर्नुपर्ने आवश्यक समूहहरू,
- कार्यक्रम सुधारका उपायहरू र जोखिममा परेका र विमुख समूहहरूमा पर्ने नकारात्मक प्रभावहरू कम गर्ने वा हटाउने उपाय,
- सहकार्यका सम्भाव्य अवसर र साझेदारीहरू निर्माण गर्न,
- योजना प्रक्रियाबाट वाहिरिएका जोखिमतामा रहेका वा सीमान्तकृत समूहहरू,

**सरोकारवाला नक्साङ्कनका लागि तालिका**

| संस्था | कार्यक्रम/क्रियाकलाप | गा.वि.स./वडा | लक्षित समूह | लाभान्वित घरधुरी/जनसंख्या | कार्यान्वयन अवधि | परियोजना लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

९

सन्दर्भ : सत्र

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः प्रतिकार्यका विकल्प पहिचान (उद्देश्य वृक्ष विश्लेषण)

## उद्देश्य वृक्ष विश्लेषण

उद्देश्य वृक्ष विश्लेषण समस्या वृक्ष विश्लेषणसँग निकट र प्रत्यक्ष सम्बन्ध छ जुन प्रतिकार्य विश्लेषण प्रक्रियाको अर्को मुख्य विधि हो । समस्या वृक्षमा रहेका हरेक समस्यालाई, समस्या सम्बोधन भइसकेको अवस्थालाई कल्पना गरी, सकारात्मक अपेक्षित नतिजाका रूपमा परिणत गरी उद्देश्य वृक्ष तयार गर्न सकिन्छ । उदाहरणका लागि, खाद्य सुरक्षाको सन्दर्भमा, समस्या वृक्ष विश्लेषणको क्रममा "न्यून आय" भनी पहिचान गरिएको समस्यालाई "उच्च आय" भनी सकारात्मक अवस्थामा परिवर्तन गरिन्छ । यी सकारात्मक उपलब्धिहरू वास्तवमा उद्देश्यहरू हुन् र यिनीहरूलाई उद्देश्य वृक्षमा तार्किक र क्रमबद्ध रूपमा मिलाएर राखिन्छ ।

समस्या वृक्षमा भएका नकारात्मक अवस्थाहरूलाई अपेक्षाकृत र यथार्थपरक रूपमा प्राप्त गर्न सकिने सकारात्मक अवस्थाहरूमा परिणत गर्नुपर्ने हुनाले सम्पूर्ण सरोकारवालाहरू यो विश्लेषण तथा पृष्ठपोषणको छलफलमा सहभागी हुने कार्य महत्वपूर्ण छ । उचित परामर्शले प्राथमिकताको निर्धारण, उद्देश्यहरूको प्राप्ति कतिसम्म यथार्थपरक हुन्छ र अपेक्षाकृत नतिजा प्राप्तिका लागि आवश्यक थप माध्यम/प्रतिकार्यहरूको पहिचान गर्न समेत सहयोग गर्दछ । केही समस्याहरूलाई पुनर्विचार गर्न र नयाँ समस्याहरू थप गर्न पनि जरूरी हुन्छ । यसका साथै, उद्देश्य वृक्षमा धेरै उद्देश्यहरू हुनसक्छन् जुन एकै पटक पूरा गर्न सकिदैन तसर्थ, त्यसका लागि छनौट र प्राथमिकिकरण गर्न जरूरी हुनसक्छ । पूर्ण रूपमा तयार गरिएको उद्देश्य वृक्षले अपेक्षित भविष्यको अवस्थाको चित्रण गर्दछ जसमा उक्त अवस्था प्राप्त गर्नको लागि आवश्यक माध्यमहरू पनि समावेश गरिएका हुन्छन् ।

**छलफलमा उठेका समाधानहरू** (Floating solutions)ः उद्देश्य वृक्ष विश्लेषणका क्रममा पहिचान गरिएका कतिपय समाधान वा प्रतिकार्यहरू; जुन समस्या सम्बोधनका लागि प्रभावकारी देखिन्छन् । यद्यपि, ती समाधानहरू समस्या वृक्षबाट प्रत्यक्ष रूपमा पहिचान हुनुका साथै तार्किक सम्बन्ध देखिदैन । प्रतिकार्य विश्लेषण टोलीले त्यस्ता समाधान वा प्रतिकार्यहरू (Floating solutions) व्यवहारिक भएमा प्रतिकार्य विश्लेषण प्रक्रियामा समावेश गर्न सक्दछन् ।


*उद्देश्य वृक्ष विश्लेषणका चरणहरू*

१. समस्या वृक्षलाई उद्देश्य वृक्ष निर्माणको आधारका रूपमा लिइन्छ ।

२. हरेक समस्यालाई सकारात्मक वाक्यमा परिवर्तन गरिन्छ जसले अपेक्षित अवस्था प्रतिबिम्बित गरोस् र मुख्य समस्या मुख्य उद्देश्य बन्दछ । उदाहरणका लागि, कोल्टी गा.वि.स.को दलित समुदाय खाद्य असुरक्षित मूल समस्या अन्तरगत "कम उत्पादन" समस्या "उत्पादनमा बृद्धि" मा परिवर्तन भई उद्देश्यको रूपमा रहने छ । त्यसैगरी "कुपोषण" समस्या "सुपोषण" बन्नेछ आदि ।

३. समस्यालाई उद्देश्यमा परिवर्तन गुर्न भनेको वाक्यलाई उल्टाउनु मात्र होइन अर्थपूर्ण रूपमा सकारात्मक बनाउनु हो । उदाहरणका लागि "कोल्टी गा.वि.स.को दलित समुदाय खाद्य असुरक्षित" मूल समस्यालाई "कोल्टी गा.वि.स.को दलित समुदाय खाद्य सुरक्षित" भनी मुख्य उद्देश्यको रूपमा परिवर्तन हुन्छ । "खडेरी" जस्तो समस्यालाई अर्थपूर्ण रूपमा सकारात्मक वाक्यमा परिवर्तन गर्न सकिन्न यस्तो अवस्थामा उद्देश्य वृक्षको माध्यमहरूमा खाली (Blank) कार्ड राखिन्छ ।

## उद्देश्य वृक्षको नमुना




४. समस्या बृक्षमा उल्लेख गरिएका असरहरू प्रभाव बन्न जान्छन, जसले “के” प्रश्नको उत्तर दिन्छ । त्यसैगरी कारणहरू माध्यम बन्न जान्छन जसले “कसरी” प्रश्नको उत्तर दिन्छ ।
५. उद्देश्य वृक्ष तयार भए पश्चात् समस्या वृक्षसँग तार्किक सम्बन्ध भए नभएको सुनिश्चित गर्न पुनरावलोकन गरिन्छ ।
६. उद्देश्यहरू कुनै अव्यवहारिक छन् वा कुनै परिवर्तन गर्नु पर्ने देखिन्छ सो को सुनिश्चित गर्न पुनरावलोकन गरिन्छ ।
७. उद्देश्य वृक्षमा समावेश गर्न मिल्ने खालका सम्भाव्य समाधानहरू समेत पूनरावलोकन गरिन्छ ।

### *उद्देश्य वृक्ष विश्लेषण तालिका*

- उद्देश्य वृक्ष निर्माण कार्य समूहमा गरिने काम हो । समय बचाउन कुनै एक व्यक्तिले यो काम एक्लै गर्न सक्ला तर भविश्यमा त्यसको स्वामित्व र प्रभावकारीतामा प्रश्न उठ्न सक्छ र यो प्रभावकारी पनि हुँदैन ।
- उद्देश्य वृक्ष निर्माणमा पर्याप्त समय दिनुपर्दछ । यो काममा जति बढी समय दिइन्छ अनुगमन र मुल्याङ्कनको समयमा त्यति नै सजिलो हुनेछ ।
- उद्देश्य वृक्ष निर्माणको क्रममा मानिसहरूको जीवनमा सकारात्मक प्रभाव पार्नका लागि वर्तमान परिस्थितिमा के हुनु पर्छ त्यसको विचार गर्नुपर्दछ । यो विश्लेषण कुनै शैक्षिक अभ्यास नभई मानिसहरू (पुरूष, महिला र सीमान्तकृत समूह) को जीवनमा सुधार ल्याउने र खाद्य असुरक्षा सम्बोधन गर्ने एउटा यथार्थमा आधारित वास्तविक परिवर्तन ल्याउने एक विश्लेषण हो ।

## उद्देश्य वृक्षको पार्श्व तालिका

| लक्ष | उद्देश्य | माध्यम | माध्यम | माध्यम | माध्यम | माध्यम | प्रतिकार्यका विकल्प |
|---|---|---|---|---|---|---|---|
| कोल्टी गाविसको खाद्य सुरक्षित दलित समुदाय  | उच्च क्रय शक्ति | नियन्त्रित मूल्य | | | | | • बजार मूल्य अनुगमन |
| | | उच्च आय | उच्च ज्याला | दक्ष श्रमिक/ दक्षतामा बृद्धि | समान ज्याला | | • सिपमूलक तालिम |
| | | | गैकाबपै को उचित मूल्य | गैकाबपै संकलक संगठीत | गैकाबपैबारे नीति | | • गै.का.ब.पै. समूह गठन<br>• तालिम<br>• जिल्ला तथा राष्ट्रियस्तरमा पैरवी<br>• गै.का.ब.पै. समूहको सञ्जाल |
| | | | रोजगारी | नियमित रोजगारी | | | • सरोकारवालाका कार्यक्रम सञ्चालन |
| | | उपचार खर्च न्युन | स्वस्थ्य बालबालिका | उचित सरसफाई | समुदाय सरसफाईबारे जानकारी | | • चर्पी निर्माण<br>• स्वच्छ खानेपानीको उपलब्धता<br>• सरसफाईबारे जनचेतनाका कार्यक्रम<br>• सरसफाईबारे अभिमुखिकरण |
| | | | | पोषित बालबालिका | उपयुक्त खानपानका तरिका अवलम्बन | | • बाल स्याहार तथा खानपानबारे तालिम |
| | उत्पादनमा बृद्धि | मलको उपलब्धता | बजारको पहुँच | सडकको पहुँच | | | • जिल्ला तथा राष्ट्रियस्तरमा पैरवी |
| | | कीराको नियन्त्रण | विषादि उपलब्ध | बजार व्यवस्था | | | • एकीकृत रोगकीरा व्यवस्थापन तालिम<br>• रोग तथा कीरा सहने जातको विउको उपलब्धता |
| | | सिँचाइ कुलोको निर्माण | बैकल्पिक श्रोतको पहिचान | | | | • खडेरी सहने जातको उपलब्धता |
| | | असल विउको प्रयोग | उन्नत बीउको उपलब्धता | कृषकद्वारा उन्नत बीउ प्रयोग | उन्नत बीउबारे जानकारी र प्रसार | कृषकहरू उन्नत विउको महत्वबारे सूचित | • कृषक तालिम<br>• बीउवितरण<br>• उन्नत प्रविधिको प्रदर्शन |

१०

सन्दर्भ : सत्र

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः प्रतिकार्यका विकल्प पहिचान (प्रतिकार्यका विकल्पहरुको पहिचान)

*प्रतिकार्य विकल्पहरूको सूची (सन्दर्भको लागि मात्र)*

खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणमा खाद्य सुरक्षा प्रतिकार्यका विकल्प पहिचान, छनौट र कार्यान्वयन एक महत्वपूर्ण चरण हो । यस चरणमा सम्पूर्ण आधारभूत सूचना/प्रमाणहरू (समस्या विश्लेषण, SWOT विश्लेषण, उद्देश्य वृक्ष विश्लेषण) लाई ध्यानमा राख्ने कार्य महत्वपूर्ण हुन्छ । सन्दर्भको लागि केही प्रतिकार्य/कार्यक्रमहरू तल प्रस्तुत गरिएको छ यद्यपि, मुख्य आधार भनेको खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रक्रियाबाट प्राप्त तथ्यमा नै आधारित हुनु पर्दछ ।

- साना सिचाइ प्रणाली निर्माण, व्यवस्थापन र सम्भार लागि सहयोग ।
- संरक्षण खेती, जल संरक्षण, कृषिवन, फलफूल खेती ।
- सामुदायिक बीउ र अन्न भण्डारणको निर्माण, व्यवस्थापन र सम्भार ।
- उन्नत बीउको प्रवर्द्धन, स्थानीय बाली विरूवाको संरक्षण र व्यवसायीकरण ।
- साना सिँचाई, बीउ/अन्न भण्डार जस्ता पूर्वाधार निर्माणका लागि कामका लागि नगद ।
- नयाँ कृषि प्रविधिमा तालिम (विशेषगरी महिलाहरूका लागि) ।
- नयाँ बीउको परिक्षण, कृषि सामाग्री र उन्नत बीउ वितरण ।
- महिलाहरूको ज्ञान र क्षमता विकासका लागि “सहभागीतात्मक सिकाई” कक्षाहरू सञ्चालन ।
- समुदाय र व्यापारीहरू बिच बजार सञ्जाल स्थापना ।
- प्राकृतिक प्रकोप (बाढी, खडेरी, सुख्खा) विरूद्ध समुदायको उत्थानशीलता (Resilience) क्षमता अभिवृद्धि ।
- संरक्षण खेती, कृषि वन जस्ता जलवायु परिवर्तन अनुकूलनका कार्यक्रहरू ।
- कृषकहरूले खरिद गर्न सकिने सुलभ बीउको व्यवस्था ।
- उचित मुल्य निर्धारण, कृषि सामाग्री र औजारका लागि ऋण, अनुदान तथा सहुलीयत मुल्यमा प्रदान गर्ने ।
- खेतीयोग्य जमीनको चक्लाबन्दी, सामुहिक खेती, साना तथा ठूला सिचाइ कुलो निर्माण ।
- लघु उद्यम र बजार विकास, सडक, गोदाम र सिचाई जस्ता मुख्य कृषि पूर्वाधारहरूको निर्माण ।

- सुलभ यातायात, सुधारिएको भण्डारण सुविधा र सुरक्षित र दीगो पानीको व्यवस्था ।
- कृषि प्रविधिमा सुधार, वृक्षारोपण, उन्नत खेती, व्यवस्थित चरीचरण ।
- कृषि क्षेत्रको आर्थिक विकासका लागि सहकारीहरूको निर्माण र सुदृढीकरण ।
- आम्दानी सवलीकरणका लागि जीविकोपार्जनका कृयाकलापहरूको प्रभावकारी संयोजन लागि सहजीकरण ।
- कृषि/पशुपालन विस्तार सेवा र ऋणको पहुँच जस्ता प्राविधिक सहयोगका लागि पहुँच ।
- उन्नत बीउ, उन्नत पशु र अन्य कृषि सामाग्रीहरूको पहुँचमा बृद्धि ।
- स्वास्थ्य र सरसफाई सुविधा, चेतना अभिवृद्धि अभियान र क्रियाकलापहरू ।
- उपचारात्मक र अतिरिक्त खाद्य कार्यक्रम, विद्यालय खाजा कार्यक्रम, खाद्यवस्तु वितरण ।
- पोषण ज्ञान, शिशु स्याहार अभ्यास र शिशु स्याहार सेवाहरू अभिवृद्धिका लागि तालिम/अभिमुखिकरण ।
- हडताल, बन्द नगर्ने जस्ता राजनीतिक प्रतिबद्धताका लागि गोष्ठी छलफल ।
- व्यवहारिक शिक्षा क्रियाकलाप, ऋणमा सहुलियत, सस्तो ब्याजदरमा ऋण कार्यक्रम ।
- रोजगारीका लागि बसाइसराइ कम, स्थानीय रोजगारी सृजना गर्ने लक्षित कार्यक्रमहरू ।
- शौचालय र सरसफाईको पहुँचमा सुधार ।
- खाद्य वस्तुहरूको सदुपयोग बारे जनचेतनामूलक कार्यक्रम ।
- दुर्गम क्षेत्रमा सडक तथा बजार सञ्जालमा सुधार र विस्तार ।
- खाद्य असुरक्षाका बारेमा पूर्व चेतावनी प्रणाली, बाढी पहिरोको पूर्व चेतावनी प्रणालीको स्थापना ।
- सामाजिक र भौगोलिक समावेशीकरण ।
- बजार मुल्य अनुमगन, ग्रामीण बजार स्थापना तथा सबलीकरण ।
- पोषण र उपयुक्त खानपानको चेतनामूलक कार्यक्रम ।
- राजनैतिक र आर्थिक सुशासनमा सुधारका कार्यक्रम ।
- परम्परागत/जनजाती समूह, सहयोगी समूह, सञ्जालको कार्यदक्षतामा सुधार ।
- संस्थागत क्षमता सवलीकरण, पैरवी, खाद्य तथा पोषण सुरक्षाका लागि नीति निर्माणमा पहल ।
- आयमूलक कार्यक्रमका लागि संभाब्यता सर्भेक्षण तथा अनुसन्धान ।
- सफल आयमूलक कार्यक्रम सञ्चालन भएका क्षेत्रमा स्थलगत भ्रमण ।
- बगर खेती, भूमिहिनका लागि जग्गा वितरण, कबुलियत वन, खेतीयोग्य जग्गा उपलब्ध ।
- गैर काष्ठ वन पैदावारको आधुनिक सङ्कलन, व्यवस्थापन प्रविधि ।
- मुल्य शृङ्खला विकास (Value chain development) ।
- उच्च मुल्यबाली (High value crop) खेती तथा प्रसार ।
- पिछडिएका समुदायको खाद्य असुरक्षाका कारणको अध्ययन अनुसन्धान ।
- महिला तथा पिछडिएको समुदायको सशक्तिकरण ।

खाद्य सुरक्षा प्रतिकार्य जीवन रक्षा वा जीविकोपार्जन रक्षा वा दुवैमा लक्षित हुन सक्छ । अर्थात यी प्रतिकार्यहरूले हालको अवस्था सुधार वा सम्बोधन गर्न, कुनै अवस्थालाई अझ बिग्रनबाट रोक्न, वा दुवैमा केन्द्रित हुन सक्छ । समय र श्रोतको उपयूक्त लगानीका लागि निम्न आधारमा प्रतिकार्यलाई प्राथमिकिकरण गर्न सकिन्छ ।

१. **पहिलो प्राथमिकताः** जनजीवनमा हाल देखिएको खतरा कम गर्ने ।
२. **दोस्रो प्राथमिकताः** हाल जीविकोपार्जनमा खतरा र आउँदो भविष्यमा जनजीवनमा खतरा कम गर्ने ।
३. **तेस्रो प्राथमिकताः** दूर भविष्यमा जनजीवन र जीविकोपार्जनमा खतरा कम गर्ने ।

समग्रमा निम्न कार्यक्रमहरूले खाद्य सुरक्षाको उपलब्धता, पहुँच र उपयोगलाई सम्बोधन गर्न मद्दत गर्दछः

१. **खाद्य उपलब्धताः** बाली र पशुपालन दुवै किसिमका कृषि उत्पादनलाई सहयोग पुऱ्याउने खालका कार्यक्रमहरू, पर्याप्त खाद्य भएको र कमी भएको क्षेत्रहरू बिच खाद्य ओसार पसार, खाद्य वितरण, बजार स्थापना, व्यवस्थापन आदि ।

२. **खाद्य पहुँचः** सार्वजनिक निर्माण कार्य, कामका लागि खाद्यान्न/नगद जस्ता आम्दानीका अवसर उपलब्ध गराउने कार्यक्रमहरू, नगद/भौचर वितरण जस्ता आम्दानी हस्तान्तरण कार्यक्रम, खाद्य वितरण र विद्यालय खाजा कार्यक्रम जस्ता खाद्य हस्तान्तरण कार्यक्रम, खाद्य मुल्य नियन्त्रणका लागि बजार केन्द्रित आय आर्जनका कार्यक्रमहरूमा सहयोग । यसको साथै, आय आर्जन क्रियाकलापहरू, रोजगारीका अवसरहरूको व्यवस्था, सुधारिएको सडकमा पहुँच र बढ्दो पहुँच र बढ्दो बजार विकासको पहुँचमा वृद्धि, आदि ।

३. **खाद्य उपयोगः** स्वास्थ्य सेवा, पानी, सरसफाई, आवास, पोषणको ज्ञान र स्याहार अभ्यास, शिशु स्याहार सेवाहरूमा सुधार । खाद्य उपभोग सुधारका लागि कार्यक्रमहरू, उपचारात्मक वा अतिरिक्त खाना कार्यक्रम, विद्यालय खाजा कार्यक्रम, र खाद्य वितरण जस्ता कार्यक्रममा सहयोग ।

कृषि उत्पादन र खाद्य उपलब्धतालाई प्रोत्साहित गर्ने नीतिहरू, विशेष गरी निम्न गरीब वर्गमा केन्द्रित गरिएको छ भने, गरीबी व्यापकताका बिच पनि भोकमरी न्यून गराउने उद्देश्य प्राप्त गर्न सकिन्छ । ती नीतिहरू सामाजिक सुरक्षा र गरीब परिवारहरूले खाद्य किन्नको लागि आम्दानी बढाउने अन्य उपायहरूसँग एकिकृत भएमा, तिनीहरू अझ बढि प्रभावकारी हुन्छन र जीवन्त बजार र रोजगारका अवसरहरू विकास गरेर समानुपातिक समावेशी विकासमा बढावा पुऱ्याउनुको साथै समान आर्थिक विकासको सम्भावना बढाउँछ ।

विभिन्न देशहरूको अनुभवले उच्च गरीबी र उच्च स्तरको कुपोषण सँगसँगै रहेको अवस्था देखाउँछ । तर दुवैको स्तर उच्च भएमा कुपोषण गरीबी भन्दा बढी गंभीर हुनसक्छ । खाद्य सबै भन्दा आधारभूत आवश्यकता भएकोले आयमा वृद्धि हुँदा सोझै खाद्यको पहुँचमा वृद्धि हुने र कुपोषण कम गर्नमा सहयोग पुऱ्याउने हुन्छ ।

-FAO, IFAD and WFP. 2013. The State of Food Insecurity in the World 2013. The multiple dimensions of food security. Rome, FAO.

# ११

सन्दर्भ : सत्र

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः प्रतिकार्य योजना तर्जुमा (सम्भाव्यता विश्लेषण)

## *प्रतिकार्य/क्रियाकलाप प्राथमिकिकरणका आधारहरू*

१. **आन्तरिक श्रोतबाट सञ्चालन गर्न सकिने** : दीगोपनाका सन्दर्भमा स्थानीय श्रोत र क्षमता परिचालनको अवसर प्रदान गर्ने क्रियाकलापहरू वाहृय सहयोग र श्रोतमा निर्भर हुने क्रियाकलापहरू भन्दा बढी उपयुक्त हुन्छन् । तसर्थ आन्तरिक श्रोतहरू प्रयोग गरी स्थानीय समुदायबाट व्यवस्थापन हुने खालका क्रियाकलापहरूलाई प्राथमिकता दिनुपर्दछ । समुदाय /गा.वि.स./न.पा./जि.वि.स. तथा जिल्लाका अन्य विकास निकायद्वारा व्यवस्थापन गरिएको आन्तरिक श्रोतहरूबाट सञ्चालन गर्न सकिने भएमा बढि प्राथमिकता र वाहृय सहयोग र श्रोतमा निर्भर हुने प्रतिकार्यलाई कम प्राथमिकता दिनुपर्दछ ।

२. **छिटो छरितो रूपमा प्रतिफल दिने** : खाद्य असुरक्षित समुदायहरू सामान्यतया कम आम्दानी भएका र उत्पादन कम हुने याममा (Lean season) खाद्यको खर्च टार्नका लागि सीमित सम्पत्ति भएका हुन्छन् । यस अवस्थालाई मध्यनजर गर्दा तत्काल प्रतिफल दिने खालका कार्यक्रमहरूले छोटो समयमा प्रभावकारी ढंगमा खाद्य असुरक्षित समुदायको जीविकोपार्जनमा सहयोग गर्दछ । तसर्थ छिटो छरितो प्रतिफल आउने खालका प्रतिकार्यहरू कार्यान्वयनको लागि ध्यान दिनुपर्दछ ।

३. **खाद्य सुरक्षाको अवस्था सुधार गर्न प्रत्यक्ष योगदान पुऱ्याउने** : खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको प्रमुख उद्देश्य भनेको खाद्य सुरक्षाको स्थिति सुधार गर्ने भएको हुनाले खाद्य सुरक्षाको चार आयामहरू मध्ये कम्तीमा कुनै एकलाई प्रत्यक्ष योगदान पुऱ्याउने खालको क्रियाकलापलाई विशेष ध्यान दिनुपर्दछ ।

४. **समुदायको उच्च सहभागीता जुटाउन मद्दत गर्ने** : समुदायको सक्रिय सहभागीता हुने क्रियाकलापहरूले उनीहरूमा उच्च स्वामित्व सृजना गर्ने र अन्ततः सम्पन्न भएका क्रियाकलापहरूको व्यवस्थापन र मर्मतमा सहयोग पुऱ्याई दिगो बनाउँछ । तसर्थ समुदायको उच्च सहभागीता प्रतिपादन गर्ने खालका सामुदायिक प्रतिकार्यहरूलाई प्राथमिकता हुनुपर्दछ ।

५. **पिछडिएको समुदाय, महिला र बालबालिकाहरूलाई प्रत्यक्ष फाईदा पुऱ्याउने** : खाद्य असुरक्षाले विशेषतः जोखिममा परेका समूह (महिला, बालबालिका, विपन्न समूहहरू) लाई बढी प्रभाव पार्ने हुनाले, कार्यक्रमहरू यी समुदाय प्रति लक्षित हुनुपर्दछ । यसका लागि, ती समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने खालका क्रियाकलापहरू प्राथमिकिकरण गर्नुपर्दछ ।

६. **वातावरण संरक्षणमा योगदान पुऱ्याउने** : सम्भाव्य प्रतिकार्य छनौट गर्दा वातावरणीय संरक्षणका क्षेत्रमा योगदान पुऱ्याउने खालका कार्यक्रमहरूमा केन्द्रित हुनुपर्दछ । जलवायु परिवर्तनको प्रभावलाई मत्थर पार्नका लागि पनि यसमा केन्द्रित हुनु जरूरी छ । उपयुक्त वातावरण तथा जलवायु सुहाउँदो क्रियाकलापलाई उच्च प्राथमिकता दिनुपर्दछ ।

७. **सहकार्य र सहयोगका लागि अवसर प्रदान गर्ने** : प्रभावकारी कार्यक्रमको एक महत्वपूर्ण पक्ष भनेको सरोकारवालाहरू माझ साझेदारी र सहकार्य हो । तसर्थ प्रस्तावित प्रतिकार्यले सहकार्यका लागि अवसरहरू प्रदान गर्छ गर्दैन पुनरावलोकन गर्नुपर्दछ । साझेदारी र सहकार्यको सम्भाव्यता उच्च छ भने उच्च प्राथमिकता दिनुपर्दछ ।

८. **समुदायमा शान्ति र सामञ्जस्यता कायम गर्न थप योगदान पुऱ्याउने** : सामाजिक सुरक्षा सञ्जाल, सामुदायिक सहकार्य र सहयोग प्राकृतिक प्रकोप र सङ्कटको अवस्थामा आघातलाई मत्थर पार्ने महत्वपूर्ण पक्ष हो । केही क्रियाकलाप/प्रतिकार्यले समुदायका सदस्यहरूमा नजानिदो ढंगले तनाव सृजना गर्दछ वा उनीहरूलाई सङ्कट बढाउँछ जुन कार्यक्रमको अनपेक्षित नकारात्मक परिणाम हो । स्थानीय समुदायलाई नकारात्मक असर पार्ने खालका कार्यक्रमहरू हुनु भन्दा नहुनु नैं राम्रो हुन्छ । नकारात्मक असर पार्ने खालका प्रतिकार्यहरूमा लुटपाटलाई आकर्षित गर्ने र लक्षित वर्गलाई खतरामा पार्ने खालको वस्तुहरूको वितरण, स्थानीय बजारलाई नकारात्मक प्रभाव पार्ने र कृषक तथा व्यापारीहरूको जीविकोपार्जनलाई सङ्कटमा पार्ने खालका अनियन्त्रित खाद्यान्न वितरण आदि ।

### *अनपेक्षित नतिजा र प्रभावहरूको पहिचान*

प्रतिकार्य पहिचान भए पश्चात् प्रतिकार्यको सम्भावित अनपेक्षित नतिजाहरूका बारेमा केहि चिन्तन मनन गर्न जरूरी हुन्छ । कहिले काँहि असल ध्येय राखेर गरिएको कार्यले नकारात्मक परिणाम पनि दिनसक्छ । यसका साथै, योजना गरिएको उद्देश्य प्राप्तिमा वाधकका रूपमा खतराहरू पनि हुन सक्छन् । यसर्थ, सरोकारवालाहरूले विभिन्न अनुमान, खतरा र सम्भाव्य अनपेक्षित प्रभाव वा नतिजाहरूका बारेमा चिन्तन गर्नुपर्दछ ।

### *एक अनपेक्षित नतिजाः "हाम्रा पति यी परिवर्तनका लागि तयार थिएनन्" ।*

कुनै एक राष्ट्रमा लघु उद्यमी महिलाहरूलाई ऋण दिने र सो सम्बन्धि तालिम दिने कार्यक्रमको मुल्याङ्कन गरियो । सो कार्यक्रम आम्दानी र जीविकोपार्जन बृद्धि मार्फत महिला सशक्तिकरणको वृहत रणनीतिको एक अंश थियो । मुल्याङ्कन अनुसार निम्न कुराहरू पत्ता लाग्योः

उक्त कार्यक्रम सफल रहेको र कार्यक्रममा सहभागी महिलाहरूले स्वरोजगार र आम्दानी बृद्धि गरेको पाइयो । यसका साथै, महिलाहरूले आफ्नो र घरको निर्णय लिने काममा पनि सशक्तीकरण भएको पाइयो ।

यद्यपि, मुल्याङ्कनमा यो कुरा पनि पत्ता लाग्यो की कार्यक्रको अन्तमा धेरै महिलाहरू दुखी थिए । महिला सशक्तिकरणका कारण उनीहरूको वैवाहिक सम्बन्धमा समस्या बढेको र केहीको सम्बन्ध विच्छेद भएको पाइयो । केही सहभागीहरूका अनुसार उनीहरूका पति यस्तो परिवर्तन प्रति तयार नभएको र यसलाई आत्मसात गर्न नसकेको बताए । उनीहरूका अनुसार यदि कार्यक्रमको प्रारम्भमा वा कार्यक्रमको अवधिमा उनीहरूका पतिहरूलाई यस विषयमा परामर्श दिइएको भए शायद यस्तो स्थिति आउने थिएन ।

श्रोतः Handbook on Planning, Monitoring and Evaluating for Development Results, 2009, UNDP

१२

सन्दर्भ : सत्र

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः खाद्य सुरक्षा प्रतिकार्य योजना

## *खाद्य सुरक्षा प्रतिकार्य योजना*

प्रतिकार्य योजना भन्नाले जिल्लामा खाद्य सुरक्षा स्थिति सुदृढ गर्नका लागि कार्यान्वयन गरिने मुख्य प्रतिकार्यहरू (Response) समावेश गरिएको विस्तृत खाद्य सुरक्षा योजना हो । यो योजना जिल्लामा विद्यमान खाद्य सुरक्षाका समस्या, स्रोत र अवसरहरू, सरोकारवालाको विश्लेषण तथा अन्य सान्दर्भिक जानकारीहरूको संयोजनका आधारमा खाद्य सुरक्षाका उद्देश्य र संभावित कृयाकलाप जस्ता मुख्य पक्षहरू समावेश गरी तयार गरिन्छ ।

**प्रतिकार्य योजनामा खाद्य र पोषण सुरक्षाका विषय समावेश भएको सुनिश्चित गर्ने जाँच सूची**

- जिल्लामा खाद्य असुरक्षित, कुपोषित र जोखिममा परेका समूहहरू, तिनीहरूको जीविकोपार्जनका सम्पत्तिहरू, रणनीति र क्रियाकलापहरू र तिनीहरूको बसोबास गर्ने क्षेत्र आदि पहिचान गरी व्याख्या गरिएको ।
- प्रत्येक जीविकोपार्जन क्षेत्रका जोखिमका परेका समूह खाद्य असुरक्षाको मारमा पर्नुको कारण र/वा कुपोषित हुनुको कारण वा उनीहरू किन जोखिममा छन् भन्ने विश्लेषण गरिएको र सम्पूर्ण सरोकारवालाहरू यसबारे सहमत भएको ।
- खाद्य असुरक्षा र कुपोषणका मुख्य मुद्दा (Issues) सम्बोधन गर्ने खालका उद्देश्य र रणनीतिहरू तोकिएको ।
- उद्देश्यसँग सम्बन्धित खाद्य सुरक्षा लक्ष र सीमाहरू जिल्लाका यथार्थतासँग सामान्जस्यता रहेको ।
- कार्यक्रमहरू र प्रतिकार्यहरूको समयावधिमा निर्धारण गरिएको ।
- कार्ययोजनाका लागि बजेट/श्रोतहरू समावेश गरिएको ।
- सरोकारवालाहरू पहिचान गरी हरेकको भूमिका निर्धारण गरिएको । यस अन्तर्गत समुदाय र तल्लो तहका समूहहरू पनि समावेश भएको हुनेछ ।
- विभिन्न क्षेत्रहरू समावेश गर्ने खालका कार्यक्रम र क्रियाकलापहरू समन्वय गर्ने र आवश्यक परेको खण्डमा कसरी काम गर्ने, कुन संस्थाले सरोकारवालाहरूसँग प्रभावकारी समन्वयको जिम्मेवारी लिने भन्ने कुरा स्पष्ट रूपमा लिपिबद्ध गरेको ।

- अनुगमन तथा मुल्याङ्कन योजना स्पष्ट रुपमा उल्लेख गरिएकोः
  - खाद्य सुरक्षा प्रतिकार्य योजनाका लक्षित प्रतिफल प्राप्ति भए नभएको अनुगमन गर्नुका साथै कुन प्रक्रिया र सुचकहरूको आधारमा निक्यौंल गर्ने र अनुगमन कुन सूचना माथि निर्भर हुने आदि ।
  - विभिन्न सरोकारवाला समूहहरूबाट लक्षित गरिएको खाद्य सुरक्षा र पोषणका विषयहरूको अनुगमन नतिजाको समय तालिका ।
  - नेपाल सरकारको विभिन्न स्तरमा विद्यमान अनुगमन/प्रतिवेदन प्रक्रियासँग अनुगमन प्रक्रिया कसरी समन्वय हुन्छ भन्नेबारे प्रष्टता ।

# खाद्य सुरक्षा प्रतिकार्य योजनाको विषयसूची

## परिच्छेद – १

१. जिल्लाको पृष्ठभूमि : अवस्थिति तथा चिनारी

२. खाद्य सुरक्षाको अवस्था : (जिल्लाको खाद्य सुरक्षाको स्थितिबारे छोटो परिचय दिने ।)

३. खाद्य सुरक्षा प्रतिकार्य योजना : (प्रतिकार्य योजनाको छोटो परिचय, उद्देश्य, योजना निर्माण विधि, औचित्य र सीमितताबारे छोटो जानकारी उल्लेख गर्ने ।)

४. खाद्य सुरक्षा प्रतिकार्य योजनाको सार : (खाद्य सुरक्षाको स्थिति, खाद्य असुरक्षाका मुख्य कारक तत्वहरू, स्रोत र सम्भावना, सरोकारवालाहरूका कार्यक्रम, खाद्य सुरक्षाका उद्देश्य, खाद्य सुरक्षा प्रतिकार्यका विकल्पहरू, प्रतिकार्यका विकल्पहरूको प्राथमिकीकरण, प्रतिकार्यको खाका (Response Matrix), कार्यान्वयनका रणनीति, अनुगमन तथा मुल्याङ्कन, साझेदारीका अवसर तथा जीविकोपार्जन क्षेत्र (Livelihood Zone) बिभाजनका आधारहरूबारे छोटो विवेचना गर्ने ।)

## परिच्छेद – २

२.१ ................. जीविकोपार्जन क्षेत्र

२.१.१ परिचय : जीविकोपार्जन क्षेत्रबारे अवस्थिति, हावापानी, भूगोल, यस जीविकोपार्जन अन्तरगत समावेश गा.वि.स.तथा न.पा.हरूको नाम आदि उल्लेख गरी छोटो परिचय दिने ।

२.१.२ खाद्य सुरक्षाको अवस्था : जीविकोपार्जन क्षेत्रको खाद्य सुरक्षाको अवस्थाबारे छोटो जानकारी दिने ।

२.१.३ खाद्य असुरक्षाका कारण : जीविकोपार्जन क्षेत्रको खाद्य असुरक्षाको मुख्य कारणहरूबारे छोटो विवेचना गर्ने र विस्तृत समस्या बृक्ष प्रश्तुत गर्ने ।

२.१.४ सबल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतीहरू : जीविकोपार्जन क्षेत्र अन्तरगत खाद्य असुरक्षाको कारणहरू निराकरण गर्न के कस्ता श्रोत र अवसरहरू उपलब्ध छन् सो बारे छोटो विवेचना गर्ने र यसै शिर्षकमा सबल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतीहरूको तालिका पनि प्रश्तुत गर्ने ।

२.१.५ कार्यरत सरोकारवाला तथा कार्यक्रमहरू : यस जीविकोपार्जन क्षेत्र अन्तरगत खाद्य सुरक्षाका क्षेत्रमा कार्यरत सरोकारवाला र तिनका कार्यक्रमबारे छोटो विवेचना गर्ने र यसै शिर्षकमा सरोकारवाला विस्तृत विवरण पनि प्रश्तुत गर्ने ।

२.१.६ खाद्य सुरक्षाका लागि निर्धारित उद्देश्य : यस जीविकोपार्जन क्षेत्र अन्तरगत खाद्य सुरक्षाको अवस्था सबल तुल्याउनका लागि निर्धारित मुख्य उद्देश्यबारे छोटो विवेचना गर्ने र यसै शिर्षकमा विस्तृत उद्देश्य बृक्ष पनि प्रश्तुत गर्ने ।

२.१.७ प्रतिकार्यका विकल्पहरू (Response Options) : जीविकोपार्जन क्षेत्र अन्तरगत खाद्य सुरक्षाका निर्धारित उद्देश्य प्राप्त गर्न पहिचान गरिएका प्रतिकार्यका विकल्पहरू र तिनको प्राथमिकताबारे छोटो विवेचना गर्ने र यसै शिर्षकमा प्रतिकार्यका विकल्पहरूको सूची पनि प्रश्तुत गर्ने ।

२.१.८ प्रतिकार्य योजना तर्जुमा : जीविकोपार्जन क्षेत्र अन्तरगत खाद्य सुरक्षाका उद्देश्य प्राप्त गर्न पहिचान गरिएका प्रतिकार्यका विकल्पहरू र तिनको प्राथमिकता पश्चात् तयार गरिएको प्रतिकार्य योजनाको खाकाबारे छोटो विवेचना गर्ने र यसै शिर्षकमा प्रतिकार्य योजनाको खाका (Response Matrix) पनि प्रश्तुत गर्ने ।

## परिच्छेद – ३

३.१ योजनाको कार्यान्वयन : खाद्य सुरक्षा प्रतिकार्य योजनाको मस्यौदा जिल्ला खाद्य सुरक्षा सञ्जालमा आवश्यक छलफल, संशोधन र अनुमोदन पश्चात् सञ्जालले जिविसमा अनुमोदनका लागि सिफारिस पेश भई जिविस बैठक तथा परिषदबाट अनुमोदन भई कार्यान्वयन हुने कुरा उल्लेख गर्ने ।

३.२ अनुगमन मुल्याङ्कन : खाद्य सुरक्षा प्रतिकार्य योजनामा उल्लेखित कति कार्यक्रमहरू कहां, कसरी सञ्चालन भई के कस्ता उपलब्धीहरू हासिल भए भन्ने सन्दर्भमा जिल्लाको नियमित अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा समावेश गरिने कुरा उल्लेख गर्ने । त्यसैगरी खाद्य सुरक्षा सञ्जालको बैठकमा के कस्ता सिकाईहरू भए भन्नेबारे एक एजेण्डाको रूपमा राखी छलफल गरी सिकाइहरूको अभिलेख गर्ने कुरा उल्लेख गर्ने । जिल्लामा हरेक वर्ष समिक्षा गोष्ठी राखी जिल्ला खाद्य सुरक्षा सञ्जालले प्रतिकार्य योजनाको कार्यान्वयनका दौरानमा वर्ष भरिका सिकाइबारे छलफल, अभिलेख गर्नुका साथै आगामी दिनमा ती सिकाईहरूलाई प्रतिकार्य योजना निर्माण, कार्यान्वयन तथा समीक्षाका सिलसिलामा प्रयोग गरिने कुरा पनि यस शिर्षक अन्तरगत उल्लेख गर्ने ।

३.३ आगामी दिशा : राष्ट्रिय योजना आयोग, कृषि विकास मन्त्रालय र संयूक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम को संयूक्त तत्वावधानमा तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वयमा "खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण" गर्ने प्रक्रिया थालनी गरिएको कुराबारे छोटो विवेचना गर्ने । यस योजनालाई जिल्लामा कार्यरत सम्पूर्ण सरकारी, गैर सरकारी संघसंस्थाहरूले स्थानीय स्वायत्त शासन ऐन नियम बमोजिम समन्वय र सहकार्यका साथ एकद्वार प्रणाली अवलम्बन गरी आगामी दिनमा खाद्य सुरक्षा सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र समीक्षा गर्दा उक्त योजनालाई प्राथमिकताका साथ लागु गर्दै जिल्लाको खाद्य सुरक्षाको अवस्थालाई सुदृढ बनाउने तर्फ उन्मुख गराउन समन्वयात्मक प्रयास गर्नु पर्ने कुरा उल्लेख गर्ने । यस प्रक्रियाका लागि जि.वि.स.को नेतृत्वदायी तथा समन्वयकारी भूमिकामा सम्पूर्ण सरोकारवालाहरूको सहभागीतामा प्रश्तावित प्रतिकार्य सञ्चालनका लागि छलफल तथा कार्यान्वयन योजना निमार्ण गरिने कुरा पनि यस शिर्षक अन्तरगत उल्लेख गर्ने ।

## अनुसूचीहरू

१. जिल्लाको र क्षेत्रगत घरधुरी र जनसंख्या
२. खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिमका सहभागिहरूको विवरण
३. तालिमको विषयवस्तु
४. सन्दर्भ सामाग्री
५. खाद्य सुरक्षा चरण वर्गीकरणका अनुरूप चरणहरूको परिभाषा
६. खाद्य सुरक्षा प्रतिकार्य योजनामा थप कार्य गर्नका लागि गठित कार्यदल

**विस्तृत खाद्य सुरक्षा प्रतिकार्य योजना तयार गर्न आवश्यक कार्यको विवरण तालिका**

| मुख्य कामहरू | आवश्यक सन्दर्भ सामाग्रीहरू | कामको नेतृत्वमा जिम्मेवार व्यक्ति | टोलीका अन्य सदस्यहरू | पूरा गर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१३

सन्दर्भ : सत्र

# खाद्य सुरक्षा प्रतिकार्य योजनालाई वार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन

## *सहभागीमूलक योजना तर्जुमा प्रक्रिया*

स्थानीय स्वायत्त शासन अन्तर्गत नेपाल सरकारको सहभागीमूलक योजना प्रक्रिया छ जुन योजना प्रक्रियाले समुदायलाई सहमागी गराउँदछ । यो प्रक्रिया १४ चरणमा सम्पन्न हुन्छ र कहिलेकाँहि यसलाई १४ चरणको योजना तर्जुमा प्रक्रिया पनि भनिन्छ । यस सहभागीमूलक योजना तर्जुमा प्रक्रियाको हरेक चरणको मुख्य क्रियाकलापहरूको विवरण तलको तालिकामा दिइएको छ ।

| चरणहरू | क्रियाकलाप | सहभागीता | समय तालिका |
|---|---|---|---|
| **पहिलो :** बजेट पूर्वनुमान योजना र मार्गदर्शन | आगामी आ.व. को योजना तर्जुमाबारे मार्गदर्शन तथा बजेट सिलिङ्ग सम्प्रेषण | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विषयगत मन्त्रालयहरू र रा.यो.आ. | कार्तिक मसान्त सम्म |
| **दोस्रो :** बजेट पूर्वनुमान र मार्गदर्शनको समीक्षा | • विषयगत मन्त्रालय र रा.यो.आ. ले प्रदान गरेको मार्गदर्शन र बजेट सिलिङ्ग समीक्षा | विषयगत निकाय, प्रमुख, जि.वि.स. सभापति, उपसभापति र सदस्यहरू | मंसिरको पहिलो हप्ता भित्र |
| **तेस्रो :** जिल्ला पूर्व योजना तर्जुमा गोष्ठी | • सूचना र नीति मार्गदर्शन आदान प्रदान गर्नुको लागि जिल्ला स्तरमा योजना तर्जुमा गोष्ठी<br>• केन्द्रको मार्गदर्शनको आधारमा जिल्लाको वार्षिक कार्यक्रम नीति तयार पार्नेछन् ।<br>• यस गोष्ठीले सबै सरोकारवाला र स्थानीय स्तरमा निर्वाचित पदाधिकारीहरूलाई आउँदो वर्षको कार्यक्रम नीतिहरूको बारेमा जानकारी प्रदान गर्दछ जसले उनीहरूलाई योजना तर्जुमा गर्न सहयोग पुर्‍याउँदछ ।<br>• यसले विषयगत निकायहरूलाई आउँदो वर्षको आफ्नो उद्देश्य, योजना र प्रस्तावित बजेट प्रदान गर्न सहयोग गर्दछ । | जि.वि.स. पदाधिकारीहरू, विषयगत निकायहरू, वित्तिय संस्थाका प्रतिनिधिहरू, उ.वा. संघ, गै.स.सं., गा.वि.स. अध्यक्ष, उपाध्यक्ष र सचिव | मंसिरको दोस्रो हप्ता भित्र |

| चरणहरू | क्रियाकलाप | सहभागीता | समय तालिका |
|---|---|---|---|
| **चौथो :** गा.वि.स./ नगरपालिका बैठक | मार्गदर्शनको समीक्षा गा.वि.स. तथा न.पा.को वडा र वस्ती स्तरको कार्यक्रम र योजनाको लागि श्रोतहरूको विश्लेषण । | गा.वि.स., न.पा., जि.वि.स. र विषयगत निकायका प्रतिनिधिहरू | मंसिर मसान्त भित्र |
| **पाँचौ :** वस्ती स्तरमा योजना तर्जुमा | • वडा समिति मार्फत गा.वि.स. मा प्रस्ताव गर्ने योजना र विकास कार्यक्रमको पहिचान, मुल्याङ्कन र प्राथमिकिकरण ।<br>• सहभागीहरूको हस्ताक्षर समेत बस्ती स्तरमा समुदायहरूले परियोजना फारम भर्ने । | स्थानीय समुदाय अ./गै.स.सं., नागरिक समाज संस्था, उपभोक्ता समूहहरू र नागरिक समाज र वडा अध्यक्ष र सदस्यहरू | पौषको पहिलो हप्ता भित्र |
| **छैटौ :** वार्ड समिति बैठक | • बस्तीस्तर/समुदाय स्तरबाट प्राप्त कार्यक्रम/योजनाहरूको प्राथमिकिकरण । | वडा अध्यक्ष, सदस्यहरू, नागरिक समाजहरू, उपभोक्ता समूहहरू र नागरिक समाज, वडा नागरिक मञ्च | पौषको दास्रो हप्ता भित्र |
| **सातौं :** गा.वि.स./ नगरपालिका बैठक | • विभिन्न वडाबाट प्राप्त कार्यक्रम/योजनाको एकीकृत सूची तयार पर्ने, प्राथमिकिकरण र श्रोतको बाँडफाँड<br>• गा.वि.स./न.पा. को श्रोतबाट संचालन हुने र बाहय सहयोगको आावश्यक पर्ने परियोजना प्राथमिकिकरण गर्ने ।<br>• गा.वि.स. को श्रोत र बाहृय श्रोतबाट सञ्चालन हुने योजना छुट्याउने । | गा.वि.स./न.पा.का पदाधिकारी र विषयगत निकायका प्रतिनिधिहरू, नागरिक सचेतना केन्द्र | पौषको तेस्रो हप्ता भित्र |
| **आठौं :** गाउँ/नगर परिषद | • बस्तीस्तरबाट प्राप्त परियोजना प्राथमिकीकरण गर्ने, स्वीकृत गर्ने र इलाका स्तरीय गोष्ठी मार्फत जि.वि.स. मा पठाउने । | गाउँ/नगरपरिषदका सदस्यहरू | पौष मसान्त भित्र |
| **नवौं :** ईलाका स्तरिय योजना तर्जुमा गोष्ठी | • निश्चित इलाकाको लागि गा.वि.स./नगरपालिकाबाट प्राप्त परियोजना प्राथमिकीकरण गर्न इलाका स्तरको गोष्ठी सञ्चालन गरिन्छ ।<br>• बैठकको अध्यक्षता/समन्वय इलाका सदस्यहरूले गर्नेछन् ।<br>• प्राथमिकता प्राप्त परियोजना जि.वि.स.को विषयगत समितिमा पेश गरिन्छ । | इलाका सदस्य, गा.वि.स. अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, मेयर र उप मेयर, विषयगत निकायका जिल्ला प्रमुख, वित्तिय संस्थाका प्रमुख र अ/गै.स.सं.का प्रतिनिधिहरू | माघ तेसो हप्ता भित्र |
| **दशौं :** विषयगत योजना तर्जुमा समितिको बैठक | • इलाका र विषयगत निकायबाट प्राप्त परियोजनाको आधारमा, जिल्ला स्तरमा योजनाहरूको प्राथमिकताको लागि विषयगत उप समिति स्तरको बैठक सञ्चालन गरिन्छ ।<br>• प्राथमिकतामा परेका परियोजनाहरू विभिन्न विषयगत समितिका विकास योजनामा सम्मिलित गर्ने र विषयगत योजनाको मस्यौदा एकिकृत योजना तर्जुमा समितिलाई पेश गर्ने । | जि.वि.स. सदस्यहरू, अ/गै.स.सं.का प्रतिनिधिहरू, कार्यको प्रकृति अनुसार क्षेत्रीय समितिका सदस्यहरू | फाल्गुण पहिलो हप्ता भित्र |
| **एघारौं :** एकीकृत योजना तर्जुमा समितिको बैठक | • विषयगत समितिहरूले प्रस्ताव गरेको योजनामा छलफल र समीक्षा गर्ने; विभिन्न क्षेत्रका कार्यक्रम/योजनाको निर्क्यौल, विश्लेषण र प्राथमिकता गर्ने ।<br>• प्राथमिकतामा परेका परियोजनाहरू विभिन्न विषयगत समिति विकास योजनामा सम्मिलित गर्ने र विषयगत योजनाको मस्यौदा एकीकृत योजना निर्माण गरी जि.वि.स.लाई पेश गर्ने । | जि.वि.स. सभापति, उपसभापति, जिल्लाका सभासदहरू, क्षेत्रीय सदस्यहरू र अ/गै.स.सं.का प्रतिनिधिहरू, | फाल्गुण दोस्रो हप्ता भित्र |

| चरणहरू | क्रियाकलाप | सहभागीता | समय तालिका |
|---|---|---|---|
| **बाह्रौं :** जिल्ला विकास समितिको बैठक | • एकिकृत योजना तर्जुमा समितिले प्रस्ताव गरेको मस्यौदा योजनामा छलफल र समीक्षा गर्ने ।<br>• केन्द्रियस्तरको योजना मार्गदर्शन, योजना आदेश, गरीबी नक्शा र जिल्ला आवधिक योजनाको आधारमा श्रोत जिल्ला विकास योजनाको निर्क्योल गर्ने र जिल्ला विकास योजनालाई प्राथमिकता दिई अनुमोदन गर्ने ।<br>• जिल्लाबाट गरिने या केन्द्रबाट गरिने कार्यक्रम र परियोजनालाई छुट्टाछुट्टै वर्गीकृत गर्ने ।<br>• जिल्ला परिषदको अनुमोदनको लागि जिल्ला विकास योजनाको मस्यौदा पेश गर्ने । | जि.वि.स. सभापति, उपसभापति र सदस्यहरू | फाल्गुण तेस्रो हप्ता भित्र |
| **तेह्रौं :** जिल्ला परिषद | • मस्यौदा जिल्ला विकास योजना उपर छलफल र समीक्षा ।<br>• जिल्ला विकास योजनाको अनुमोदन । | जिल्ला परिषद्का सदस्यहरू | फाल्गुण मसान्त भित्र |
| **चौधौं :** जिल्ला विकास योजना कार्यान्वयन | • जिल्ला विकास योजनालाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, रा.यो.आ. मा पेश गर्ने । | रा.यो.आ. र विषयगत मन्त्रालयहरू र रा.यो.आ., सं.मा.स्था.वि.म., विषयगत मन्त्रालयहरू | चैत १० गते भित्र |

## खाद्य सुरक्षा प्रतिकार्य योजनालाई जिल्लाको योजना तर्जुमा प्रक्रियामा संयोजन

माथि उल्लेख गरे अनुरूप वार्षिक योजना तर्जुमा प्रक्रिया कार्तिक महिनामा शुरू हुन्छ । यस महिनामा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा जिल्लाहरूमा मार्गदर्शन र बजेट सिलिङ्ग सहित पठाइन्छ जुन वार्षिक योजना प्रक्रियामा नीतिगत सन्दर्भका रूपमा प्रयोग गरिन्छ । यो योजना तर्जुमा प्रक्रिया फागुन महिनामा जि.वि.स.ले राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्य विषयगत मन्त्रालयहरूमा जिल्ला परिषदबाट अनुमोदित वार्षिक जिल्ला विकास योजना सम्प्रेषण गरे पश्चात् सम्पन्न हुन्छ ।

उपर्युक्त चरण र समयमा गाउँ विकास योजना र जिल्ला विकास योजना तुर्जमा प्रक्रियामा खाद्य सुरक्षा र पोषण सुरक्षाका प्रतिकार्यहरूलाई समावेश गर्न वार्षिक योजना तर्जुमा प्रक्रियासँग संयोजन गरिन्छ । सोबारे प्रक्रिया तथा सान्दर्भिक चरणको व्याख्या तल गरिएको छ :

क: **जिल्ला खाद्य सुरक्षा सञ्जाल बैठक – खाद्य सुरक्षा अनुगमन तथा प्रतिकार्य विश्लेषण** : जिल्लाको खाद्य सुरक्षा अवस्था अनुगमन र विश्लेषणका लागि यो बैठक चौमासिक रूपमा सञ्चालन गरिन्छ । चौमासिक (श्रावण - कार्तिक, मंसिर - फागुण, चैत-आषाढ) खाद्य सुरक्षा अनुमगन र विश्लेषणका साथसाथै जिल्ला खाद्य सुरक्षा सञ्जालले तेश्रो चौमासिक अनुगमनको बैठक सञ्चालन हुने असार/श्रावण महिनामा वार्षिक रूपमा खाद्य सुरक्षाको समग्र अवस्थाबारे थप विश्लेषण गरी जिल्लाको खाद्य सुरक्षाको अवस्था पहिचान गर्नुका साथै उक्त खाद्य सुरक्षाका जानकारीमा आधारित भई प्रतिकार्य विश्लेषण तथा खाद्य सुरक्षा प्रतिकार्य योजना अध्यावधिक गर्ने कार्य सञ्चालन गर्दछ । यो चरणमा अध्यावधिक गरी तयार पारिएको प्रतिकार्य योजना जि.वि.स.मा अनुमोदनका लागि र वार्षिक योजना तर्जुमा प्रक्रियामा सन्दर्भका लागि पठाइन्छ ।

**खः जि.वि.स.बैठक पूर्व योजना तर्जुमा गोष्ठी** ः कार्तिक महिना देखि शुरू हुने १४ चरणको योजना तर्जुमा प्रक्रिया अनुरूप जि.वि.स.को पूर्व योजना तर्जुमा बैठक सञ्चालन गर्न प्रक्रिया रहेको छ । यस बैठकको उद्देश्य बजेट सिलिङ्ग तथा मार्गदर्शनको पूनरावलोकन गर्ने र जिल्लाको विकास रणनीति निर्माणका साथै वार्षिक योजना तर्जुमा प्रक्रियाको तालिका बनाउने हो । यस बैठकमा जिल्लास्तरका सम्पूर्ण सरोकारवालाहरू सहभागी भई राष्ट्रिय प्राथमिकताको बारेमा जानकार हुने र वार्षिक योजना तर्जुमा प्रक्रिया अनुरूप जिल्लाको योजना तर्जुमाका प्राथमिकता र रणनीति तयार पार्ने हो । योजना प्रक्रिया मंसिर महिनामा शुरू हुने हुनाले खाद्य सुरक्षा प्रतिकार्य योजनाको अनुमोदन र पेश गर्ने उचित समय हो । जिल्ला खाद्य सुरक्षा सञ्जालले बैठकमा खाद्य सुरक्षा प्रतिकार्य योजना जि.वि.स. र अन्य सरोकारवालाहरू माझ प्रस्तुत गर्दछ । जि.वि.स. बाट प्राप्त सल्लाह तथा खाद्य तथा पोषण सुरक्षाका कार्यक्रम संयोजनका सुझावहरू समावेश गरी यसलाई अन्तिम रूप दिइन्छ । अनुमोदन भए पछि अन्य निर्देशिकाहरूका साथमा जि.वि.स.ले गा.वि.स. तथा न.पा. मा वार्षिक योजना तर्जुमामा सन्दर्भ तथा खाद्य तथा पोषण सुरक्षाका कार्यक्रमसँग संयोजनका लागि पठाउने छ ।

**गः इलाका योजना तर्जुमा बैठक** ः इलाका योजना तर्जुमा बैठक नगरपालिका र गा.वि.स.हरूबाट प्रस्तावित क्रियाकलापहरू प्राथमिकिकरणका लागि आयोजना गरिन्छ । प्राथमिकता प्राप्त परियोजना जि.वि.स.को विषयगत समितिमा पेश गरिन्छ । यस बैठकमा पनि विभिन्न गा.वि.स. तथा न.पा.का जिल्लास्तरीय तथा केन्द्रीय खाद्य तथा पोषण सुरक्षाका कार्यक्रमको संयोजनको सुनिश्चितता गरिन्छ ।

**घः विषयगत समितिको बैठक** ः जिल्ला परिषद् भन्दा पहिले विषयगत योजना तर्जुमा समिति, एकिकृत योजना तर्जुमा समिति र जि.वि.स. बैठकहरू सम्पन्न गरिन्छ । इलाका र विषयगत निकायबाट प्राप्त परियोजनाको आधारमा, जिल्लास्तरमा योजनाहरूको प्राथमिकताको लागि विषयगत समिति स्तरको बैठक सञ्चालन गरिन्छ । प्राथमिकतामा परेका परियोजनाहरू विभिन्न विषयगत समिति विकास योजनामा सम्मिलित गर्ने र विषयगत योजनाको खाका एकिकृत योजना तर्जुमा समितिलाई पेश गर्ने गरिन्छ । यस बैठकमा पनि विभिन्न गा.वि.स., न.पा. तथा जिल्लास्तरीय तथा केन्द्रीय खाद्य तथा पोषण सुरक्षाका कार्यक्रमको संयोजनको सुनिश्चितता गरिन्छ ।

अन्तमा जिल्लाको वार्षिक विकास योजना पूनरावलोकन, छलफल र अनुमोदनका गरी जिल्ला परिषद्ले जिल्ला विकास योजना स्वीकृत गर्दछ ।

१४

सन्दर्भ : सत्र

# खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयन

कुनै पनि योजनाहरूको कार्यान्वयन गर्न सरोकारवाला बिचको सहकार्य, समन्वय, उपयुक्त समयमा सामाग्री तथा प्रविधिको उपलब्धता, सहभागिता, पारदर्शिता आदिले महत्वपूर्ण भमिका निर्वाह गर्दछ ।

**योजना कार्यान्वयनका सन्दर्भमा ध्यान दिनुपर्ने केहि महत्वपुर्ण पक्ष निम्न छन् ।**

- सहभागीता
- क्षमता अभिवृद्धि
- पारदर्शिता
- जवाफदेयीता
- साझेदारी र सहयोग
- क्रियाकलापको दिगोपन
- कामको समय तालिका

**साझेदारी**

गरीबी र भोकमरीका साथै तथा खाद्य असुरक्षाका समस्या सम्बोधनका लागि क्षमता, श्रोत र तुलनात्मक लाभ एकै स्थानमा ल्याउनु नै साझेदारी हो । हरेक संस्थाले काम गर्ने क्रममा समन्वय र साझेदारीका लागि निम्न कुराहरू प्रदान गर्न सक्छन्ः

- आर्थिक श्रोत ।
- भौतिक श्रोत ।
- संस्थागत क्षमता, ज्ञान, विचार ।
- समुदाय, दातृ निकाय, सरकार वा नीजि क्षेत्रसँगको सम्बन्ध ।

**साझेदारीका सिद्धान्तहरू**

- साझा लक्ष्य र पारस्परिक सम्मान र विश्वास ।
- क्रियाकलापहरूको संयुक्त योजना र निर्णय ।
- साझेदारी निर्माण र प्रवर्द्धनका लागि वचनवद्धता ।
- कार्यक्रम कार्यान्वयनका लागि केही मात्रामा स्वायत्तता प्रदान गर्न तत्परता ।
- पारदर्शिता र जवाफदेयीताका लागि वचनवद्धता ।

**साझेदारीका फाइदाहरू**

- प्रयासहरू नदोहोरिने र श्रोतहरू खेर नजानेबारे सुनिश्चितता गर्दछ ।
- श्रोतका लागि आपसी प्रतिस्पर्धा कम गर्छ ।
- संस्थाहरूलाई तिनीहरूको श्रोत दोब्बर गर्नमा मद्दत गर्दछ । उदाहरणका लागि, सबै सरोकारवालाहरूको एकै स्वर भएमा, लक्षित समुदायको पक्षमा अझ राम्रो पैरवी तथा सहयोग जुटाउन सक्छौं ।
- संस्थाहरूलाई श्रोतहरू परिपूरकका रूपमा प्रयोग गर्न मद्दत गर्दछ जसले गर्दा साझा उद्देश्य पूरा गर्नमा मद्दत पुग्छ जुन कुनै एक संस्थाले एक्लै पूरा गर्न सक्षम हुँदैनन् ।
- उच्च स्तरमा (पूर्ण साझेदारी) सहकार्यले संस्थाहरूलाई नयाँ श्रोत र विचारहरू सृजना गर्नमा मद्दत गर्दछ, जुन एक्लैले सृजना गर्न सम्भव हुँदैन ।

**कार्यान्वयन कार्ययोजना**

प्रस्तावित क्रियाकलाप अन्तर्गतका मुख्य कार्यहरू समयमा नैं कार्यान्वयन होस् जसले गर्दा लक्षित क्रियाकलापहरू समयमा नैं गुणस्तरीय ढंगमा सम्पन्न होस् भन्नका लागि कार्ययोजना तयार पारिन्छ । यसले क्रियाकलापहरूको प्रभावकारी संचालन र अनुगमनमा सहयोग पुऱ्याउँदछ । निम्न प्रश्तावित खाका कार्ययोजना निर्माणमा प्रयोग गर्न सकिन्छ ।

| क्र.स. | क्रियाकलापको नाम र मुख्य काम | गा.वि.स./वडा | लक्षित समुदाय | मिति (सुरूवात र अन्त) | जिम्मेवार नेतृत्व र सहयोग | अनुगमनका क्रियाकलाप र समय तालिका | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनुगमन तथा मुल्याङ्कन

## अनुगमन

योजना, नीति, कार्यक्रम तथा परियोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ/छैन र कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ/छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने प्रक्रिया अनुगमन हो । त्यसको साथै अनुगमनले परियोजनाका क्रियाकलापहरू कार्यान्वयन भई रहेको छ कि छैन जाँच गर्नुको साथै योजना अनुसार अपेक्षित नतिजाहरू प्राप्त भए नभएको यकिन गर्दछ ।

योजना, नीति, कर्यक्रम र परियोजनाहरूको अनुगमन गर्ने प्रक्रियामा निम्न पक्षहरू विश्लेषण गरिन्छः

१. श्रोतहरू उपलब्ध भए नभएको र सो श्रोतहरू आधिकारिक बजेट सीमा भित्र रहे नरहेको र तोकिएको समयमा सम्पन्न भए नभएको ।
२. अपेक्षित नतिजाहरू समयमा नैं कम खर्चमा सम्पन्न भए नभएको यकिन ।
३. कार्यान्वयनको क्षमता स्तर के हो ?
४. कस्ता किसिमका समस्या र वाधाहरू देखा परेका र कस्तो किसिमका समाधानका उपायहरू पहिचान गरिएको?

अनुगमनको समयमा माथि उल्लेखित पक्षहरूमा तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरी परिस्कृत गरिन्छ र नियमित, व्यवस्थित र समयमा नैं प्रतिवेदन तयार पारिन्छ । यस प्रक्रियाले ढिलो हुनु भन्दा अगावैं समस्याहरू पहिचान गरी सुधारात्मक उपायहरू शुरू गर्न मद्दत दिन्छ ।

## मुल्याङ्कन

कार्यान्वयन भईरहेका कार्यक्रमहरूको योजना, नीति, कार्यक्रम तथा परियोजनाहरू हालको समयमा के-कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के-कस्ता उपलब्धि एवम् प्रभावहरू हासिल भएका छन् भन्ने कुराको आन्तरिक र बाह्य मुल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य

मुल्याङ्कन हो । मुल्याङ्कनको मुख्य उद्देश्य भनेको योजना, नीति, कार्यक्रम र परियोजनाको कार्यान्वयनको क्रममा अनुभव गरिएका क्षमता तथा कमजोरीहरूबाट शिक्षा लिने र भविष्यमा त्यसको रूपरेखा र कार्यान्वयनमा सुधार गर्नुको साथै त्यसको कार्यान्वयन र नतिजाहरूमा सम्बन्धित अधिकारी र निकायहरूलाई यस प्रक्रियामा उत्तरदायी बनाउनु हो ।

## अनुगमन र मुल्याङ्कनमा भिन्नता

| अनुगमन | मुल्याङ्कन |
|---|---|
| • कार्यान्वयन अवधिभर निरन्तर गरिने योजनाको एक प्रक्रिया हो, जसलाई परियोजनाको एउटा आन्तरिक कार्यको रूपमा पनि लिइन्छ । | • विभिन्न चरणमा गरिने योजना प्रक्रिया हो जस्तैः चालू मुल्याङ्कन, अन्तिम वा सम्पन्न मुल्याङ्कन र कार्यक्रम पछिको मुल्याङ्कन । |
| • निर्माण चरण र सञ्चालन चरणको अवस्थामा मात्र गरिन्छ । | • छनौट चरणदेखि सञ्चालन चरणपछिका अवस्थामा पनि गरिन्छ । |
| • निर्माण चरण र सञ्चालन चरणका अवस्थामा देखिएका कमी कमजोरीहरूलाई सुधार गर्ने संस्थागत प्रक्रिया हो । | • निर्माण चरण र सञ्चालन चरणमा आवश्यक सुधार गर्ने तथा कार्यान्वयनका क्रममा भएका कमी कमजोरीबाट पाठ सिकी भविष्यमा त्यस्तै योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा सुधार गर्ने साधन हो । |
| • लगानी, प्रक्रिया र प्रतिफलसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । | • पूर्वनिर्धारित लक्ष्य र उपलब्धिको स्थिति तथा सरोकारवालामा परेको असर र प्रभावको अध्ययनसँग सम्बन्धित छ । |
| • यो एक व्यवस्थापन प्रणाली हो । | • कार्यान्यवन योजना, नीति, कार्यक्रम र परियोजनाहरूबाट पाठ सिक्ने एक व्यवस्थापन साधन हो । |
| • साधारणतया, कार्यान्वयन गर्ने निकायबाट गरिन्छ । | • साधारणतया, कार्यान्वयन गर्ने निकायभन्दा बाहिरका स्वतन्त्र व्यक्ति तथा संस्थाहरूबाट गराइन्छ । |
| • लगानी, प्रक्रिया र प्रतिफलसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । | • पूर्वनिर्धारित लक्ष्य र उपलब्धिको स्थिति तथा सरोकारवालामा परेको असर र प्रभावको अध्ययनसँग सम्बन्धित छ । |

## अनुगमन तथा मुल्याङ्कनका मुख्य क्रियाकलापहरू

नेपाल सरकारले अनुगमन तथा मुल्याङ्कन प्रणाली निर्माण गरेको छ । हालको विद्यमान अनुगमन तथा मुल्याङ्कन प्रणाली जिल्ला र गा.वि.स. स्तरको खाद्य सुरक्षा प्रतिकार्य योजना अनुगमनको लागि मुख्य आधार हुनेछ । यसका साथै खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयनमा भएको प्रगतिको समीक्षा तथा खाद्य सुरक्षा प्रतिकार्य योजनालाई अध्यावधिक गर्न वार्षिक रूपमा समीक्षा बैठक/गोष्ठी सञ्चालन गरिने छ ।

## सामाजिक जिम्मेवारी र जवाफदेयीता

१. सार्वजनिक लेखा परिक्षण
२. सार्वजनिक सुनुवाई
३. सामाजिक लेखा परिक्षण

### १. सार्वजनिक लेखा परिक्षण (Public Audit)

सार्वजनिक निकायबाट सञ्चालन भएका योजना, नीति, कार्यक्रम तथा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट तथा यसबाट प्राप्त नतिजा, प्रतिफल तथा खर्चको बारेमा **सरोकारवालाहरूलाई जानकारी गराउने, लेखाजोखा गर्ने र मुल्याङ्कन गर्ने** कार्यलाई सार्वजनिक परीक्षण (Public Audit) भनिन्छ ।
यसले सरोकारवालाहरूलाई उनीहरूको मुल्याङ्कनमा सहभागी गराउँदछ ।

सार्वजनिक निकायबाट सञ्चालन भएका कार्यक्रम र परियोजनाहरूको कूल बजेट, पूरा भएका क्रियाकलापहरू र प्राप्त उपलब्धिहरूका बारेमा सरोकारवालाहरूलाई सार्वजनिक रूपमा जानकारी दिनका लागि यो सञ्चालन गरिन्छ । सार्वजनिक परिक्षण सरकारी निकाय, स्थानीय निकाय, गैह्र सरकारी संस्था र समुदायले सञ्चालन गरेका विकास क्रियाकलापहरू स्फूर्त, पारदर्शी र प्रभावकारी बनाउनका लागि सेवा सञ्चालनमा सुधार ल्याउने हेतुले सञ्चालन गरिन्छ ।

लाभग्राहीहरूको प्रत्यक्ष सहभागीता र सक्षम सहजकर्ताको सहयोगमा सार्वजनिक परिक्षण सञ्चालन गरिन्छ । यसले पारदर्शिता, मानिसहरूको सहभागीता र सुशासनलाई प्रवर्द्धन गर्दछ ।

सार्वजनिक परिक्षणका लागि निम्न प्रक्रियाहरूबाट जानु पर्दछः

- सरोकारवालाहरूलाई सार्वजनिक परिक्षणको मिति र समयका बारेमा जानकारी दिने ।
- सम्बन्धित कार्यक्रम/परियोजनाको उपभोक्ता समूह, स्थानीय मानिसहरू र नागरिक समाजको प्रतिनिधिहरूको कार्यालयका अधिकारीहरूलाई निमन्त्रणा पठाउने ।
- सार्वजनिक परिक्षण गर्न लागिएको कार्यक्रम वा परियोजनाको विवरण तयार पार्ने ।
- सम्पूर्ण सहभागीहरूको नाम दर्ता गर्ने ।
- सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, कार्यक्रम व्यवस्थापनको विधी, उपलब्ध समय, र आचार संहिताका बारेमा सुचित गर्ने ।
- सहभागीहरू बिच भएको विचार विमर्शको रेकर्ड राख्ने ।
- सार्वजनिक परिक्षण सञ्चालन गर्ने सहजकर्ताले गुनासो, समालोचना, प्रतिक्रिया र सुझाव लगायतका सम्पूर्ण कुराहरू समावेश गरी सम्बन्धित निकायमा पेश गर्नका लागि प्रतिवेदन तयार पार्ने ।
- सार्वजनिक परिक्षण प्रतिवेदनका आधारमा सार्वजनिक ढंगमा आवश्यक कामहरूको पहलकदमी गर्ने ।

### २. सार्वजनिक सुनुवाई (Public Hearing)

सरोकारवाला, सर्वसाधारण नागरिक र सार्वजनिक निकायका पदाधिकारीहरू बिच सार्वजनिक चाँसोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने कार्यलाई सार्वजनिक सुनुवाइ भनिन्छ । सार्वजनिक सुनुवाई सार्वजनिक निकायहरू र नागरिकहरू बिच दुइपक्षीय वार्ताका लागि; विकास प्रक्रियामा मानिसहरूलाई सृजनात्मक रूपमा सहभागी गराउन; पारदर्शिता मार्फत विकास कार्यक्रम र सेवाको गुणस्तर र प्रभावकारीता सुधारका लागि; सार्वजनिक अधिकारीहरू बिच जवाफदेयीताको संस्कार विकास गर्नका लागि आयोजना गरिन्छ ।

सम्बन्धित निकायले छलफलका लागि एक दक्ष सहजकर्ताको सेवा खरिद गरी सार्वजनिक निकायका अधिकारीहरू, लाभग्राहीहरू, सामान्य नागरिक, पत्रकार र अन्य सहभागीहरूको उपस्थितिमा सार्वजनिक स्थलमा सार्वजनिक सुनुवाई सञ्चालन गर्दछ । सो सहजकर्ताले प्रश्न उत्तरहरू व्यवस्थित गर्नुका साथै सम्पूर्ण कार्यक्रमको विवरण लिपिवद्ध गर्दछ ।

त्यस्तो सुनुवाईमा, लाभग्राही वा सेवाग्राहीहरूले सम्बन्धित पदाधिकारीहरूको अगाडि सार्वजनिक निकायहरूको कामकारवाहीबाट आफूहरूले भोग्नु परेको भेदभाव वा कुनै गुनासो भएमा खुला रूपमा व्यक्त गर्न सक्दछन् । यो सार्वजनिक सेवाहरू अझ बढी नागरिक प्रति लक्षित, पारदर्शि र स्फूर्त बनाउनमा सहयोगी हुनुका साथै सार्वजनिक निकायहरू र सेवाग्राहीहरू बिचको दूरी कम गर्दछ ।

सार्वजनिक सुनुवाईका लागि निम्न प्रक्रियाहरू सञ्चालन गर्नु पर्दछः

- गत सार्वजनिक सुनुवाइमा प्रतिबद्धता गरिएको कुराहरूको पूनरावलोकन गर्ने;
- कार्यक्रमको १५ दिन अगावै नागरिक प्रतिवेदन कार्ड र निकास सर्वेक्षण (Exit Poll) को प्रयोग गरी सूचना सङ्कलन गर्ने;
- नागरिक प्रतिवेदन कार्ड र तयारीमा संलग्न सामान्य नागरिकहरूलाई सुनुवाईमा उपस्थित हुनका लागि निमन्त्रणा पठाउने;
- कार्यक्रम व्यवस्थापनका लागि दक्ष सहजकर्ताको व्यवस्था गर्ने;
- सार्वजनिक सूचना मार्फत मानिसहरूलाई सार्वजनिक सुनुवाईको मिति, समय र स्थानको सूचना दिने;
- विभिन्न संस्था, पत्रकार र सामान्य मानिसहरूको प्रतिनिधिहरूलाई निमन्त्रणा गर्ने;
- छलफलको क्रममा उठ्न सक्ने प्रश्नहरूको उत्तर दिनका लागि पदाधिकारी चुन्ने;
- सार्वजनिक सुनुवाई सम्पन्न भए पश्चात् पूनरावलोकन गर्ने;
- सहजकर्ताबाट सार्वजनिक सुनुवाईको प्रतिवेदन प्राप्त गर्ने;
- सार्वजनिक सुनुवाईको सूचना सम्प्रेषणका लागि व्यवस्था मिलाउने ।

सुशासन नियमावली २०६५ को नियम १९ मा सार्वजनिक सुनुवाईको सन्दर्भमा निम्न व्यवस्था गरिएको छः

१. हरेक चौमासिकमा कम्तिमा एक पटक सार्वजनिक सुनुवाई सञ्चालन गुर्नपर्दछ र सो प्रक्रियामा सेवाग्राही र सामान्य नागरिकहरूलाई पहलकदमीका बारेमा सूचना दिनुपर्दछ र गत सुनुवाईमा प्रतिवद्धता गरिएका कुराहरू मनन गराउने प्रयास गर्नु पर्दछ ।

२. सार्वजनिक सुनुवाईमा निम्न कुराहरू समावेश गर्न सकिन्छः
   - सम्बन्धित कार्यालयले प्रदान गरेको साधन वा सेवाको बारेमा सेवाग्राही/ लाभग्राहीहरूलाई सूचना;
   - सम्बन्धित कार्यालयसँग सम्बन्धित समस्या, गुनासो र जाहेरीहरू;
   - हालको आ.व. का लागि सम्बन्धित कार्यालयको योजना, कार्यक्रम, परियोजना र बजेटको विवरण सरोकारवाला वा अन्य इच्छुक सहभागीहरूलाई सूचना;
   - निकायले कार्यान्वयन गरेको कार्यक्रमको सकारात्मक र नकारात्मक प्रभावको मुल्याङ्कन;
   - गत सुनुवाईमा उठाइएका विषयहरूको प्रगति र उपलब्धि;
   - अन्य सान्दर्भिक विषयहरू ।

### ३. सामाजिक परिक्षण (Social Audit)

सार्वजनिक सेवा प्रदानका सम्पूर्ण गतिविधिहरूमा सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता र जानकारी हुनुपर्ने मान्यता अनुरूप सरोकारवालाहरूको संलग्नतामा सेवाप्रदायक निकायको सम्पूर्ण गतिविधिको समुचित परीक्षण गरी त्यसको प्रतिवेदन गर्ने कार्य सामाजिक परीक्षण हो । यसको अन्तर्निहित उद्देश्य

भनेको सार्वजनिक सेवा प्रदान गर्ने क्रममा सरोकारवालाहरू पूर्ण रूपमा सूचित र प्रत्यक्ष रूपमा संलग्न हुनु हो ।

सार्वजनिक परिक्षण सार्वजनिक निकायहरूको क्रियाकलापका बारेमा सरोकारवालाहरूको स्वामीत्व विकासका लागि; उपलब्ध श्रोतको उच्चत्तम् प्रयोगका लागि; पारदर्शिता सुधार, जवाफदेयीताको संस्कार प्रवर्धन र मानिसहरूको गुनासो लगायत सेवासँग सम्बन्धित समस्या र चाँसोहरू सम्बोधनका लागि महत्वपूर्ण साधन हो ।

सार्वजनिक परिक्षण दक्ष सहजकर्ताको सेवा खरिद गरी सम्पूर्ण सरोकारवालाहरूको उपस्थितिमा सञ्चालन गर्नु पर्दछ र सार्वजनिक निकायको सामाजिक जिम्मेवारीका साथै यसको जिम्मेवारी पूरा गर्ने क्रममा भएका प्रयासहरू र प्रगतिहरू अध्ययन गर्दछ ।

सार्वजनिक परिक्षणहरू राष्ट्रले आफ्ना नागरिकका लागि साधन र सेवाहरूमा गरिएको लगानी कति हदसम्म नागरिकहरूको जीवनमा सकारात्मक प्रभाव पार्न सफल भएको छ र भविष्यका लागि सुधारका क्षेत्रहरू पहिचानका लागि उपयोगी हुन्छन् । सार्वजनिक परिक्षणका लागि निम्न प्रक्रियाहरू सम्पन्न गर्नु पर्दछः

- सामाजिक परिक्षकका रूपमा विशेषज्ञलाई करारमा लिने जो परियोजना कार्यालय र स्थानीय निकायहरूसँग कुनै पनि किसिमबाट सम्बन्धित हुँदैन;
- सामाजिक परिक्षकलाई नीति, नियम, निर्देशिका, वार्षिक कार्यक्रम, उपलब्धिको विवरण, प्रगति प्रतिवेदन आदिका बारेमा सूचना दिने;
- सामाजिक परिक्षक (Social auditor) का लागि स्थलगत भ्रमण, सरोकारवालाहरूको बैठक, र परामर्श आयोजना गर्ने;
- परिक्षक (Auditor) ले अध्ययन, विभिन्न प्रतिवेदन विवरण, छलफल, प्रश्न उत्तर, र अन्य श्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण तथा अध्ययन गरी प्रतिवेदन तयार पार्दछ;
- सम्पूर्ण सरोकारवालाहरूलाई सामाजिक परिक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीताका लागि निमन्त्रणा पठाउने;
- सकेसम्म बढी संख्यामा सरोकारवालाहरूको उपस्थितिका लागि व्यवस्था मिलाउने;
- सामाजिक परिक्षक (Social auditor) द्वारा प्रस्तुति गर्ने;
- छलफल, समालोचना र अवलोकनका लागि खुला सत्र राख्ने र सम्पूर्णलाई सहभागीताका लागि अवसर प्रदान गर्ने;
- छलफलमा सहभागीहरूको विचारहरू टिपोट गर्ने;
- सामाजिक परिक्षकले अन्तिम प्रतिवेदनमा सो विचारहरू समावेश गर्नेछन्;
- सामाजिक परिक्षक बाट अन्तिम प्रतिवेदन प्राप्त गर्ने;
- अन्तिम प्रतिवेदन सार्वजनिक गर्ने ।

## खाद्य सुरक्षा प्रतिकार्य योजनाको समीक्षा तथा अध्यावधिक :

चालु वर्षमा तयार गरिएको खाद्य सुरक्षा प्रतिकार्य योजना आउँदो आर्थिक वर्षमा कार्यान्वयन गरिन्छ । एक वर्षको दौरानमा के कस्ता उपलब्धी भए, कस्ता सिकाईहरू भए र आगामी दिनमा खाद्य सुरक्षाका

सन्दर्भमा थप के कस्ता पहल र कार्यक्रम गर्नुपर्ला जस्ता महत्वपूर्ण विषयवस्तु समावेश गरिएको २ दिने समीक्षा गोष्ठी आयोजना गर्न सकिन्छ । सोबारे छोटो जानकारी निम्न छः

**उद्देश्यः** खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयनको सन्दर्भमा भएका उपलब्धीको समीक्षा तथा विद्यमान खाद्य सुरक्षाको वस्तुस्थितिलाई आधार गरी आगामी वर्षका लागि खाद्य सुरक्षा प्रतिकार्य योजना अध्यावधिक गरी जिल्ला विकास योजनामा संयोजनका लागि तयार गर्ने ।

**छलफलका विषयवस्तु**

१. खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयनको सन्दर्भमा भएका उपलब्धीको प्रस्तुति र समीक्षा ।
२. जिल्लाको समग्र खाद्य सुरक्षाको अवस्था पहिचान गर्ने । यसका लागि विगत वर्षभरीको खाद्य सुरक्षा अनुगमनको नतिजाको सम्पादन तथा विश्लेषणका गर्नुका साथै जिल्लामा विभिन्न निकायद्वारा सञ्चालित खाद्य सुरक्षा तथा पोषणबारेका अन्य अध्ययन प्रतिवेदनको समेत विश्लेषण गर्ने ।
३. उपर्यूक्त विश्लेषणका आधारमा आगामी वर्ष केन्द्रित गर्नुपर्ने खाद्य सुरक्षा तथा पोषणबारेका प्रमुख मुद्दा (Issues) पहिचान गर्ने ।
४. उपर्यूक्त सिकाई, खाद्य सुरक्षाको विद्यमान अवस्था, भविश्यमा लक्षित गर्नुपर्ने मुद्दाबारे विचार गरी खाद्य सुरक्षा प्रतिकार्य योजनालाई अध्यावधिक गर्ने ।
५. अध्यावधिक योजनालाई जिल्ला विकास योजना तर्जुमा प्रक्रियामा संयोजन गर्ने ।

## अनुगमन मुल्याङ्कन योजनाको नमूना

### खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण<br>अनुगमन मुल्याङ्कन योजना

| तहगत उद्देश्य | उपलब्धीका सूचक | जानकारीका स्रोत | जानकारी संकलन विधि | पटक | जिम्मेवारी | प्रतिवेदनको प्रसार |
|---|---|---|---|---|---|---|
| **समग्र उद्देश्य:**<br>तथ्यमा आधारित खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण गरी जिल्लाको खाद्य सुरक्षा सबल तुल्याउन योगदान पुर्‍याउने । | • वार्षिक जिल्ला विकास योजना निर्माण प्रक्रियामा खाद्य सुरक्षा प्रतिकार्य योजना समायोजन गर्ने जिल्लाको संख्या ।<br>• NeKSAP बाट सिर्जित तथ्यमा आधारित भई निर्माण भएका खाद्य सुरक्षासँग सम्बन्धित क्रियाकलापको संख्या ।<br>• खाद्य सुरक्षालाई एक रणनैतिक उद्देश्यका रूपमा पहिचान गरिएका जिविसको संख्या । | • आयोजनाको मध्यावधि तथा अन्तिम मुल्याङ्कन प्रतिवेदन ।<br>• जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक पुस्तिका ।<br>• क्षेत्रीय समीक्षा प्रतिवेदन ।<br>• सरोकारवालाका वार्षिक योजना ।<br>• जिल्ला विकास योजना ।<br>• जिल्लाको आवधिक योजना ।<br>• जिल्ला परिषदका निर्णय पुस्तिका । | • जिल्ला विकास योजना समीक्षा ।<br>• जिल्ला खाद्य सुरक्षा सञ्जालको प्रतिवेदनको समीक्षा<br>• आवधिक योजनाको समीक्षा । | • वार्षिक | • जिल्ला खाद्य सुरक्षा सञ्जालको Focal Person<br>• WFP का सम्बन्धित कर्मचारीहरू<br>• कृषि विकास मन्त्रालय | • कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विश्व खाद्य कार्यक्रम |
| **विशिष्ट उद्देश्य:**<br>जिल्लाका सरोकारवालाहरूको खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका विधिहरू प्रयोग गरी तथ्यमा आधारित जिल्ला खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयन गर्न क्षमता अभिबृद्धि गर्ने । | • तथ्यमा आधारित खाद्य सुरक्षा योजना निमार्ण तथा सञ्चालन भएका योजनाको संख्या ।<br>• जिल्लाको खाद्य सुरक्षाको स्थिति सुधार गर्न जिल्ला खाद्य सुरक्षा सञ्जालको तथ्यहरूमा आधारित हुदै खाद्य सुरक्षा प्रतिकार्य योजना तथा बजेट विनियोजन गर्ने जिल्लाको संख्या ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनामा आधारित योजना निर्माण तथा बजेट विनियोजन गर्ने सरोकारवालाहरूको संख्या । | • जिल्लाका खाद्य सुरक्षा प्रतिकार्य योजना ।<br>• जिल्लाका विषयगत समितिका वैठकका निर्णयहरू ।<br>• जिल्लाका एकीकृत योजना तर्जुमा समितिका वैठकका निर्णयहरू ।<br>• सरोकारवालाका योजना ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनाबारे जिविस, सं.मा.तथा स्था.वि.मं., कृ.वि.मं., रा.यो.आ.बाट जारी मार्गदर्शन तथा पत्रका प्रतिलिपिहरू ।<br>• प्रगति प्रतिवेदन तथा समीक्षा बैठकका प्रतिवेदनहरू । | • प्रतिवेदनहरूको समीक्षा तथा सम्पादन ।<br>• सरोकारवालाहरूसँग अन्तरक्रिया, साक्षात्कार ।<br>• बैठक निर्णय पुस्तिका तथा मार्गदर्शनहरूको पुनरावलोकन । | • वार्षिक | • जिल्ला खाद्य सुरक्षा सञ्जालका Focal Person<br>• WFP का सम्बन्धित कर्मचारीहरू | • कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विश्व खाद्य कार्यक्रम |

| तहगत उद्देश्य | उपलब्धीका सूचक | जानकारीका स्रोत | जानकारी संकलन विधि | पटक | जिम्मेवारी | प्रतिवेदनको प्रसार |
|---|---|---|---|---|---|---|
| **नतिजा १:** खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको नमुनाको विकास, परिक्षण तथा अध्यावधिक । | • सरोकारवाला समेतको सल्लाह सुझावमा तयार मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको नमुना ।<br>• मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको परिक्षण भएका जिल्लाको संख्या ।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको तालिम तथा स्रोत पुस्तिका । | • बैठकका प्रतिवेदनहरू ।<br>• परामर्श तथा अन्तरक्रिया बैठकका प्रतिवेदनहरू ।<br>• तालिम प्रतिवेदन तथा Training Database ।<br>• तालिम, परिक्षण तथा सिकाइका प्रतिवेदन । | • नमुना विधिको समीक्षा तथा अध्यावधिका लागि गोष्ठी ।<br>• सरोकारवालाहरूसँग अन्तरक्रिया, साक्षात्कार ।<br>• तालिम प्रतिवेदनहरूको समीक्षा । | • एक पटक | • जिल्ला खाद्य सुरक्षा सञ्जालका Focal Person<br>• WFP का सम्बन्धित कर्मचारीहरु | • कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विश्व खाद्य कार्यक्रम |
| **नतिजा २:** खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका सहजीकरणका लागि प्रशिक्षकहरू । | • खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिम सञ्चालन गर्न कम्तिमा ३० जना तालिम प्राप्त प्रशिक्षकहरू ।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको तालिम तथा स्रोत पुस्तिका तथा अन्य शिक्षण सामाग्री ।<br>• प्रमुख प्रशिक्षक तालिमको पाठ्यक्रम तथा पाठयोजना । | • तालिम प्रतिवेदन तथा Training Database ।<br>• प्रशिक्षकहरूको सूची ।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको तालिम तथा स्रोत पुस्तिका । | • तालिम प्रतिवेदन तथा Training Database को समीक्षा ।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको तालिम तथा स्रोत पुस्तिका तथा अन्य शिक्षण सामाग्रीको समीक्षा । | • वार्षिक | • जिल्ला खाद्य सुरक्षा सञ्जालका Focal Person<br>• WFP का सम्बन्धित कर्मचारीहरु | • कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विश्व खाद्य कार्यक्रम |
| **नतिजा ३:** खाद्य असुरक्षा सम्बोधनमा लागि खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण तथा बजेट विनियोजन । | • खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिम सञ्चालन भएका जिल्लाहरू ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण गरेका जिल्लाहरूको संख्या ।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिममा सहभागी भएका सरोकारवालाको संख्या ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनामा बजेट विनियोजन गरेका जिल्लाहरूको संख्या । | • खाद्य सुरक्षा प्रतिकार्य योजना ।<br>• तालिम प्रतिवेदन ।<br>• जिविस/गा.वि.स. तथा अन्य सरोकारवाला बिच साझेदारी तथा योजना तर्जुमा बैठकका निर्णयहरू<br>• तालिम प्रतिवेदन तथा Training Database. | • सरोकारवालाहरूसँग अन्तरक्रिया, साक्षात्कार ।<br>• बैठक निर्णय पुस्तिका, जिल्ला विकास योजना, सरोकारवालाका कार्यक्रम तथा तालिम प्रतिवेदनको समीक्षा । | • वार्षिक | • जिल्ला खाद्य सुरक्षा सञ्जालका Focal Person<br>• WFP का सम्बन्धित कर्मचारीहरु | • कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विश्व खाद्य कार्यक्रम<br>• जिल्ला खाद्य सुरक्षा सञ्जाल |

| तहगत उद्देश्य | उपलब्धीका सूचक | जानकारीका स्रोत | जानकारी संकलन विधि | पटक | जिम्मेवारी | प्रतिवेदनको प्रसार |
|---|---|---|---|---|---|---|
| **नतिजा ४:**<br>खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण प्रक्रिया जिल्ला विकास योजना तर्जुमा प्रक्रियामा संयोजन । | • खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिमबारे रा.यो.आ., सं.मा. तथा स्था.वि.मं.बाट समन्वय तथा सहजीकरण ।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणमा जिविसको सहभागिता तथा समन्वय ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजना अन्य कार्यक्रम (MSNP, SUAHARA, KISAN आदि) सँगको सहकार्य तथा समन्वय ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयनको समीक्षा सञ्चालन भएका जिल्लाहरू । | • खाद्य सुरक्षा संञ्जालको सचिवालय, कृविका<br>• जिविस (जिविस का पत्राचार) ।<br>• वार्षिक समीक्षा गोष्ठीको प्रतिवेदन ।<br>• बैठक निर्णय पुस्तिका तथा तालिम प्रतिवेदन । | • सरोकारवालाहरूसँग अन्तरक्रिया, साक्षात्कार ।<br>• बैठक निर्णय पुस्तिका, पत्र, मार्गदर्शन तथा तालिम प्रतिवेदनको समीक्षा<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयनको समीक्षा प्रतिवेदनको समीक्षा । | • वार्षिक | • जिल्ला खाद्य सुरक्षा सञ्जालका Focal Person<br>• WFP का सम्बन्धित कर्मचारीहरू | • कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विश्व खाद्य कार्यक्रम<br>• जिल्ला खाद्य सुरक्षा सञ्जाल |

**मुख्य क्रियाकलापहरू:**

- मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको नमुना ।
- सरोकारवालाको सल्लाह सुझावका लागि परामर्श बैठक ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको तालिम तथा स्रोत पुस्तिका तथा अन्य शिक्षण सामाग्रीको विकास ।
- मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको परिक्षण ।
- खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण प्रक्रियामा सहजीकरण ।
- मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको परिक्षणका सिकाईबारे गोष्ठी ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको तालिम तथा स्रोत पुस्तिका तथा अन्य शिक्षण सामाग्रीको पुनरावलोकन तथा अध्यावधिक ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको तालिम तथा स्रोत पुस्तिका तथा अन्य शिक्षण सामाग्रीको नेपाली रूपान्तरण ।
- प्रमुख प्रशिक्षक तालिमको सञ्चालन ।
- जिल्लास्थित विकास निकाय प्रमुख तथा प्रतिनिधि (सञ्जालका सदस्य) लाई खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणबारे अभिमुखीकरण ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिम सञ्चालन ।
- जिल्ला विकास योजना तर्जुमा प्रक्रियामा संयोजनको सहजीकरण ।
- खाद्य सुरक्षा प्रतिकार्य योजना कार्यान्वयनको समीक्षा ।

**अनुगमन तथा मुल्याङ्कन योजनाका पक्षहरू**

माथिको उदाहरणको सन्दर्भमा हरेक महल (Column) मा समावेश गरिनु पर्ने विवरण यस प्रकार छः

१. **तहगत उद्देश्य –** उद्देश्यहरूको पदानुक्रम समावेश गर्ने (लक्ष्य, परिणाम, नतिजा र क्रियाकलाप) ।

२. **उपलब्धीका सूचक –** हरेक उद्देश्यसँग सम्बन्धित सूचक समावेश गर्ने । सूचकहरू विशिष्ट, मापन गर्न सकिने, प्राप्त गर्न सकिने, सान्दर्भिक र समयबद्ध हुनुपर्दछ र संख्यात्मक र विवरणात्मक दुवै हुन सक्दछ ।

३. **जानकारीका श्रोत –** सम्बन्धित सूचकको लागि तथ्याङ्कको श्रोत यसमा समावेश भएको हुनुपर्दछ ।

४. **जानकारी सङ्कलनका विधि –** सूचकको लागि सान्दर्भिक सूचना सङ्कलन गर्दा प्रयोग हुने विधि समावेश हुनुपर्दछ (जस्तैः नमूना सर्वेक्षण, लक्षित समूह छलफल, साक्षात्कार, बजार सर्वेक्षण ) ।

५. **तथ्याङ्क सङ्कलनको समय र पटक –** हरेक सूचकको तथ्याङ्क कहिले र कति पटक सङ्कलन गर्ने (वार्षिक, चौमासिक, परियोजनाको अन्तमा आदि) ।

६. **तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदनका लागि जिम्मेवार व्यक्ति –** तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदन निर्माणको लागि को जिम्मेवार छ सो उल्लेख गर्ने । यसमा एक व्यक्ति वा धेरै मानिसहरू हुन सक्छन् (जिल्ला खाद्य सुरक्षा सञ्जालका Focal Person, WFP का सम्बन्धित कर्मचारी) ।

७. **प्रतिवेदनको प्रसार –** सूचनाहरू कसरी तयार पार्ने र प्रयोगकर्ताहरू बिच कुन रूपमा प्रस्तुत गर्ने त्यसको बारेमा यहाँ उल्लेख गर्ने (प्रतिवेदनको प्रकार) । सूचनाको प्राथमिक प्रयोग र अपेक्षित प्रयोगकर्ताहरू उल्लेख गर्ने । यस महलमा प्रतिवेदनको रूपरेखा (तालिका, चित्र, विवरण आदि) र सम्प्रेषण (बैठक वा सामूदायिक भेला आदि) को विधि पनि समावेश गरिन्छ ।

# तालिमको समापन

## तालिमको मुल्याङ्कन

समग्र तालिमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण प्राप्त गर्न तालिमको मुल्याङ्कन गर्नु पर्दछ । यसका लागि छोटो रूपमा समग्र तालिमको विषयवस्तु र उद्देश्यहरू प्रस्तुत गरी पुनरावलोकन गर्ने । यो पुनरावलोकन पछि तालिम मुल्याङ्कन फाराम सहभागीलाई उपलब्ध गराई तालिम कार्यक्रमबारे पृष्ठपोषण लिने ।

## तालिम समापन

तालिमको औपचारिक समापनको कार्यक्रम अन्य तालिमहरू जस्तै गरी सञ्चालन गर्न सकिन्छ । तर यो तालिमबाट तयार खाद्य सुरक्षा प्रतिकार्य योजनाको खाका र पछि कार्यदलले थपकाम गरी तयार हुने खाद्य सुरक्षा प्रतिकार्य योजना जिल्ला विकास योजनामा संयोजन तथा सञ्चालनका प्रक्रियाबारे कार्यक्रममा सहभागी तथा सञ्जालका सदस्यहरूमा थप प्रष्टता र प्रतिबद्धता प्राप्त गर्न यो सत्र महत्वपूर्ण छ । यसका लागि निम्न विषयवस्तु समावेश गरी समापन सत्र सञ्चालन गर्न सकिन्छ ।

१. समापन सत्रको अध्यक्षता र आसन ग्रहण ।
२. अतिथि र अन्य अधिकारीहरूद्वारा आसन ग्रहण ।
३. सहभागीबाट तालिमको सारसंक्षेप (खाद्य सुरक्षा प्रतिकार्य योजनाको खाका) प्रस्तुत ।
४. सहभागीहरूबाट मन्तव्य
५. प्रमाणपत्र वितरण
६. अतिथिहरूबाट मन्तव्य
७. समापन सत्रका अध्यक्षबाट मन्तव्य सहित तालिमको समापन

# अनुसूचीः १ तालिम मुल्याङ्कन फाराम

तल दिइएका बुँदाहरूमा तपाईंको धारणा व्यक्त गर्नुहोस् ।

| विवरण | एकदमै असहमत | असहमत | मध्यम | सहमत | एकदमै सहमत |
|---|---|---|---|---|---|
| १. यस तालिमलबाट मेरो अपेक्षा पूरा भयो । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| २. तालिममा सिकेको ज्ञान व्यवहारमा लागु गर्न म सक्षम छु । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ३. हरेक विषयको लागि तालिमको उद्देश्य पहिचान गरिएको र सोही अनुरूप प्रस्तुत गरिएको । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ४. विषयवस्तु व्यवस्थित र सहज रूपमा प्रस्तुत गरिएको । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ५. बाँडिएका सन्दर्भ सामग्रीहरू सान्दर्भिक र उपयोगी भएको । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ६. निर्देशनको गुणस्तर राम्रो । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ७. तालिमको उद्देश्य पूरा भएको । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ८. कक्षामा सहभागीता र अन्तरक्रियाका लागि प्रोत्साहन गरिएको । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ९. प्रश्नोत्तर र उत्तरका लागि पर्याप्त समय दिइएको । | ❍ | ❍ | ❍ | ❍ | ❍ |

१. तपाईंले समग्रमा तालिमलाई कसरी मापन गर्नुहुन्छ ?

| धेरै नराम्रो | नराम्रो | औसत | उत्तम | अति उत्तम |
|---|---|---|---|---|
| ❍ | ❍ | ❍ | ❍ | ❍ |

२. तालिमको कुन पक्षहरू सुधार गर्न सकिन्छ ?

३. यो तालिमलाई भविश्यमा थप प्रभावकारी तपाईंको सुझाव अति नैं महत्वपूर्ण हुनेछ । तसर्थ तपाईंको विचारमा के सुधार गर्न सकिन्छ होला ?

क) प्राविधिक विषयवस्तुः

ख) तालिम सञ्चालनको प्रक्रियाः

ग) समय र अन्य व्यवस्थापन

घ) तपाईंको अन्य केही सुझाव भएमा उल्लेख गर्नुहोस् ।

**तपाईंको सहभागीताको लागि धन्यवाद !**

# अनुसूचीः २ सन्दर्भ सूची


1. ACF, 2010. Food Security and Livelihood Assessments A Practical Guide for Field Workers
2. ADB 7762-NEP (2013) Final Report. Technical Assistance for the Preparation of the Agricultural Development Strategy, Asian Development Bank, June 2013.
3. Adhikari, Damodar. 2006. Towards Local Democracy in Nepal: Power and Participation in District Development Planning.
4. CARE International, 2005. A Conceptual Overview of Underlying Causes of Poverty.
5. CARE, 2002. Project Design Handbook.
6. DFID, 2003. Tools for Development: A handbook for those engaged in development activity
7. FAO 2010. Integrating Food Security, Nutrition and Good Governance in District Development Planning Through Advocacy, Social mobilisation and Capacity Strengthening: A Methodological Guide
8. FAO, 2011, A response analysis framework for food and nutrition security interventions : A Facilitation Guide. Food and Agriculture Organization of the United Nations. Rome
9. FAO, IFAD and WFP. 2013. The State of Food Insecurity in the World 2013. The multiple dimensions of food security. Rome, FAO
10. GON, Ministry of Finance, 2011. Budget Guidelines 2011. GON/MoF, Singhdurbar
11. GON, MoF, 2011 Budget Planning Guidelines (Fifth Revision), Singhadurbar, Kathmandu
12. GON, NPC, 2012. Multi-sector Nutrition Plan For Accelerating the Reduction of Maternal and Child Under-nutrition in Nepal 2013-2017, Singhadurbar, Kathmandu, Nepal.
13. GON, NPC 2001, Periodic Plan Development Guidelines. Singhadurbar, Kathmandu
14. नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०७०, नेपाल राष्ट्रिय अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं,
15. GON, NPC, 2013. Thirteenth Plan (FY 2013/14 - 2015/16) Approach Paper (unofficial translation). Singhdurbar, Kathmandu.
16. HPN, ODI, 2013. Response analysis and response choice in food security crises: a roadmap, HPN
17. International Food Policy Research Institute, Concern Worldwide Welthungerhilfe. 2014. Global Hunger Index: The Challenge of hidden hunger. Bonn / Washington, D.C. / Dublin
18. IPC Global Partners, 2012. Integrated Food Security Phase Classification, Technical Manual Version 2.0. Evidence and Standards for Better Food Security Decisions. FAO, Rome
19. MDF Tool: Problem Tree Analysis
20. नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय तथा संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम, २००९, जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन : श्रोत पुस्तिका
21. नेपालको संविधान २०७२
22. Ministry of Health and Population (MOHP) [Nepal], New ERA, and ICF International Inc. 2012. Nepal Demographic and Health Survey 2011. Kathmandu, Nepal: Ministry of Health and Population, New ERA, and ICF International, Calverton, Maryland.,

23. NPC, GON, 2013. National Monitoring and Evaluation Guidelines
24. NPC, MLD, UNDP, 1998. District Development Planning and Management –Manual for District Development Planners. Kathmandu
25. NPC, MOAD and WFP, 2013. NeKSAP framework document vers. 2. (draft)
26. The Food Economy Group, Save the Children. Practitioners' Guide to the Household Economy Approach
27. Rapid Assessment Procedures (RAP), JHU School of Public Health
28. UNDP, 2009. Handbook on planning, monitoring and evaluating for development results, UNDP
29. WFP, 2005. Nepal: Comprehensive Food Security and Vulnerability Analysis (CFSVA),
30. WFP, VAM 2009. Emergency Food Security Assessment Handbook second edition
31. WFP, WB, AusAid and UNICEF, 2013. Nepal Thematic Report on Food Security and Nutrition, Kathmandu, Nepal.
32. WFP. 2005. How to work with WFP: A Handbook for Non-Governmental Organizations (NGOs).

नेपाल सरकार
**कृषि विकास मन्त्रालय**
सिंहदरवार, काठमाडौं, नेपाल
**फोन** : ९७७-१-४२११९०५, ४२११८०८
**फ्याक्स** : ९७७-१-४२११९३५
**वेबसाईट** : www.moad.gov.np

9 789937 880350